बोदेबरसाईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बोदेबरसाईन, सप्तरी

# बोदेबरसाईन नगरपालिकाको आवधिक योजना

(२०८२।०८३-२०८६।२०८७)

अन्तिम प्रतिवेदन

असार, २०८२

परामर्शदाता

रेडियण्ट इन्जिनियरिगङ्ग एन्ड कन्स्ट्रक्सन सर्भिसेज प्रा. लि.

ललितपुर

**विषय सूची**


| | |
|---|---|
| परिच्छेद-१: परिचय | ७ |
| १.१ पृष्टभूमि | ७ |
| १.२ आवधिक योजनाको उद्देश्य | ८ |
| १.३ आवधिक योजना तर्जुमा बिधि र प्रक्रिया | ९ |
| परिच्छेद-२: नगरपालिकाको विद्यमान अवस्था र उपलब्धिको समीक्षा | १२ |
| २.१ नगरपालिकाको परिचय | १२ |
| २.२.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना | १२ |
| २.१.२ जनसांख्यिक अवस्था | १३ |
| २.२ विकासको विद्यमान स्थिति | २८ |
| २.२.१ आर्थिक विकासको अवस्था | २८ |
| २.२.१.१ निजी क्षेत्र, उद्योग व्यवसाय र रोजगारी | २८ |
| २.२.१.२ वित्तीय पहुँच | २८ |
| २.२.१.३ गरिबी र असमानता | २९ |
| २.२.२ सामाजिक विकासको अवस्था | २९ |
| २.२.३ पूर्वाधार तथा सहरी विकासको अवस्था | ३० |
| २.२.४ वातावरण तथा विपद व्यवस्थापनको अवस्था | ३१ |
| २.२.५ सुशासन तथा संस्थागत व्यवस्था | ३२ |
| २.३ उपलब्धिको समीक्षा | ३२ |
| २.३.१ ऐन कानुन तथा संस्थागत विकास | ३२ |
| २.३.२ भौतिक पूर्वाधार तथा ग्रामिण/सहरी विकास | ३३ |
| २.३.३ सामाजिक विकास | ३३ |
| २.३.४ महिला बालबालिका तथा सामाजिक न्याय | ३५ |
| परिच्छेद-३: नगरपालिका दीर्घकालीन सोच तथा विकासको अवधारण | ३६ |
| ३.१ विकासका प्रमुख सम्भावना तथा अवसर | ३६ |
| ३.२ प्रमुख समस्या तथा चुनौतीहरू | ३७ |
| ३.३ दीर्घकालीन सोच | ३७ |

| | |
|---|---|
| ३.४ निर्देशक सिद्धान्त | ३८ |
| ३.५ समष्टिगत लक्ष्य र उद्देश्य | ४१ |
| ३.५.१ लक्ष्य | ४१ |
| ३.५.२ उद्देश्यहरू | ४३ |
| ३.६ योजनाका प्रमुख प्राथमिकता | ४३ |
| ३.७ प्रमुख रणनीति | ४४ |
| परिच्छेद-४: विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति र प्रमुख कार्यक्रम | ४७ |
| ४.१ आर्थिक बिकासको ढांचा | ४७ |
| ४.१.१ कृषि र खाद्य सुरक्षा | ४८ |
| ४.१.२ पर्यटन विकास | ५४ |
| ४.१.३ उद्योग, व्यवसाय तथा व्यापार | ५९ |
| ४.१.४ बैक, वित्त तथा सहकारी | ६४ |
| ४.२ सामाजिक विकास योजना | ७० |
| ४.२.१ शिक्षा, विज्ञान तथा प्रविधि | ७० |
| ४.२.२ स्वास्थ्य तथा पोषण | ७५ |
| ४.२.३ युवा तथा खेलकुद | ८१ |
| ४.२.४ कला, भाषा तथा संस्कृति | ८५ |
| ४.३ पूर्वाधार विकास योजना | ८९ |
| ४.३.१ सडक, पुल तथा यातायात | ८९ |
| ४.३.२ सिँचाइ | ९३ |
| ४.३.३ बिद्युत र सञ्चार | ९७ |
| ४.४ वातावरण र विपद व्यवस्थापन | १०२ |
| ४.४.१ विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन | १०२ |
| ४.४.२ फोहोरमैला व्यवस्थापन | १०५ |
| ४.५ सुशासन तथा संस्थागत विकास | १०९ |
| परिच्छेद-५: कार्यान्यवन व्यवस्था | ११९ |
| ५.१ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना | ११९ |
| ५.२ विषयक्षेत्रअनुसार अनुमानित बजेट | ११९ |
| ५.३ स्रोत अनुमान तथा प्रक्षेपण | १२० |

| | |
|---|---|
| ५.४ स्रोत परिचालन रणनीति | १२२ |
| ५.५ आवधिक योजना कार्यान्वयन | १२३ |
| परिच्छेद-६: आवधिक योजना अनुगमन तथा मूल्यांकन | १२५ |
| ६.१ अनुगमन तथा मूल्यांकनको आवश्यकता | १२५ |
| ६.२ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी | १२६ |
| ६.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया | १२६ |


**तालिकाहरु**


*तालिका २.१: परिवार र जनसंख्याको वितरण* १४
*तालिका २.२: वडाअनुसार जनसंख्याको वितरण* १४
*तालिका २.३: वडा अनुसार पारिवारिक संरचना* १६
*तालिका २.४: भाषाअनुसारको जनसंख्या वितरण* १६
*तालिका २.५: जातजातिको जनसंख्या वितरण* १७
*तालिका २.६: धर्मअनुसार जनसंख्या वितरण* १८
*तालिका २.७: वडा अनुसार विधुवा र एकल महिला वितरण* १८
*तालिका २.८: विवाहको औसत उमेर* १९
*तालिका २.९: साठी र सो भन्दा बढी उमेरको जनसंख्या वितरण* २०
*तालिका २.१०: उमेर समूह अनुसार बालबालिकाको जनसंख्या वितरण* २०
*तालिका २.११: वडाअनुसार बालबालिकाको शैक्षिक स्थिति* २१
*तालिका २.१२: समग्र साक्षारता दर* २२
*तालिका २.१३: वडा अनुसार साक्षारता स्थिति* २२
*तालिका २.१४: जातजाति अनुसार जनसंख्या वितरण* २३
*तालिका २.१५: वडा अनुसार कृषि र गैर-कृषि क्षेत्रमा रोजगारको स्थिति* २४
*तालिका २.१६: आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या वितरण* २४
*तालिका २.१७: आर्थिक कामको औधोगिक क्षेत्रअनुसार जनसंख्या वितरण* २५
*तालिका २.१८: घरको स्वामित्व अनुसार परिवार संख्या* २५
*तालिका २.१९: इन्टरनेटको प्रयोग गर्ने परिवार संख्या (वडागत)* २६
*तालिका २.२०: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या* २६
*तालिका २.२१: शौचालय सुबिधा अनुसार परिवार संख्या* २७
*तालिका २.२२: खान पकाउन प्रयोग गरिने मुख्य इन्धनको आधारमा परिवार संख्या* २७

तालिका २.२३: सम्पन्नताको बर्गिकरणअनुसार परिवार संख्या २८
तालिका २.२४: नगरपालिकाको सडक सञ्जालको अवस्थ ३०
तालिका २.२५: शैक्षिक स्थिति ३४
तालिका ४.१: सिचाईका प्रमुख स्रोत तथा योजनाहरु ४८
तालिका ४.२: सिँचाइ सुबिधा ४८
तालिका ४.३: प्रमुख उत्पादन, सरदर मूल्य र उत्पादकत्व ४९
तालिका ४.४: कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ५१
तालिका ४.५: कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ५३
तालिका ४.६: पर्यटन विकासका लागि लिइने रणनीति तथा कार्यनीति रणनीति कार्यनीति ५६
तालिका ४.७: पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ५८
तालिका ४.८: उद्योग व्यवसाय र व्यापार क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ६१
तालिका ४.९: उद्योग व्यवसाय तथा व्यापार क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ६२
तालिका ४.१०: बैंक तथा वित्तीय संस्थाको विवरण ६४
तालिका ४.११: बैंक वित्त क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ६७
तालिका ४.१२: बैंक वित्त तथा सहकारी क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ६८
तालिका ४.१३: शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ७२
तालिका ४.१४: शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ७४
तालिका ४.१५: स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ७८
तालिका ४.१६: स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ८०
तालिका ४.१७: युवा तथा खेलकुद क्षेत्रको विकासमा लागि लिइने रणनीति तथा कार्यनीति ८३
तालिका ४.१८: युवा तथा खेलकुद क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ८४
तालिका ४.१९: कला भाषा तथा संस्कृति क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति ८६

तालिका ४.२०: कला भाषा र संस्कृति क्षेत्रको समुचित विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ८७
तालिका ४.२१: सडक, पुल तथा यातायात क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति ९१
तालिका ४.२२: सडक, पुल तथा यातायात क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ९२
तालिका ४.२३ : सडक पुल तथा यातायात क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्य तथा परिमाणात्मक लक्ष्य ९३
तालिका ४.२४: सिँचाइ क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति ९५
तालिका ४.२५: सिँचाइको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ९६
तालिका ४.२६: विद्युत्, वैकल्पिक ऊर्जा तथा संचार क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति ९९
तालिका ४.२७: विद्युत्, वैकल्पिक ऊर्जा तथा संचार क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना १००
तालिका ४.२८: वडागत बिगत ५ बर्षमा घटेका बिपद्हरु १०२
तालिका ४.२९: विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीति १०३
तालिका ४.३०: विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना १०४
तालिका ४.३१: फोहोरमैला व्यवस्थापन क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति १०६
तालिका ४.३२: फोहोरमैला व्यवस्थापन क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना १०७
तालिका ४.३३: संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति १११
तालिका ४.३४: संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ११५
तालिका ५.१: विषय क्षेत्रगत स्रोत अनुमान ११९
तालिका ५.२: प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट (रु. हजारमा) १२१
तालिका ५.३: अनुमानित बजेट तथा उपलब्ध बजेट प्रक्षेपण १२३
तालिका ६.१: आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा १२६
तालिका ६.२: आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया १२७
**एनेक्स एक : आवधिक योजना अवधिमा नगरपालिकाभित्र निर्माण/विस्तार/स्तरउन्नति गरिने सडकहरु १२९**

# परिच्छेद — एक : परिचय

## १.१ पृष्ठभूमि

नगर विकासको लागि संघ, प्रदेश र स्थानीय सरकारले बिगत देखिनै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेका छन्। नगरपालिकाभित्र नेपाल सरकारका केन्द्रीय, स्थानीय, निजी तथा सामुदायिक क्षेत्रहरूबाट योजना तथा कार्यक्रम संचालन भएतापनि जनताले अपेक्षा गरे बमोजिम उपलब्ध श्रोत साधनको महत्तम उपयोग गरि सर्वांगीण बिकाश गर्ने बिगतका प्रयाशहरुले आशातीत सफलता प्राप्त गर्न सकेको देखिदैन। छरिएर रहेका योजना तथा कार्यक्रम दोहोरिने, छुट्ने तथा एउटै प्रकृतिको कार्यका लागि एकै ठाँउमा एकभन्दा बढी संस्था संलग्न भएको देखिएकाले यस नगरपालिकामा योजनाबद्ध विकासको टड्कारो आवस्यकता देखिन्छ। नगर विकासको लागि आफ्नै योजना नभएको र नगरपालिकालाई आवश्यक वजेटको पुग्दो व्यवस्था समेत हुन नसक्दा योजना र कार्यान्वयन बीच ठूलो खाडल रहेको विद्यमान स्थिति छ।

नगरपालिकाको दीर्घकालीन विकासको सोच राखेर माथि उल्लेखित कमी कमजोरीलाई क्रमशः हटाउदै जान स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरको व्यवस्थित विकासको लागि आवधिक नगर विकास योजना तर्जुमा गरी तदनुरुप कार्यान्वयनमा जान निदीष्ट गरेको छ। जसअनुसार नगरपालिकाले नगरको दीर्घकालीनसोचको आधारमा लक्ष्य, उद्देश्य, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता निर्धारण गरी नगर विकासको लागि समग्रमा आधारित आवधिक र वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ र यसरी तयार पारेको आवधिक योजनाले निर्धारित गरेको योजना कार्यान्वयन गर्न सहयोग पुग्ने किसिमले राष्ट्रिय योजना आयोग र सम्बन्धीत मन्त्रालयहरूले अनुदान, आवश्यक नीति र मार्गदर्शन उपलब्ध गराउनु पर्ने हुन्छ।

नेपालको संविधानले मुलुकलाई संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रूपान्तरण गर्दै तीन तहका सरकारलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित निकायहरूका रूपमा स्थापित गरेको छ। संविधानले नै स्थानीय तहलाई आफनो विशिष्ट विशेषताअनुसार शान्ति, समृद्धि, स्थायित्व तथा विकासका लागि आवश्यक नीति तथा योजना बनाएर बघि बढने अधिकार प्रत्यायोजित गरिएको छ। सोही संवैधानिक अधिकारको सदुपयोग गर्दै बोदे बरसाइन नगरपालिकाले प्रथम आवधिक योजना तर्जुमा गरेको छ।

जनसहभागितामा आधारित सहभागितामूलक योजना तर्जुमा पद्धति प्रयोग गरेर विकासप्रतिको जनताको भावना तथा चाहनाहरू संकलन गरि यो योजना तर्जुमा गरिएकोछ । त्यसका साथै नगरपालिकाभित्रका सूचनाहरू, नेपालको संविधान, ऐन, कानुन, नीति, नियमहरू एवम प्रतिवेदनहरूको संकलन गरी द्वितीय सूचनाहरूको विश्लेषणमार्फत प्राप्त नतिजालाई पनि उपयोग गरिएको छ । नगरपालिकाभित्र र नजिकका सरोकारवालाहरूसँग अन्तर्क्रियामार्फत अभिमत संकलन एवम आन्तरिक तथा बाहय स्रोतहरूको विस्तृत लेखाजोखा, व्याख्या एवम विश्लेषण गरेर यो योजना तयार गरिएको छ ।

यो एक गतिशील दस्तावेज भएकाले यसले बोदे बरसाइन नगरपालिकाको आगामी नेतृत्वलाई पनि नगरको विकासलाई कसरी अघि बढाउने भन्ने विषयमा मार्गनिर्देश गर्नेछ । सो अवसरमा नगरपालिकामा सिजित नयाँ अवसर तथा चुनौती सापेक्ष हुने गरेर अझ सकारात्मक परिणामहरू प्राप्त गर्ने गरी यसलाई अद्यावधिक गर्न सहज हुनेछ । साथै सालबसाली रूपमा तर्जुमा हुने वार्षिक नीति तथा कार्यक्रममार्फत पनि थप परिमार्जन तथा सुधार गर्दै जाने अवसर यो दस्तावेजमा छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दीष्ट गरे बमोजिम तथा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) अनुसार बोदे बरसाइन नगरपालिकाको आवधिक योजना बनाउनु पर्ने हुन्छ। बोदे बरसाइन नगरपालिकाको विकासलाई मार्ग निर्देशन गर्न र नगरबासीको सहभागिता तथा स्वामित्वमा नगरको समृद्धि र विकासका लागि योजनाबद्ध रूपमा विकास कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गर्नु यो आवधिक योजनाको प्रमुख उद्देश्य हो । स्थानीय स्रोतसाधन तथा नागरिकहरूको दक्षता र क्षमता अभिवृद्धि गर्न, नगरपालिकामा सशासन र कुशल सेवा प्रवाहको प्रत्याभति गराउँदै समाजवाद उन्मुख, सहभागितामूलक र समावेशी अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउन पनि यो आवधिक योजना तयार गरी लागु गरिएको छ । यस आवधिक योजनाले हरित क्रान्ति र समाबेशी बिकासः समृद्ध बोदे बरसाइनको मुख्य आधारको दीर्घकालीन सोचलाई आत्मसात गर्दै वतावरणीय सन्तुलनसहितको हरित, समावेशी र उत्थानशील विकासलाई सुनिश्चित गर्ने उद्देश्य यो योजनाले राखेको छ ।

सहभागितामुलक योजना पद्धतिलाई नगरस्तरमा संस्थागत गर्न स्रोत, साधन तथा निर्णय प्रक्रियामा पहुँच नपुगेका बस्ती, समुदाय, जनजाति, लिङ्ग, र वर्गहरूको पहुँच पुऱ्याउने यसको अर्को उद्देश्य रहेको छ । समन्वित ढंगले राष्ट्रियस्तरका योजना, विषयगत योजना र स्थानीय आवधिक योजना वीच तालमेल र कार्यगत एकताका स्थापित गराउनु यस योजनाको अर्को उद्देश्य रहेको छ । नगरका विकास साझेदारहरू बीच आपसी सम्बन्ध, कार्यगत समन्वय र साझेदारीपनको विकास गर्ने यस योजनाको विशिष्ट उद्देश्य रहेको छ ।

सीमित स्रोत र साधनको समुचित प्रयोग तथा उपयोग गरि अपेक्षित प्रतिफल साँच्चीकै आवश्यक वर्गसम्म पुऱ्याउनको लागि कार्यक्रमहरूको तर्जुमा र बजेट विवरणमा समन्यायिकता हासिल गर्ने यस आवधिक योजनाको उद्देश्य रहेको छ ।

सुशासन, पारदर्शिता, जवाफदेहिता, समावेशिता, चुस्त र स्फर्त सेवा प्रवाहका माध्यमले समग्र नगरपालिकाको विकासमा जनसहभगिताद्वारा नगरपालिकाका कार्यक्रमहरूमा नागरिकहरूको स्वामित्व अभिवृद्धि गरी नगरपालिकाप्रति गौरवान्वित हुने वातावरण निर्माण गर्ने तर्फ यो योजना परिलक्षित हुनेछ।

## १.३ आवधिक योजना तर्जुमा बिधि र प्रक्रिया

यस नगरको आवधिक योजना तयार पार्नको लागि अपनाइएको प्रक्रियामा प्रारम्भिक स्थलगत भ्रमण, सन्दर्भ सामग्रीको अध्ययन, विस्तृत स्थलगत अध्ययन, योजना कार्यशाला गोष्ठी, विषयगत बैठक तथा कार्यशालाहरू, सङ्कलित तथ्याङ्क तथा जानकारीहरूको तथ्यगत एवं वस्तुगत विश्लेषण, समस्या, मुद्दा तथा अवसरहरूको पहिचान र प्रस्तावित योजना लेखन प्रमुख रहेका छन् ।

यस योजना तर्जुमा प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, संघ, प्रदेश र स्थानीय तहबीच अन्तसम्बन्ध तथा संविधानका अनुसूची ८ र ९ ले गरेका व्यवस्थाहरूलाई ध्यान दिइएको छ।

योजना टोलीले आवधिक योजना तर्जुमा सम्बन्धि परिचयात्मक र अभिमुखीकरण कार्यक्रम गरि वडास्तरमा बिषयगत क्षेत्रको तथ्यांक (वर्तमान अवस्था, हाल संचालित कार्यक्रमको SWOT analysis, ग्यापको विश्लेषण र माग भएका कार्यक्रम० संकलन र स्थलगत यथार्थको आंकलन सम्पन्न गरेको थियो। प्रारम्भिक भ्रमणबाट प्राप्त स्थलगत वास्तविकता र सङ्कलित द्वितीय स्तरको

तथ्याङ्कहरूको अध्ययनको आधारमा योजना तर्जुमा गर्न अपनाइएका प्रक्रिया तथा विधिहरू विस्तृत स्थलगत अध्ययनको लागि आवश्यक पर्ने तथ्यांक सङ्कलन गर्ने औजारहरू (प्रश्नावली, चेकलिष्ट, मुख्य जानकार व्यक्ति तथा संघसंस्थाहरूको फेहरिस्त इत्यादि) तयार पारी स्थलगत भ्रमण गर्ने कार्य सम्पन्न गरिएको थियो। स्थलगत भ्रमणको दौरानमा बोदे बरसाइन नगरपालिकाको १० वटै वडाहरूमा वडास्तरीय भेला सम्पन्न गरी स्थानीय स्तरका सामाजिक, आर्थिक, भौतिक एवं वातावरणीय समस्याहरूको बारेमा छलफल गरिएको थियो। साथै योजना टोलीका विभिन्न विषयगत विशेषज्ञद्वारा सामाजिक, आर्थिक, वातावरणीय तथा भौतिक स्थितिको बारेमा प्रारम्भिक स्तरको तथ्य सङ्कलन एवं बोदे बरसाइन नगरपालिकाको विद्यमान स्थितिको प्रत्यक्ष अवलोकन तथा आंकलन गरिएको थियो।

यसरी स्थलगत अध्ययन र समन्वय समितिसँगको छलफल र विषयगत समितिहरूसँगको छलफल तथा कार्यशालाबाट निम्न पक्षहरूको पहिचान एवं आंकलन गरिएको थियो।

- वडा स्तरीय भेलाबाट वडा स्तरमा रहेका भौतिक, सामाजिक एवं आर्थिक, वातावरणीय एवं संस्थागत समस्याहरू तथा मुद्दाहरू, बिकासका सम्भावनाहरू र चुनौती तथा जोखिमहरूको पहिचान सम्पन्न गरिएको थियो।
- योजना टोलीका सम्बन्धीत विषयमा विशेषज्ञद्वारा प्रत्यक्ष अवलोकन तथा प्राथमिक तथ्याङ्क श्रोतको आधारमा भौतिक, वातावरणीय, आर्थिक तथा सामाजिक अवस्थाको चित्रण गरिएको थियो।

यी विभिन्न चरणमा गरिएका स्थलगत अध्ययन, सन्दर्भ सामग्रीको अध्ययन, समन्वय समिति, वडा भेला तथा विषयगत समितिहरूसँग गरिएको छलफलबाट आएका तथ्य, सुझाव एवं नीति निर्देशनहरूको बृहत विश्लेषणबाट योजना तर्जुमाका प्रक्रियामा निम्न नतिजाहरू निकालिएका थिए।

क. प्राथमिक तथा द्वितीय स्तरका तथ्याङ्क, प्रत्यक्ष अवलोकन तथा अन्य डाटा श्रोतको आधारमा नगरपालिकाको वस्तुस्थिति तयार पारिएको ।

ख. वडा स्तरीय भेला, समन्वय समिति, विषयगत समिति तथा सरोकारवालाहरूसँग विभिन्न चरणमा गरिएको बैठक, कार्यशाला गोष्ठी तथा औपचारिक एवं अनौपचारिक छलफलबाट विषयगत समस्या, चुनौती, अवसर तथा जोखिम

पक्षहरूको पहिचान गरी नगर विकासको समष्टिगत लक्ष्य, विषयगत लक्ष्य, उद्देश्य, नतिजाहरू र यसका लागि आवश्यक पर्ने विषयगत रणनीतिहरू पहिचान एवं निर्दीष्ट गर्ने कार्य गरिएको थियो ।

ग. यसरी नगरको वस्तुगत चित्र तथा लक्ष्य एवं उद्देश्यहरूको आधारमा बोदे बरसाइन नगरपालिका नगर विकासको लागि प्रस्तावित योजना तयार गर्ने कार्य सम्पन्न गरिएको थियो ।

यसरी तयार पारिएको आवधिक योजनालाई कार्यशाला गोष्ठीको आयोजना गरी प्राप्त सुझावहरूलाई वस्तुपरक विश्लेषण गरी प्रतिवेदन पेश गरिएको छ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहहरूको आवधिक योजना तर्जुमा दिग्दर्शनले उपलब्ध गराएको ढाँचा र संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको गाइडलाइनमा आधारित भएर यो आवधिक योजनाको दस्तावेज तयार गरिएको छ ।

योजना पहिलो मस्यौदा तयार भएपछि बोदे बरसाइन नगरपालिकाका विगत तीन वर्षका नीति तथा कार्यक्रमहरू, नेपाल सरकारका नीति, कार्यक्रम तथा विकास योजनाहरूको कार्यान्वयन र प्राप्त अनुभवका आधारमा आवधिक योजनाको मस्यौदामा आवश्यक पुनरवलोकन गरिएको छ। त्यसरी, अन्तिम स्वरूप प्राप्त भएको मस्यौदा योजनालाई त्रिवर्षीय योजना सहजीकरण समितिमार्फत कार्यपालिकामा प्रस्तुत गरी कार्यपालिकाको नियमित प्रक्रियाअनुसार स्वीकृत गरियो।

# परिच्छेद — दुई :

# नगरपालिकाको विद्यमान अवस्था र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

### २.२.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

बोदे बरसाईन  नगरपालिका नेपालको मधेश प्रदेश अन्तर्गत सप्तरी जिल्लामा अवस्थित छ। यो नगरपालिका जिल्लाको पूर्वी तराई क्षेत्रमा पर्दछ र यसको भौगोलिक अवस्थिति २६.२२ मिनेट उत्तरी अक्षांश र ८६.४५ मिनेट पूर्वी देशान्तरमा रहेको छ। नगरपालिकाको कुल क्षेत्रफल ५८.९३ वर्ग किलोमिटर छ, र यो समुन्द्र सतहबाट ६८ मिटरदेखि ८० मिटर उचाइमा फैलिएको छ। नगरपालिकाको जम्मा क्षेत्रफल ५८.९३ वर्ग किलोमीटर रहेको छ । यहाँ तराईको समथर भू-संरचना पाइन्छ। यस नगरपालिकाको पूर्वमा खडक नगरपालिका, पश्चिममा बलान-विहुल गाउँपालिका, उत्तरमा खडक नगरपालिका र दक्षिणमा भारतको बिहार राज्य पर्दछ। नगरपालिकाको केन्द्र बोदे बरसाईन बजारमा रहेको छ। यो क्षेत्रमा कोशी नदी, खडक नदी र बलान नदी जस्ता प्रमुख नदीहरूले नगरपालिकाको कृषि र अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याईरहेका छन्। यहाँको उर्वर भूमि र तराईको जलवायुले भौगोलिक महत्त्वलाई अझ बढाएको छ।

बोदे बरसाईन नगरपालिका नेपालको संविधान २०७२ अनुसार स्थापित एक स्थानीय तह हो। यहाँको राजनीतिक संरचना स्थानीय सरकारको ढाँचामा आधारित छ, जसमा नगर कार्यपालिका मुख्य अंगको रूपमा रहन्छ।

- नेतृत्व: नगरपालिकाको नेतृत्व मेयरले गर्छन्, जो प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा चुनिन्छन्। मेयरको सहयोगमा उपमेयर र वडा अध्यक्षहरूले नगरको प्रशासन र विकास कार्य सञ्चालन गर्छन्।
- वडा संख्या: नगरपालिकामा कुल १० वटा वडा छन्। प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र सदस्यहरू नगर कार्यपालिकामा सहभागी हुन्छन्।

- कार्यपालिकाको संरचना: नगर सभाबाट ४ महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट २ सदस्य पनि कार्यपालिकामा निर्वाचित हुन्छन्।

बोदे बरसाईन नगरपालिकाको प्रशासनिक संरचना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सञ्चालित छ। नगरपालिकाको प्रशासनिक नेतृत्व प्रमुख प्रशासकीय अधिकृतले गर्छन्, जसले नगर कार्यपालिकाको सचिवको भूमिका पनि निर्वाह गर्छन्। उनीहरूले निम्न कार्यहरू सम्पादन गर्छन्:

- नगर सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन
- वार्षिक कार्यक्रम र बजेट तर्जुमा
- आर्थिक कारोबारको अभिलेख र लेखापरीक्षण

नगरपालिकामा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास जस्ता सेवाहरू प्रदान गर्न विभिन्न विभाग वा शाखाहरू स्थापना गरिएका छन्। यी शाखाहरूले नगरवासीहरूलाई आधारभूत सुविधा र सेवा पुऱ्याउँछन्। नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी विकास परियोजनाहरू सञ्चालन गर्छ।

## २.१.२ जनसांख्यिक अवस्था

- परिवार संख्या र जनसंख्या बिवरण:

बोदे बरसाईन नगरपालिकाको जनसंख्या विवरणले यहाँको सामाजिक र जनसांख्यिक अवस्थाको महत्त्वपूर्ण जानकारी प्रदान गर्छ। कुल ९,७२२ परिवारमा ४६,०१७ व्यक्ति बसोबास गर्छन्। यसबाट औसत परिवार आकार ४.७३ व्यक्ति प्रति परिवार रहेको देखिन्छ। यो नेपालको राष्ट्रिय औसत (४.८८) भन्दा थोरै कम हो, जसले यहाँका परिवारहरू मध्यम आकारका छन् भन्ने संकेत गर्छ।

पुरुष जनसंख्या ४९.८% र महिला जनसंख्या ५०.२% छ। लैंगिक अनुपात ९९.२२ छ, जुन लगभग समान लैंगिक वितरण देखाउँछ। यो सामाजिक स्थिरताको दृष्टिकोणले सकारात्मक संकेत हो।

वार्षिक वृद्धिदर ०.६% छ, जुन नेपालको राष्ट्रिय औसत (१.३५%) भन्दा निकै कम हो। यो कम वृद्धिदरले जनसंख्या स्थिर रहेको वा बसाइँसराइका कारण बाहिरिने क्रम जारी रहेको संकेत गर्न सक्छ। यसको पछाडि कम जन्मदर वा अन्य सामाजिक-आर्थिक कारणहरू हुन सक्छन्।

जनघनत्व ७८१ व्यक्ति प्रति वर्ग किलोमिटर छ, जुन नेपालको राष्ट्रिय औसत (१८० व्यक्ति प्रति वर्ग किलोमिटर) भन्दा धेरै उच्च हो। यो उच्च घनत्वले बोदे बरसाईन शहरी वा अर्ध-शहरी क्षेत्र भएको देखाउँछ। यसले आवास, पूर्वाधार, र सार्वजनिक सेवामा दबाब सिर्जना गर्न सक्छ।

*तालिका २.१: परिवार र जनसंख्याको वितरण*

| परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसंख्या वृद्धिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| ९७२२ | ४६०१७ | २२९१८ (४९.८%) | २३०९९ (५०.२%) | ४.७३ | ९९.२२ | ०.६ | ७८१ |

(श्रोतः नेपालको जनगणना २०७८)

- **वडाअनुसार जनसंख्याको आकारः**

बोदे बरसाईन नगरपालिकाको वडाअनुसार जनसंख्याको आकारको विश्लेषण निम्नानुसार छ। यहाँ कुल जनसंख्या ४६,०१७ छ, जुन १० वटा वडाहरूमा वितरित छ। प्रत्येक वडाको जनसंख्या फरक-फरक छ, र यसले नगरपालिकाभित्र जनसंख्याको असमान वितरणलाई देखाउँछ।

*तालिका २.२: वडाअनुसार जनसंख्याको वितरण*


| वडा | जनसंख्या |
|---|---|
| १ | ४१७० |
| २ | ५२३५ |
| ३ | ५९३५ |
| ४ | १७१३ |
| ५ | ६१६३ |
| ६ | ३१७८ |
| ७ | ४४१२ |
| ८ | ४५२३ |
| ९ | ५२६६ |
| १० | ५४२२ |
| कूल जनसंख्या | ४६०१७ |

(श्रोतः नेपालको जनगणना २०७८)

माथि उल्लिखित तालिकाअनुसार सबैभन्दा धेरै जनसंख्या वडा नं. ५ मा ६,१६३ जना छन्, जुन नगरपालिकाको सबैभन्दा ठूलो जनसंख्या हो। त्यसैगरि, सबैभन्दा कम जनसंख्या: वडा नं. ४ मा १,७१३ जना छन्, जुन औसतको तुलनामा निकै कम हो। कुल जनसंख्या ४६,०१७ लाई १० वडाले भाग गर्दा औसत जनसंख्या लगभग ४,६०२ हुन्छ। वडा नं. २, ३, ५, ९, र १० औसतभन्दा माथि छन्, भने वडा नं. १, ४, ६, ७, र ८ औसतभन्दा तल छन्। उच्च जनसंख्याको भएका वडा ३ र ५ मा शिक्षा, स्वास्थ्य, र पूर्वाधारको माग बढी हुन सक्छ। न्यून जनसंख्याको भएको वडा ४ जस्ता क्षेत्रमा विकास र सेवाहरूको पहुँच कम हुन सक्छ, जसले लक्षित विकास कार्यक्रमको आवश्यकता देखाउँछ।

- वडा अनुसार लैङ्गिक अनुपात

बोदे बरसाईन नगरपालिकाका अधिकांश वडाहरूमा लैङ्गिक अनुपात ९०.८% छ, जसले पुरुषको तुलनामा महिलाको संख्या केही बढी रहेको देखाउँछ। वडा ५ मा अनुपात ८२.२% छ, जुन सबैभन्दा कम हो र महिलाको संख्या उल्लेखनीय रूपमा बढी रहेको संकेत गर्छ। यसैगरी, वडा ६ (१००.६%) र वडा १० (१००.९%) मा पुरुषको संख्या महिलाको भन्दा थोरै बढी छ। यो भिन्नताले नगरपालिकामा लैङ्गिक सन्तुलनमा विविधता रहेको र प्रत्येक वडाको विशिष्ट सामाजिक-आर्थिक अवस्थाअनुसार नीति निर्माण गर्नुपर्ने आवश्यकता देखाउँछ।




(श्रोतः नेपालको जनगणना २०७८)

- ### वडा अनुसार पारिवारिक संरचना

बोदे बरसाईन नगरपालिकाको अधिकांश वडाहरूमा संयुक्त परिवारको संख्या र प्रतिशत एकल परिवारको भन्दा बढी छ। वडा ६ मात्र अपवाद हो, जहाँ एकल परिवारको प्रतिशत (५२%) संयुक्त परिवारको भन्दा बढी छ। यसले नगरपालिकामा संयुक्त परिवारको प्रचलन बलियो रहेको देखाउँछ, जुन नेपाली समाजको परम्परागत पारिवारिक संरचनासँग मेल खान्छ।

*तालिका २.३: वडा अनुसार पारिवारिक संरचना*

| वडा | एकल | प्रतिशत | संयुक्त | प्रतिशत |
|---|---|---|---|---|
| १ | १८६५ | ४४.७ | २३०५ | ५५.३ |
| २ | २१६३ | ४१.३ | ३०७२ | ५८.७ |
| ३ | २८७७ | ४८.५ | ३०५८ | ५१.५ |
| ४ | ७१२ | ४१.६ | १००१ | ५८.४ |
| ५ | २२२४ | ३६.१ | ३९३९ | ६३.९ |
| ६ | १६५१ | ५२ | ५१२७ | ४८ |
| ७ | २०११ | ४५.६ | २४०१ | ५४.४ |
| ८ | २०८० | ४६ | २४४३ | ५४ |
| ९ | २४७९ | ४७.१ | २७८७ | ५२.९ |
| १० | २६५४ | ४९ | २७६८ | ५१ |

(श्रोत: नेपालको जनगणना २०७८)

- ### पुर्खाको भाषाअनुसारको जनसंख्या

भाषागत हिसाबले हेर्दा यस नगरपालिकामा मैथलीको प्रभुत्व (९०.१%) देखिन्छ। नगरपालिकाको सांस्कृतिक र भाषागत पहिचान मैथलीमा केन्द्रित छ। यसले तराईको मधेशी संस्कृति प्रतिनिधित्व गर्दछ। दोश्रो स्थानमा रहेको थारुहरू आदिवासी जनजाति (४.९%) को रूपमा महत्त्वपूर्ण भूमिका राख्दछन्।

*तालिका २.४: भाषाअनुसारको जनसंख्या वितरण*

| भाषा | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|
| मैथली | ४१४४५ | ९०.१ |
| थारु | २२६८ | ४.९ |
| उर्दु | २११६ | ४.६ |
| नेपाली | ११० | ०.२ |
| हिन्दी | ५५ | ०.१ |

| | | |
|---|---|---|
| भोजपुरी | २० | ०.०४ |
| मुसलमान | १४ | ०.०३ |
| अन्य | १० | ०.०२ |

(श्रोतः नेपालको जनगणना २०७८)

- ## जातजातिको जनसंख्या प्रतिशत

जातिगत रुपले यस नगरपालिकामा **यादवको प्रभुत्व (२८.४%)** रहेको छ। कृषि र पशुपालनमा सक्रिय यो **मैथली भाषी समुदाय** सामाजिक-राजनीतिक रूपमा प्रभावशाली छ। त्यसैगरि, २ प्रतिशतको हाराहारीमा रहेका हजाम/ठाकुरहरुको उपस्थिति यहाँ कम्जोर रहेको छ। **सामाजिक रूपमा पिछडिए समुदाय**हरु जस्तैः **चमार** (चर्मकार), **मुसहर** (शिकारी), **तत्मा** (जुलाहा) लगायत समूहहरू उत्थानमा बिशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

*तालिका २.५: जातजातिको जनसंख्या वितरण*

| जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| यादव | ११६१७ | २८.४ |
| तेली | ७८१७ | ११.१ |
| मुसलमान | ५०८६ | १२.४ |
| थारु | ३८०० | ९.३ |
| तत्मा/तत्वा | ३०८२ | ७.५ |
| खत्वे | २९६३ | ७.३ |
| चमार/हरिजन/राम | २३३७ | ५.७ |
| मुसहर | २१६१ | ५.३ |
| धानुक | १२०६ | ३.० |
| हजाम ठाकुर | ७९७ | २.० |

(श्रोतः नेपालको जनगणना २०७८)

- ## धर्मअनुसार जनसंख्या प्रतिशत

यो नगरपालिकाको धर्म अनुसारको जनसंख्या वितरण हेर्दा हिन्दु धर्म मान्यको बहुलता (८८.७%) देखिन्छ। स्थानीय संस्कृति, पर्व (दशैं, तिहार, चैतदश) र धार्मिक स्थलहरू (शिव मन्दिर, दुर्गा स्थान) मा हिन्दु प्रभाव प्रमुख छ। यादव, तेली, थारु, तत्मा जस्ता जातिहरू अधिकांश हिन्दु छन्।

*तालिका २.६: धर्मअनुसार जनसंख्या वितरण*

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४०८३२ | ८८.७ |
| इस्लाम | ५०९८ | ११.१ |

(श्रोतः नेपालको जनगणना २०७८)

- वडा अनुसार विधुवा र एकल महिला

यहाँ बोदे बरसाईन नगरपालिकाको वडा अनुसार एकल र विधवा महिलाहरूको जनसङ्ख्या जनगणना २०७८ (सन् २०२१) को आधारमा प्रस्तुत गरिएको छ। यो तथ्याङ्कले क्षेत्रमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था र सामाजिक सुरक्षा आवश्यकताको महत्त्वपूर्ण चित्रण गर्दछ।

*तालिका २.७: वडा अनुसार विधुवा र एकल महिला वितरण*

| वडा | एकल | प्रतिशत | बिधुवा/बिदुर | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३ | ६.५ | १११ | ६.४ |
| २ | १८६ | ८.५ | १७९ | ८.२ |
| ३ | १४० | ५.८ | १३२ | ५.५ |
| ४ | ५५ | ७.९ | ५४ | ७.७ |
| ५ | २०१ | ७.८ | १८९ | ७.३ |
| ६ | ८० | ६.२ | ७७ | ५.९ |
| ७ | १४५ | ७.९ | १३९ | ७.६ |
| ८ | १०३ | ५.५ | ९० | ४.८ |
| ९ | १२४ | ६.० | ११८ | ५.७ |
| १० | १३९ | ६.२ | १३३ | ५.९ |

(श्रोतः नेपालको जनगणना २०७८)

तथ्यांक अनुसार वडा २ र ७ मा एकल महिला र बिधुवाको प्रतिशत उच्च रहेको छ। वडा २ मा एकल महिला ८.५% र विधवा ८.२% रहेको छ भने वडा ७ मा एकल ७.९% र विधवा ७.६% रहेको छ। त्यसैगरि, वडा ८ मा एकल (५.५%) र विधवा (४.८%) को न्यूनतम प्रतिशत रहेको छ।

- ## बिबाहको औसत उमेरः

नगरपालिकाको पुरुषको विवाहको औसत उमेर २०.१५ वर्ष र महिलाको औसत उमेर १७.४३ वर्ष छ, जसले लैङ्गिक असमानता (२.७२ वर्षको अन्तर) र बाल विवाहको चलन झल्काउँछ। यो अन्तर राष्ट्रिय न्यूनतम विवाह उमेर (पुरुष २०, महिला २० वर्ष) भन्दा पनि कम छ।

*तालिका २.८: विवाहको औसत उमेर*

| वडा | बिवाहको औसत उमेर (पुरुष) | बिवाहको औसत उमेर (महिला) |
|---|---|---|
| १ | १८.८ | १६.३ |
| २ | २०.४ | १७.२ |
| ३ | २०.१ | १७.४ |
| ४ | २१.१ | १७.९ |
| ५ | २१.१ | १७.४ |
| ६ | २० | १७.९ |
| ७ | २०.३ | १७.६ |
| ८ | २०.५ | १७.८ |
| ९ | १९.३ | १७.१ |
| १० | १९.९ | १७.३ |

(श्रोतः नेपालको जनगणना २०७८)

पुरुषहरूको विवाहको औसत उमेर वडा ४ र ५ मा सबैभन्दा उच्च (२१.१ वर्ष) छ, जबकि वडा १ मा यो न्यूनतम (१८.८ वर्ष) छ। यसैगरी महिलाहरूको विवाह उमेर वडा ४ र ६ मा (१७.९ वर्ष) उच्च स्तरमा रहेको छ, तर वडा १ मा यो मात्र १६.३ वर्षमा सीमित छ। यो भिन्नता स्थानीय सामाजिक-आर्थिक अवस्था, शैक्षिक पहुँच र सांस्कृतिक प्रथाहरूको प्रतिबिम्ब हो। बाल विवाहको चिन्ताजनक अवस्था नगरपालिकाभर व्याप्त रहेको तथ्यांकले देखाउछ। महिलाहरूको औसत विवाह उमेर १७.४३ वर्ष रहेको छ जुन कानूनी न्यूनतम सीमा (२० वर्ष) भन्दा २.५७ वर्ष कम हो। विशेषगरी वडा १ मा यो १६.३ वर्षसम्म झरेको छ जुन राष्ट्रिय तहमा पनि सबैभन्दा न्यून स्तरहरू मध्ये एक हो।

- ## ६० र सो भन्दा बढी उमेरको जनसंख्या

बोदे बरसाईन नगरपालिकामा ६० वर्ष र सोभन्दा माथिको जनसंख्याको औसत दर १०.६% छ, जुन नेपालको राष्ट्रिय औसत ८.५% भन्दा बढी हो। यसले जनसांख्यिकीय चुनौतीको संकेत

गर्दछ। वडा अनुसार वृद्धजनको सबैभन्दा उच्च दर वडा ७ (१२.३%, ५४४ जना) र वडा ६ (११.८%, ३७४ जना) मा रहेको छ। त्यसैगरि, न्यूनतम दर वडा ९ (७.९%, ४१६ जना) रहेको छ। तथ्यांकले यस वडामा युवा जनसङ्ख्या बढी रहेको संकेत गर्दछ। चिन्ताको क्षेत्रको रुपमा वडा २ (११.६%), ३ (१०.२%), र ५ (१०.०%) रहेका छन्, जहाँ वृद्धजनको दर उच्च छ। उक्त वडाहरुले सामाजिक सुरक्षा प्रणालीमा दबाब बढाउने देखिन्छ।

*तालिका २.९: साठी र सो भन्दा बढी उमेरको जनसंख्या वितरण*

| वडा | प्रतिशत |
|---|---|
| १ | १०.७ (४१७० मा ४४७ ) |
| २ | ११.६ (५२३५ मा ६०८ ) |
| ३ | १०.२ (५९३५ मा ६०५ ) |
| ४ | १०.४ (१७१३ मा १७८ ) |
| ५ | १०.० (६१६३ मा ६१४ ) |
| ६ | ११.८ (३१७८ मा ३७४ ) |
| ७ | १२.३ (४४१२ मा ५४४ ) |
| ८ | १०.५ (४५२३ मा ४७५ ) |
| ९ | ७.९ (५२६६ मा ४१६ ) |
| १० | ११.० (५४२२ मा ५९८ ) |

(श्रोतः नेपालको जनगणना २०७८)

- उमेर समूह अनुसार बालबालिकाको जनसंख्या

*तालिका २.१०: उमेर समूह अनुसार बालबालिकाको जनसंख्या वितरण*

| उमेर समूह | पुरुष (प्रतिशत) | महिला (प्रतिशत) |
|---|---|---|
| ००-०४ | १३.४ | १०.६ |
| ०५-०९ | १३.६ | ११.६ |
| १०-१४ | १४.० | १२.६ |
| १५-१९ | १२.६ | ११.६ |

(श्रोतः नेपालको जनगणना २०७८)

- बालबालिकाको शैक्षिक स्थिति (वडागत)

बोदे बरसाईन नगरपालिकाको वडाहरूमा बालबालिकाको शैक्षिक स्थिति नेपालको जनगणना २०७८ को आधारमा निम्नानुसार विश्लेषण गरिएको छ। तथ्यांकले दुई मुख्य संकेतकहरू

समावेश गर्छ: बिगतमा स्कूल/कलेज नगएका र कहिल्लै स्कूल/कलेज नगएका बालबालिकाहरूको प्रतिशत। प्रत्येक वडामा कुल बालबालिका संख्याको आधारमा यो गणना गरिएको छ।

*तालिका २.११: वडाअनुसार बालबालिकाको शैक्षिक स्थिति*

| वडा | बिगतमा स्कूल कलेज नगएका (प्रतिशत) | कहिल्लै स्कूल कलेज नगएका (प्रतिशत) |
|---|---|---|
| १ | ५.६ (१०८२ मा ६१) | ६.३ (१०८२ मा ६८) |
| २ | ६.५ (१२६६ मा ८२) | ९.९ (१२६६ मा १२५) |
| ३ | ४.५ (१६२५ मा ७३) | ८.१ (१६२५ मा १३२) |
| ४ | ५.५ (४५७ मा २५) | ८.१ (४५७ मा ३७) |
| ५ | ६.८ (१६५६ मा ११३) | ५.३ (१६५६ मा ८८) |
| ६ | ६.९ (८६० मा ५९) | १०.८ (८६० मा ९३) |
| ७ | ५.३ (११४८ मा ६१) | ८.२ (११४८ मा ९४) |
| ८ | ३.७ (१२५५ मा ४६) | ४.१ (१२५५ मा ५२) |
| ९ | ५.० (१५५५ मा ७७) | ६.५ (१५५५ मा १०१) |
| १० | ५.८ (१४५५ मा ८४) | १२.८ (१४५५ मा १८६) |

(श्रोत: नेपालको जनगणना २०७८)

बोदे बरसाईन  नगरपालिकामा बालबालिकाको शैक्षिक स्थिति वडागत रूपमा फरक छ। वडा ८ शैक्षिक पहुँचमा अग्रणी छ (३.७% र ४.१%), जबकि वडा १० (१२.८%) र वडा ६ (१०.८%) मा सुधारको आवश्यकता छ। समग्रमा, औसत ५.५% (बिगतमा नगएका) र ८% (कहिल्यै नगएका) ले शैक्षिक पहुँचमा मध्यम स्तरको प्रगति देखाउँछ। शैक्षिक पहुँचमा असमानता: वडा ८ मा सबैभन्दा कम र वडा १० मा सबैभन्दा बढी प्रतिशतले शैक्षिक पहुँचमा ठूलो भिन्नता रहेको देखाउँछ।

विशेष गरी उच्च प्रतिशत भएका वडाहरूमा लक्षित शैक्षिक कार्यक्रमहरू जस्तैः निःशुल्क शिक्षा, यातायात सुविधा, र जनचेतना अभियान लागू गर्नु जरुरी छ।

- समग्र साक्षारता दर

बोदे बरसाईन नगरपालिकाको साक्षरता दर जनगणना २०७८ अनुसार समग्र रूपमा ६८.०% छ, जसमा पुरुष र महिलाबीच ठूलो असमानता देखिन्छ। पुरुषको साक्षरता दर ८०.१% पुगेको छ भने महिलाको दर मात्र ५६.३% रहेको छ। महिला साक्षरताको न्यून स्तर विशेषगरी ग्रामीण

वडाहरू (१, २, ९) मा बालविवाह, शैक्षिक पहुँचको अभाव, घरेलु कामको बढी भार र लैङ्गिक पक्षपातजस्ता कारणले अझ बढेको देखिन्छ। यसले महिलाको आर्थिक सशक्तिकरण, स्वास्थ्य जागरूकता र निर्णय प्रक्रियामा सहभागितामा नकारात्मक प्रभाव पारेको छ। यद्यपि पुरुष साक्षरता दर राष्ट्रिय औसत (८१%) कै हाराहारीमा रहेकाले विद्यालय पहुँच, शिक्षक व्यवस्था जस्ता आधारभूत संरचनामा केही सुधार भएको संकेत गर्दछ। तथापि, महिला साक्षरता बिशेषगरी वयस्क महिलाको शिक्षा (२५ प्लस वर्ष) अत्यन्त न्यून रहँदै आएकोले नगरपालिकाले लैङ्गिक समानता आधारित शैक्षिक कार्यक्रमहरू तत्काल प्राथमिकताका साथ ल्याउनु अपरिहार्य देखिन्छ।

*तालिका २.१२: समग्र साक्षारता दर*

| कुल साक्षारता दर | महिला | पुरुष |
|---|---|---|
| ६८.०% | ५६.३% | ८०.१% |

(श्रोतः नेपालको जनगणना २०७८)

- वडा अनुसार साक्षारता स्थिति

यस नगरपालिकामा वडाअनुसार साक्षरता दर ६०% देखि ७०.३% को बीचमा रहेको छ, जसमा वडा ५ सबैभन्दा उच्च साक्षरता दर (७०.३%) रहेकोछ भने, वडा ६ सबैभन्दा कम (६०.०%) रहेकोछ। वडा १ (६९.७%), ४ (६९.७%) र ८ (६९.९%) लगभग ७०% नजिकै पुगेका छन् भने वडा ७ (६५.७%) र ९ (६५.१%) मध्यम स्थितिमा छन्। वडा ६ को न्यून दर (६०.०%) ले त्यस क्षेत्रमा शैक्षिक पहुँच, बालश्रम वा लैङ्गिक असमानताको गम्भीर समस्या झल्काउँछ। समग्र रूपमा, ५ वटा वडा (१, ४, ५, ८, १०) को दर ६९% भन्दा माथि छ, जसले नगरपालिकाको शैक्षिक प्रगतिमा भौगोलिक असमानताको चित्रण गर्दछ। विशेषगरी वडा ६ लाई प्राथमिकताका साथ शैक्षिक हस्तक्षेप गर्न आवश्यक देखिन्छ।

*तालिका २.१३: वडा अनुसार साक्षारता स्थिति*

| वडा | प्रतिशत |
|---|---|
| १ | ६९.७ |
| २ | ६८.८ |
| ३ | ६९.० |
| ४ | ६९.७ |
| ५ | ७०.३ |
| ६ | ६०.० |

| | |
|---|---|
| ७ | ६५.७ |
| ८ | ६९.९ |
| ९ | ६५.१ |
| १० | ६९.३ |

(श्रोतः नेपालको जनगणना २०७८)

- जातजाति अनुसार जनसंख्या वितरण

*तालिका २.१४: जातजाति अनुसार जनसंख्या वितरण*

| मधेश/तराई जात | मधेश/तराई दलित | तराई जनजाती | क्षेत्रीय/भाषिक समूह | पहाडी दलित | पहाडी जाति | अन्य, बिदेशी र उल्लेख नभएका | पहाडी र पहाडी जनजाती |
|---|---|---|---|---|---|---|---|
| ७३.८% | ५४.६% | ७३.६% | ६३.८% | ७६.८% | ७०.४% | ३७.५% | ६८.९% |

(श्रोतः नेपालको जनगणना २०७८)

यो तथ्याङ्कले नगरपालिकाका घरधुरीहरूमा बसोबास गर्ने जातजाति समूहहरूको प्रतिशत जनाउँछ। तथ्यांक केलाउँदा मधेशी/तराई जाति (७३.८%) र तराई जनजाति (७३.६%) को उच्च उपस्थितिले क्षेत्रको मधेशी पहिचान र तराई केन्द्रित सामाजिक संरचना झल्काउँछ । मधेशी दलित समुदाय पनि उल्लेखनीय रूपमा सघन छ (५४.६%) । यसको विपरीत, पहाडी समुदायहरू (जातिः ७०.४%, जनजातिः ६८.९%, दलितः ७६.८%) को प्रतिनिधित्व तुलनात्मक रूपमा कम छ, जसले क्षेत्रमा पहाडी जनसङ्ख्याको सीमित उपस्थिति देखाउँछ।

- वडा अनुसार कृषि र गैर-कृषि क्षेत्रमा रोजगारको स्थिति

नगरपालिकाको समग्र कृषि निर्भरता उच्च (औसत ७१.७%) छ, तर वडा अनुसार महत्त्वपूर्ण भिन्नता देखिन्छ। वडा ४ (७९.५%), ६ (८२.८%), ९ (८२.०%) र १० (८१.०%) मा कृषिको निर्भरता सबैभन्दा बढी छ, जसले यी क्षेत्रहरूमा आधारभूत संरचना, बजार पहुँच र वैकल्पिक आजीविकाको अभाव झल्काउँछ। यसको विपरीत, वडा ५ (५७.८% कृषि, ४२.२% गैर-कृषि) सबैभन्दा विविधीकृत अर्थतन्त्र रहेकोछ, जहाँ थोक व्यापार, साना उद्योग र यातायात

सेवाले महत्त्वपूर्ण योगदान गरेको संकेत गर्दछ। अन्य वडाहरू (२, ७, ८) मा पनि गैर-कृषि रोजगारी ३५% भन्दा माथि छ। यस तथ्याङ्कले आर्थिक विकासका लागि वडा-अनुकूल रणनीति (जस्तैः वडा ६ र ९ मा कृषि मूल्य श्रृंखला विकास, वडा ५ मा साना उद्योग प्रवर्धन) को आवश्यकता देखिन्छ।

*तालिका २.१५: वडा अनुसार कृषि र गैर-कृषि क्षेत्रमा रोजगारको स्थिति*

| वडा | कृषि (प्रतिशत) | गैर-कृषि (प्रतिशत) |
|---|---|---|
| १ | ७०.१ | २९.९ |
| २ | ६४.४ | ३५.६ |
| ३ | ७६.८ | २३.२ |
| ४ | ७९.५ | २०.४ |
| ५ | ५७.८ | ४२.२ |
| ६ | ८२.८ | १७.२ |
| ७ | ६३.३ | ३६.७ |
| ८ | ६४.४ | ३५.६ |
| ९ | ८२.० | १८.० |
| १० | ८१.० | १९.० |

(श्रोतः नेपालको जनगणना २०७८)

- आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या वितरण

नगरपालिकाको ३९.३% जनसङ्ख्या (विशेषगरी ४४.३% महिला) कुनै पनि आर्थिक क्रियाकलापमा संलग्न छैन, जसले गरिबी र जनशक्ति परिचालनको गम्भीर चुनौती झल्काउँछ। लैङ्गिक असमानता स्पष्ट देखिन्छः पुरुषमा ४३.५% को स्थायी रोजगारी (६+ महिना) छ भने महिलामा यो मात्र २८.५% छ। यसको विपरीत, अस्थायी रोजगारी (३-६ महिनाः १५.६%, ३ महिना भन्दा कमः १०.६%) मा महिलाको हिस्सेदारी (क्रमशः १६.९% र १०.३%) पुरुष (१४.१% र ८.४%) भन्दा बढी छ, जसले उनीहरू कृषि मौसमी काम वा अनौपचारिक क्षेत्रमा सीमित रहेको संकेत गर्छ।

*तालिका २.१६: आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या वितरण*

| अवधि | पुरुष | महिला | कुल |
|---|---|---|---|
| कुनै पनि आर्थिक काम नगरेका | ३४% | ४४.३% | ३९.३% |

| | | | |
|---|---|---|---|
| ६ महिना भन्दा बढी | ४३.५% | २८.५% | ३५.८% |
| ३-६ महिना | १४.१% | १६.९% | १५.६% |
| ३ महिना भन्दा कम | ८.४% | १०.३% | १०.६% |

(श्रोतः नेपालको जनगणना २०७८)

- आर्थिक कामको औधोगिक क्षेत्रअनुसार जनसंख्या वितरण

*तालिका २.१७: आर्थिक कामको औधोगिक क्षेत्रअनुसार जनसंख्या वितरण*

| कृषि | थोक व्यापार | निर्माण | अन्य सेवा | शिक्षा | उत्पादन | यातायात | सार्बजनिक प्रशासन | मानव स्वस्थ्य | बित्त |
|---|---|---|---|---|---|---|---|---|---|
| ७२.३% | ९.७% | ७.२% | ३.४% | २.४% | १.५% | ०.७% | ०.७% | ०.७% | ०.३% |

(श्रोतः नेपालको जनगणना २०७८)

नगरपालिकाको अर्थतन्त्र कृषि-प्रधान रहेको छ, जहाँ ७२.३% जनसङ्ख्या कृषि क्षेत्रमा संलग्न रहेका छन्। कृषि पछि थोक व्यापार (९.७%) र निर्माण (७.२%) मुख्य योगदानकर्ता हुन्, तर अन्य आधारभूत सेवाहरू शिक्षा क्षेत्र (२.४%), उत्पादन (१.५%), र स्वास्थ्य सेवा (०.७%) ले सामाजिक विकासको कमजोरी देखाउँछ। सार्वजनिक प्रशासन (०.७%) र वित्तीय सेवा (०.३%) को नगण्य उपस्थितिले स्थानीय सुशासन र पुँजी पहुँचमा ठूलो अन्तर रहेको संकेत गर्दछ।

- घरको स्वामित्व अनुसार परिवार संख्या (प्रतिशतमा)

नगरपालिकामा घर स्वामित्वको दर उल्लेखनीय रूपमा उच्च छ: **९८.६%** परिवारहरू आफ्नै घरमा बसोबास गर्छन्। यसले क्षेत्रको आर्थिक स्थिरता, पैतृक सम्पत्तिको परम्परा **र** ग्रामीण जीवनशैलीको सशक्त प्रतिबिम्ब देखाउँछ। यो दर नेपालको राष्ट्रिय औसत (९०.२%) भन्दा बढी छ। भाडावाल प्रणाली नगण्य मात्रामा (०.४%) रहेकोले स्थानीय अर्थतन्त्रमा आवास बजारको अविकसित अवस्था **र** पलायनको न्यून दर झल्काउँछ।

*तालिका २.१८: घरको स्वामित्व अनुसार परिवार संख्या*

| आफ्नै | भाडामा | संस्थागत | अन्य |
|---|---|---|---|
| ९८.६% | ०.४% | ०.५% | ०.४% |

(श्रोतः नेपालको जनगणना २०७८)

- इन्टरनेटको प्रयोग गर्ने परिवार संख्या (वडागत)

नगरपालिकामा **इन्टरनेट** प्रयोगको औसत दर मात्र १०.२% (घरधुरी अनुसार) छ, जसले **डिजिटल खाडल**को गम्भीर चुनौती झल्काउँछ। वडा अनुसार त्यस्तो भिन्नता उल्लेखनीय छ। वडा ५ (१९.०%) सबैभन्दा बढी परिवारले इन्टरनेटको प्रयोग गर्छन् भने यसको विपरीत, वडा ८ (१.०५%) र वडा ९ (१.४%) मा इन्टरनेटको पहुँच न्यून छ। वडा २ (१३.६%), ४ (१३.४%) र ६ (१२.२%) मा मध्यम स्तरको पहुँच छ, तर पनि राष्ट्रिय औसत (३८%) भन्दा धेरै तल छ।

*तालिका २.१९: इन्टरनेटको प्रयोग गर्ने परिवार संख्या (वडागत)*

| वडा | परिवार संख्या (प्रतिशत) |
|---|---|
| १ | ५.६ |
| २ | १३.६ |
| ३ | १०.० |
| ४ | १३.४ |
| ५ | १९.० |
| ६ | १२.२ |
| ७ | ४.५ |
| ८ | १.०५ |
| ९ | १.४ |
| १० | २.६ |

(श्रोतः नेपालको जनगणना २०७८)

- बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या

नगरपालिकाको घरेलु ऊर्जा पहुँचमा ऐतिहासिक प्रगति देखिएको छ। ९८.८% परिवारहरूले बत्ती बल्नको लागि बिजुली मुख्य स्रोतको रूपमा प्रयोग गर्छन्। यो दर नेपालको राष्ट्रिय औसत (९३%) भन्दा उच्च हो। यसले विद्युत ग्रिडको प्रभावकारी विस्तार र सरकारी ऊर्जा नीतिको सफलता झल्काउँछ। शेष १.२% परिवारहरू वैकल्पिक स्रोतमा निर्भर छन्।

*तालिका २.२०: बत्ति बल्न प्रयोग गरिने मुख्य स्रोतका आधारमा परिवार संख्या*

| बिजुली | मट्टीतेल | सोलार/सौर्य उर्जा | अन्य | बायोग्यास |
|---|---|---|---|---|
| ९८.८% | ०.८% | ०.२% | ०.२% | ०.०४% |

(श्रोतः नेपालको जनगणना २०७८)

- ## शौचालय सुबिधा अनुसार परिवार संख्या

नगरपालिकामा स्वच्छता पहुँचको स्थिति मिश्रित छ। ५९.८% परिवारहरूले साधारण शौचालय प्रयोग गर्छन्, जुन आधारभूत सुविधा तुल्याउँदै पनि स्वास्थ्य र पर्यावरणीय जोखिम (जलस्रोत दूषण, रोग) बढाउने सम्भावना राख्दछ। उन्नत सुविधा (फलस भएको/सेप्टिक ट्यांक) मात्र २७.०% घरधुरीमा उपलब्ध छ, जसले क्षेत्रमा मल व्यवस्थापनको गम्भीर अभाव झल्काउँछ। चिन्ताजनक विषय भनेको ११.१% परिवारहरू अझै पनि खुला दिसा (चर्पी नभएको) मा निर्भर रहेका छन्। फ्लश शौचालय (सार्वजनिक ढलः १.३%) र सार्वजनिक शौचालय (०.७%) को प्रयोग नगण्य छ, जसले सार्वजनिक स्वास्थ्य प्रणालीमा कमजोरीलाई दर्शाउछ।

*तालिका २.२१: शौचालय सुबिधा अनुसार परिवार संख्या*

| साधारण | फलस भएको (सेप्टिक ट्यांक) | चर्पी नभएको | फ्लश भएको (सार्बजनिक ढल) | सार्बजनिक |
|---|---|---|---|---|
| ५९.८% | २७.०% | ११.१% | १.३% | ०.७% |

(श्रोतः नेपालको जनगणना २०७८)

- ## खान पकाउन प्रयोग गरिने मुख्य इन्धनको आधारमा परिवार संख्या

यस नगरपालिकामा परम्परागत **इन्धन**को प्रभुत्व रहेको देखिन्छ। गुइठा/गोरहा (४५.३%) र काठ/दाउरा (४४.०%) मिलाएर **८९.३%** परिवारहरूले यी स्वास्थ्यमा प्रतिकुल असर पार्ने स्रोतहरू प्रयोग गर्छन्। यसले घरायसी वायु प्रदूषण (इन्डोर एयर पोल्युसन) मार्फत महिला र बालबालिकामा श्वासप्रश्वास रोगको उच्च जोखिम सिर्जना गरेको हुन्छ। आधुनिक इन्धनको प्रयोग न्यून छ। एलपीजी ग्याँस **(९.६%)** मुख्यतया सहरी क्षेत्र (वडा ५, ८) सम्म सीमित छ भने बिजुली (०.८%) र बायोग्यास (०.१%) को उपयोग नगण्य मात्रामा छ।

*तालिका २.२२: खान पकाउन प्रयोग गरिने मुख्य इन्धनको आधारमा परिवार संख्या*

| गुइठा/गोरहा | काठ/दाउरा | एल पी जी ग्याँस | बिजुली | बायोग्यास | अन्य | मट्टीतेल |
|---|---|---|---|---|---|---|
| ४५.३% | ४४.०% | ९.६% | ०.८% | ०.१% | ०.०५% | ०.००% |

(श्रोतः नेपालको जनगणना २०७८)

- सम्पन्नताको बर्गिकरणअनुसार परिवार

  बोदे बरसाईन नगरपालिकामा परिवारहरूको सम्पन्नता वर्गीकरणले यो देखाउँछ कि अति न्यून गुणस्तर (३२.१%) र मध्यम गुणस्तर (३१.५%) मा रहेका परिवारहरूको संख्या सबैभन्दा बढी छ। यसले नगरपालिकामा गरीबी र आधारभूत सुविधाको कमी ठूलो चुनौतीको रुपमा रहेको संकेत गर्दछ। उच्च गुणस्तर (३.४%) मा रहेका परिवारहरूको न्यून संख्याले समग्र समृद्धिको स्तर सीमित रहेको देखाउँछ। स्थानीय सरकारले लक्षित विकास कार्यक्रमहरू (जस्तैः आधारभूत पूर्वाधार, शिक्षा, र स्वास्थ्य सुविधा) मार्फत अति न्यून र मध्यम गुणस्तरका परिवारहरूलाई उकास्न विशेष ध्यान दिनुपर्ने देखिन्छ।

*तालिका २.२३: सम्पन्नताको बर्गिकरणअनुसार परिवार संख्या*

| अति न्यून गुणस्तर | मध्यम | न्यून गुणस्तर | सामान्य गुणस्तर | उच्च गुणस्तर |
|---|---|---|---|---|
| ३२.१% | ३१.५% | २१.६% | ११.५% | ३.४% |

(श्रोतः नेपालको जनगणना २०७८)

## २.२ विकासको विद्यमान स्थिति

### २.२.१ आर्थिक विकासको अवस्था

#### २.२.१.१ निजी क्षेत्र, उद्योग व्यवसाय र रोजगारी

नगरपालिका क्षेत्र भित्र कृषिमा आधारित साना तथा मझौला उद्योगहरु संचालनमा रहेका छन्। अपेक्षाकृत संख्यामा निजी क्षेत्रको विकास नभएतापनि नगरबासीहरु व्यापार-व्यवसायमा संलग्न रहेको र सानै संख्यामा भएपनि रोजगार सिर्जना गरिरहेको देखिन्छ। कृषि तथा निर्माण क्षेत्रले मुख्य रुपमा रोजगारी प्रदान गरेको छ। नगरपालिकाको अर्थतन्त्र कृषि-निर्भर रहेकोले निजी क्षेत्रको विकास गरिबी न्यूनीकरण र युवा पलायन रोक्ने मुख्य आधार हो। साना उद्योगहरु कृषि प्रशोधन (चामल मिल, तेल उद्योग) र हस्तशिल्प (माटाको भाँडो, बाँस शिल्प) मात्र सीमित रहेका छन्। निजी निवेश न्यून अवस्था देख्न सकिन्छ।

#### २.२.१.२ वित्तीय पहुँच

बोदे बरसाईन नगरपालिकामा वित्तीय संस्थाहरूको उपस्थितिले अर्थतन्त्रलाई बलियो बनाउन र समावेशी विकासमा सहयोग पुऱ्याएको छ। १४ शाखा कार्यालयहरूले प्रति ३,२८७ जनसंख्यामा (हे **तालिका ४.१०**) वित्तीय सेवा पुऱ्याउँदा स्थानीय बासिन्दाहरूलाई बचत, ऋण,

र अन्य वित्तीय सुविधाहरू प्राप्त गर्न सहज भएको छ। विशेष गरी लघुवित्त संस्थाहरूले ग्रामीण समुदायको आर्थिक उन्नतिमा योगदान दिएको छ। तथापि, बैंकहरूको संख्यालाई बढाई व्यावसायिक र ठूला लगानीका अवसरहरू सिर्जना गर्न सकेमा यो क्षेत्रको आर्थिक समृद्धि अझ बढ्न सक्छ।

साना तथा मझौला र विपन्न वर्गका समुदायका सीपमा आधारित पेसा व्यवसायको आधुनिकीकरण र प्रवर्द्धनमा भने सहज वित्तीय पहुँच अझै पनि प्रमुख चुनौतीका रूपमा छ। स्थानीय स्तरमा सञ्चालित विषयगत, बहुउद्देशीय र बचत तथा ऋण सहकारीहरूले उक्त समस्याको समाधानमा केही सहयोग पुर्याए पनि पर्याप्त भने हुन सकेको छैन। तसर्थ, साना तथा मझौला उद्यम व्यवसायको स्तरवृद्धि र नवीनतम सोच तथा सूचना प्रविधिमा आधारित नवउद्यमहरूको प्रवर्द्धनका लागि सहज वित्तीय पहुँच विस्तारमा सहजीकरण गर्न विशेष कार्यक्रम आवश्यक देखिन्छ ।

#### २.२.१.३ गरिबी र असमानता

नेपाल जनगणना २०७८ अनुसार यस नगरपालिकामा सम्पन्नताको दृष्टिकोणले अति न्यून गुणस्तर भएका परिवार संख्या ३२.१ प्रतिशत र मध्यम गुणस्तर भएका परिवारसंख्या ३१.५ प्रतिशत गरि ६३.६ प्रतिशत घर परिवार सम्पन्नताको दृष्टिकोणले गरिबी हालतमा रहेको देखाउछ। उच्च गुणस्तर (३.४%) मा रहेका परिवारहरूको न्यून संख्याले समग्र समृद्धिको स्तर सीमित रहेको र असमानता ब्याप्त रहेको संकेत गर्दछ। (**हे तालिका २.२३**) राष्ट्रिय कृषि गणना -२०७८ सामुदायिक प्रतिबेदन अनुसार कृषि कामदारको सरदर दैनिक ज्याला महिलाको लागि रु ४५० र पुरुषको लागि रु ५७० रहेको छ। यसले महिला र पुरुषबीच ज्यालामा भएको असमानता र विभेदलाई देखाउछ।

### २.२.२ सामाजिक विकासको अवस्था

जातिगत रुपले यस नगरपालिकामा **यादवको प्रभुत्व (२८.४%)** रहेको छ। कृषि र पशुपालनमा सक्रिय यो **मैथली भाषी समुदाय** सामाजिक-राजनीतिक रूपमा प्रभावशाली छ। त्यसैगरि, २ प्रतिशतको हाराहारीमा रहेका हजाम/ठाकुरहरुको उपस्थिति यहाँ कम्जोर रहेको छ। नगरपालिकाका अधिकांश वडाहरूमा लैङ्गिक अनुपात ९०.८% छ, जसले पुरुषको तुलनामा महिलाको संख्या केही बढी रहेको देखाउँछ। नगरपालिकाको साक्षरता दर जनगणना २०७८ अनुसार समग्र रूपमा ६८.०% छ, जसमा पुरुष र महिलाबीच ठूलो असमानता देखिन्छ। पुरुषको साक्षरता दर ८०.१% पुगेको छ भने महिलाको दर मात्र ५६.३% रहेको छ। महिला साक्षरताको न्यून स्तर विशेषगरी ग्रामीण वडाहरू (१, २, ९) मा बालविवाह, शैक्षिक पहुँचको

अभाव, घरेलु कामको बढी भार र लैङ्गिक पक्षपातजस्ता कारणले अझ बढेको देखिन्छ। यसले महिलाको आर्थिक सशक्तिकरण, स्वास्थ्य जागरूकता र निर्णय प्रक्रियामा सहभागितामा नकारात्मक प्रभाव पारेको छ।

### २.२.३ पूर्वाधार तथा सहरी विकासको अवस्था

नगरपालिकाको कुल सडक सन्जाल १५९.१२ किमी रहेको छ। जम्मा सडकमध्ये ग्राभेल सडक (७७.६१ किमी, ४८.८%) सबैभन्दा बढी रहेकोछ। यसले अधिकांश क्षेत्रमा अपर्याप्त यातायात सुविधा रहेको संकेत गर्दछ। कंक्रिट सडक (३३.६४ किमी, २१.१%) र कालोपत्रे (२४.०३ किमी, १५.१%) मध्यम मात्रामा छन् भने कच्ची सडक (२३.८४ किमी, १५.०%) ले ग्रामीण इलाकाको पिछडिएको अवस्था झल्काउँछ। दश ओटा वडामा सर्वोत्तम सडक सुविधा वडा ५ मा रहेको छ। यस वडामा कालोपत्रे (६.५८ किमी) र कंक्रिट (३.८७ किमी) गरि कुल १०.४५ किमी (७०%) उच्च गुणस्तरका सडक रहेका छन्। त्यसैगरि ग्राभेल र कच्ची सडक मात्र ४.४६ किमी (न्यून) रहेको छ। वडा ४ सबैभन्दा न्यूनतम सडक सुविधा भएको वडा हो। कालोपत्रे शून्य र कंक्रिट मात्र ३.९ किमी (४२.५%) तथा ग्राभेल (२.९४ किमी) र कच्ची (२.३४ किमी) गरि कुल ५.२८ किमी (५७.५%) सडकको अवस्था कमसल खालको रहेको हुँदा यस वडामा सडक दुरावस्थामा रहेको छ।

यस तथ्याङ्कले वडा ४, ६ र ८ लाई सडक विकासमा तत्काल प्राथमिकता दिन आवश्यकता देखाउँछ। विशेषगरी वडा ८ मा कुल सडकको ८७% न्यून गुणस्तरमा रहँदा स्थानीय बासिन्दाको आर्थिक, शैक्षिक र स्वास्थ्य पहुँच गम्भीर रूपमा प्रभावित भएको छ। यसको विपरीत वडा ५ को उदाहरणले राम्रो सडकले व्यापार र रोजगारी बढाउने देखाउछ। नगरपालिकाले ग्राभेल सडकलाई कालोपत्रेमा रूपान्तरण गर्ने र कच्ची सडकको जियो-टेक्सटाइल उन्नयन गर्ने कार्यक्रम अगाडि बढाउनु जरुरी छ।

*तालिका २.२४: नगरपालिकाको सडक सञ्जालको अवस्था*

| वडा | कालोपत्रे (KM) | कंक्रिट (RCC) (KM) | ग्राभेल (KM) | कच्ची (KM) | जम्मा (KM) |
|---|---|---|---|---|---|
| १ | १.४ | ३.२१ | ८.९४ | ०.४२ | **१३.९७** |
| २ | २.७५ | २.८४ | १०.१ | ३.८ | **१९.४९** |
| ३ | ५.०२ | ३.७ | ७.७८ | ५.६३ | **२२.१३** |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ० | ३.९ | २.९४ | २.३४ | **९.१८** |
| ५ | ६.५८ | ३.८७ | ३.७७ | ०.६९ | **१४.९१** |
| ६ | ० | ३.९५ | ६.५३ | २.३८ | **१२.८६** |
| ७ | १.८९ | ३.६१ | ६.५१ | ० | **१२.०१** |
| ८ | ० | २.६५ | १२.२९ | ६.०७ | **२१.०१** |
| ९ | ३.२८ | २.४९ | १०.६८ | ०.४८ | **१६.९३** |
| १० | ३.११ | ३.४२ | ८.०७ | २.०३ | **१६.६३** |
| **जम्मा** | **२४.०३** | **३३.६४** | **७७.६१** | **२३.८४** | **१५९.१२** |

(श्रोतः बोदे बरसाईन नगरपालिका)

### २.२.४ वातावरण तथा विपद व्यवस्थापनको अवस्था

राष्ट्रिय कृषि गणना २०७८ को सामुदायिक प्रतिबेदन अनुसार बोदे बरसाईन नगरपालिका विभिन्न वडाहरूमा पछिल्लो ५ वर्षमा विभिन्न वडाहरूमा विभिन्न प्रकारका विपद्का घटनाहरू देखिएका छन्। (**हे. तालिका** ४.२७)। यी घटनाहरूले यहाँको वातावरणीय चुनौती र विपद् व्यवस्थापनको आवश्यकतालाई उजागर गर्छन्। विशेष गरी प्राकृतिक प्रकोपहरूले कृषि र समुदायको जीवनमा ठूलो प्रभाव पारेको देखिन्छ।

तथ्यांकअनुसार, पछिल्लो ५ वर्षमा बाढी ले ७ वडाहरूलाई प्रभावित गरेको छ, जुन यहाँको प्रमुख विपद् मध्ये एक हो। त्यस्तै, हावाहुरी ले ८ वडाहरूलाई असर गरेको छ, जुन सबैभन्दा बढी प्रभावित गर्ने विपद् हो। यी दुवै प्रकोपले खेतीयोग्य जमिन र बस्तीमा ठूलो क्षति पुऱ्याउन सक्छ। यसबाहेक, पहिरो र खडेरी ले समान रूपमा ३-३ वडाहरूलाई प्रभावित गरेको छ, जसले पहाडी र तराई क्षेत्रमा फरक-फरक जोखिम देखाउँछ।

अन्य विपद्मध्ये शीतलहर/तुषारो र आगलागी ले २-२ वडाहरूलाई प्रभावित गरेको छ। यी घटनाहरूले मौसमी परिवर्तन र मानवीय लापरबाहीको प्रभाव देखाउँछन्। यद्यपि, असिना र रोगकिराको प्रकोप कुनै पनि वडामा रिपोर्ट भएको छैन, जुन कृषि र जनजीवनका लागि सकारात्मक पक्ष हो। यी तथ्यांकले नगरपालिकामा विपद् व्यवस्थापनका लागि विशेष योजना र पूर्वतयारीको आवश्यकता देखाउँछ।

वातावरणीय जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि स्थानीय सरकारले हावाहुरी र बाढी जस्ता प्रमुख प्रकोपहरूको जोखिम मूल्यांकन गर्नुपर्छ। साथै, शीतलहर र आगलागी जस्ता

घटनाहरूलाई कम गर्न जनचेतना र पूर्वाधार विकासमा जोड दिनुपर्छ। यो अवस्थाले समुदायको संलग्नता र दिगो वातावरणीय रणनीतिबाट मात्र प्रभावकारी व्यवस्थापन सम्भव हुने देखिन्छ।

### २.२.५ सुशासन तथा संस्थागत व्यवस्था

नेपालको संविधान २०७२ ले प्रदान गरेका अधिकारहरूसहित स्थापित भएको बोदे बरसाईन नगरपालिकाले आफ्नो भूमिका सशक्त ढंगवाट निर्वाह गर्न तथा जवाफदेहितालाई दिगो ढंगले वहन गर्न विकास प्रशासन र सेवा प्रवाहको तौरतरिका, कर्मचारीको कार्यशैली र चिन्तनमा परिवर्तित सन्दर्भअनुसार परिमार्जन र परिष्कृत गर्दै आएको छ । संवैधानिक व्यवस्थाअन्तर्गत नयाँ संघीय शासकीय संरचनाअनुसार स्थापना भएपछि विगतमा केन्द्रीय सरकारद्वारा सञ्चालित कतिपय विषयगत कार्यालयहरूले प्रवाह गर्ने सेवाहरू समेत हस्तान्तरण भई आएका छन।

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने, समृद्ध नेपाल सुखी नेपाली निर्माण गर्ने र सामाजिक न्याय स्थापित गरी समतामूलक समाज स्थापना गर्ने अभिभारा पाएको नगरपालिकाले आफ्नो कार्यसम्पादन स्तरको सुधारमा अधिकतम प्रयत्न गरिरहेको छ । परिवर्तित सन्दर्भअनुसारको जिम्मेवारी पूरा गर्न नगरपालिकाले उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरूको प्राप्ति, प्राप्त अधिकारक्षेत्रमा सेवा प्रदान गर्न नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यान्वयनमा ल्याइसकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्मअनुरूप नगरपालिकालाई प्राप्त अधिकार र जिम्मेवारी पूरा गर्न रूपान्तरणकारी, दक्ष, सबल र सक्षम प्रशासन, प्रभावकारी सेवा प्रवाह र सुशासनमा गुणात्मक परिवर्तन ल्याउने अभिप्रायले नगरपलकाको संस्थागत क्षमता विकास कार्ययोजना तर्जुमा भएर लागु भएको छ।

## २.३ उपलब्धिको समीक्षा

### २.३.१ ऐन कानुन तथा संस्थागत विकास

विगतका अनुभवहरूबाट पाठ सिक्दै नगरपालिकाले आगामी विकासको समुचित मार्ग तय गर्न र संविधान प्रद्धत्त अधिकारको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक नीति, ऐन नियम तथा कार्यविधिहरू तर्जुमा गरी लागु गरेको छ। नगरपालिकाले नेपालको संबिधान २०७२ ले दिएको अधिकार प्रयोग गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७५, सहकारी ऐन-२०७५, कृषि व्यवसाय प्रवर्द्धन ऐन-२०७५ गरि तीन ओटा ऐनहरु तर्जुमा गरेको छ।

त्यसैगरी एक ओटा नियमावली र २५ ओटा विभिन्न कार्यविधि/निर्देशिका तर्जुमा तथा कार्यान्वन गरि सुशासन र संस्थागत विकासमा योगदान गरेको छ।

### २.३.२ भौतिक पूर्वाधार तथा ग्रामिण/सहरी विकास

नगरपलिकाले पूर्वाधार विकासमा विशेष ध्यान दिएको देखिन्छ। यस अवधिमा कुल १५९.१२ किलोमीटर सडक (कालोपत्र, कंक्रिट, ग्रावेल, कच्ची) विस्तार गरेको छ भने एउटा कोल्ड स्टोर (वडा २), एउटा १५ सैयाको अस्पताल (वडा ५), एउटा बिर्थिंग सेन्टर (वडा ५) र एउटा प्राविधिक शिक्षालय (वडा ५) निर्माण भएको छ। दशओटै वडाको नयाँ कार्यालय भवन निर्माण तथा बोदे बरसाईनमा मुख्य प्रशासनिक भवन कार्य सम्पन्न भएको छ। सडक चक्ल्याउने, नाली र कल्भर्ट निर्माण, ग्राभेलिङ तथा कालोपत्रे गर्ने काम भइरहेको छ।

### २.३.३ सामाजिक विकास


नगरपालिकामा जम्मा ८८ वटा विद्यालयहरू (सामुदायिक र धार्मिक) रहेका छन्, जहाँ १०,३९५ विद्यार्थीहरू अध्ययनरत छन्। यसमध्ये छात्राहरूको संख्या ४,९०७ (४७.२%) र छात्रहरूको संख्या ५,४८८ (५२.८%) छ, जसले शैक्षिक स्तरमा लैङ्गिक सन्तुलनको सकारात्मक संकेत गर्दछ। तथापि, शिक्षक-विद्यार्थी अनुपात गम्भीर रूपमा असन्तुलित छ। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार, प्राथमिक तह (कक्षा १—५) मा अनुपात २२.१:१, निम्न माध्यमिक तह (कक्षा ६—८) मा २४.५:१, माध्यमिक तह (कक्षा ९—१०) मा २५.६:१, र उच्च माध्यमिक तह (कक्षा ११—१२) मा २६.७:१ रहेको छ। राष्ट्रिय तथ्यांकसंग तालिका २.२५ मा प्रस्तुत भएको तथ्यांक तुलना गर्दा देहाएको अवस्था देखिन्छ:

- **उच्च अनुपात:** बालवालिका विकास केन्द्र (३३:१), कक्षा १—५ (५०:१), र कक्षा ६—८ (५२:१) मा विद्यार्थी—शिक्षक अनुपात राष्ट्रिय औसतभन्दा धेरै छ। यो अवस्थाले यी तहहरूमा शिक्षकको अभाव रहेको र गुणस्तरीय शिक्षा प्रदान गर्न चुनौती भएको संकेत गर्छ।
- **न्यून अनुपात:** कक्षा ९—१० (४१:१) मा अनुपात राष्ट्रिय औसतभन्दा केही उच्च छ, तर कक्षा ११—१२ (५:१) मा भने राष्ट्रिय औसतभन्दा धेरै कम छ। यो अवस्थाले उच्च तहमा शिक्षकको संख्या पर्याप्त रहेको र शिक्षण प्रभावकारी हुने सम्भावना देखाउँछ।

*तालिका २.२५: शैक्षिक स्थिति*

| विद्यालय शिक्षा | विद्यालय संख्या (सामुदायिक र धार्मिक) | विधार्थी संख्या | | | शिक्षक संख्या | अनुपात | राष्ट्रिय औषत |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | कुल | | | |
| बालवालिका विकास केन्द्र | ३७ | ५२४ | ७२० | १२४४ | ३८ | ३३:१ | २२.१:१ |
| कक्षा १-५ | ३० | २५६४ | ३०७९ | ५६४३ | ११४ | ५०:१ | २२.१:१ |
| कक्षा ६-८ | १३ | १२५३ | ११४६ | २३९९ | ४६ | ५२:१ | २४.५:१ |
| कक्षा ९-१० | ५ | ५३८ | ५१६ | १०५४ | २६ | ४१:१ | २५.६:१ |
| कक्षा ११-१२ | ३ | २८ | २७ | ५५ | १२ | ५:१ | २६.७:१ |
| जम्मा | ८८ | ४९०७ | ५४८८ | १०३९५ | २३६ | ४४:१ | |

(श्रोतः बोदे बरसाईन नगरपालिका)




यो चार्टले बालविकास केन्द्रदेखि उच्च माध्यमिक तहसम्मका विभिन्न शैक्षिक चरणहरूमा विद्यार्थी-शिक्षक अनुपात कस्तो रहेको छ भनि स्पष्ट दृश्य प्रस्तुति प्रदान गर्छ। चार्टबाट देख्न

सकिन्छ कि कक्षा ६-८ मा अनुपात सबैभन्दा उच्च (५२:१) छ, भने कक्षा ११-१२ मा सबैभन्दा न्यून (५:१) छ।

स्वास्थ्यतर्फ नगरपालिका भित्र १० ओटा स्वास्थ्यचौकीहरु संचालनमा रहेका छन्। कुल ५३ स्वास्थ्यकर्मीहरुले उक्त स्वास्थ्यचौकीबाट स्वास्थ्य सेवा दिईरहेका छन्। कुल जनसंख्या ४६,०१७ लाई आधारमान्दा करिब ४६०२ जनसंख्या बराबर एउटा स्वास्थ्य चौकी र ८६८ जनालाई एक जना स्वास्थ्यकर्मीले सेवा पुर्याइरहेका छन्। यसले नगरपालिकामा स्वास्थ्यचौकी तथा स्वास्थ्यकर्मी टड्कारोरुपमा अपर्याप्त रहेको स्पस्ट संकेत गर्दछ।

### २.३.४ महिला बालबालिका तथा सामाजिक न्याय

न्याय सम्पादनको जिम्मेवारी स्थानीय तहलाई दिइएकोमा न्यायिक समिति गठन भई जिम्मेवारीअनुसार नियमित कार्यसम्पादन भइरहेको छ। वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप कर्ता सूचीकृत गरिएको छ। जसले स्थानीय स्तरमा हुने सामान्य बेमेलका घटनाहरू समाधान भइरहेका छन । हिंसामा परेका महिलाहरूको सहायताका लागि निःशुल्क कानुनी परामर्श सेवा प्रदान गर्नुका साथै महिला हिंसा न्यूनीकरणका लागि पुरुष ऐक्यबद्धता कार्यक्रम अभियानका रूपमा सञ्चालन गरी पुरुष समसचेतता कार्यक्रम सञ्चालन गरिएको छ।

# परिच्छेद तीनः

# नगरपालिकाको दीर्घकालीन सोच तथा विकासको अवधारणा

## ३.१ विकासका प्रमुख सम्भावना तथा अवसर

नेपालको मधेश प्रदेशको सप्तरी जिल्लाको हुलाकीमार्गमा अवस्थित बोदे बरसाईन नगरपालिका पूर्वका बोदेवर्साइन, फुलकाही, मानराजा, खडगपुर, काचन, देउरी, सारस्वर, धनगढी (१ देखि ८ वडा) र नेगडा गाउँ विकास समितिहरू मिलेर बनेको हो। यस नगरपालिकाको कुल क्षेत्रफल ५८.९३ वर्ग किलोमिटर छ र यसमा १० वटा वडाहरू रहेका छन्। यस नगरको सिमाना सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, डाँक्नेश्वरी नगरपालिका र बलानविहुल गाउँपालिकासँग जोडिएको छ।

हिन्दु र मुस्लिम धर्मावलम्बीहरूको बसोबास रहेको यस नगरपालिकामा २०७८ सालको जनगणना अनुसार ४६ हजार १७ जना मानिसहरू बसोबास गर्दछन्। यहाँका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूमा मानराजा गढी र लक्ष्मी नारायण मन्दिर पर्दछन्। कृषि यहाँका निवासीहरूको मुख्य पेशा हो भने माछापालन, पशुपालन, धान, गहुँ, जुट र उखु खेतीका लागि यस क्षेत्रमा ठूलो सम्भावना रहेको छ। यस नगरपालिकाको विकासका प्रमुख सम्भावना तथा अवसरलाई बुँदागत रूपमा देहायअनुसार प्रस्तुत गरिएको छः

१. धार्मिक एवम सांस्कृतिक सम्पदाले भरिपर्ण।
२. सडक सञ्जाल।
३. सबै वडामा सडक यातायात र सञ्चार सुविधाको सहज पहुँच।
४. हुलाकी सडकको दाँया बाँया स्याटलाइट सिटी विकासको सम्भावना।
५. जनताको प्रत्यक्ष सहभागितामा स्थानीय विकास योजना तर्जुमा र कार्यान्वयन हुने नीतिगत व्यवस्था।
६. व्यवसायिक कृषि र नगदे बाली।
७. कृषिमा आधारित लघुउद्यमको प्रचुर सम्भावना।

## ३.२ प्रमुख समस्या तथा चुनौतीहरू

हुलाकी सडकसँगको आबद्धता, उर्वर भूमि, सिँचाइ सुविधा, राम्रो भौतिक पूर्वाधार, र विस्तृत सडक जालले यस नगरपालिकालाई स्थानीय स्तरको अग्रणी नगर बनाउन सक्ने सम्भावना भएतापनि, यो अपेक्षित रूपमा विकास हुन सकेको छैन। विकास निर्माणलाई वातावरणमैत्री तथा दिगो विकास अवधारणाअनुकूल सन्तुलन मिलाउन नसक्दा वातावरणीय र आर्थिक जोखिम बढदै गएको छ। नगर क्षेत्रमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, बसाइ सराइ, भूस्वरूपमा नकारात्मक परिवर्तन, रोजगारीका लागि उर्जाशील युवा विदेश पलायन, दिगो तथा उत्पादनशील पूर्वाधार विकास र भूउपयोगसँग सम्बन्धित समस्या र चुनौतीहरू टडकारो रूपमा रहेका छन्। तालतलैया, मनोरम खेतीयोग्ग जमीन, ग्रामीण परिवेश वन, जलाधार र वातावरणको संरक्षण तथा वैज्ञानिक व्यवस्थापनमा कमी, भूउपयोग तथा पूर्वाधार निर्माणका लागि योजनाबद्ध विकास हुन सकेको छैन। नगरपालिकाको प्रमुख समस्या तथा चुनौतीहरू देहायबमोजिम प्रस्तुत गरिएको छ :

१. अव्यवस्थित संरचना निर्माण, बस्ती बसोबास तथा विस्तार;
२. भूउपयोग नीतिको अभाबमा खेतीयोग्य उर्बर भूमि घट्दो;
३. सार्वजनिक जमिन, तालतलैया र जैविक विविधतामा ह्रास;
४. प्रदूषण, हानिकारक र अन्य फोहोरमैला उत्सर्जनमा वृद्धि;
५. महामारी र रोगव्याधी र नसर्ने रोगमा अनपेक्षित वृद्धि;
६. प्राकृतिक विपद तथा वातावरण परिवर्तनको नकारात्मक प्रभाब;
७. मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदा ह्रास;
८. योजनाबद्ध तथा सुव्यस्थित विकासको कमजोर अभ्यास;

## ३.३ दीर्घकालीन सोच

"हरित क्रान्ति र समाबेशी बिकासः समृद्ध बोदे बरसाईनको मुख्य आधार"

**(Green Revolution and Inclusive Development: The Core Foundation of a Prosperous Bode Barsain)**

## ३.४ निर्देशक सिद्धान्त

बोदे बरसाईन नगरपालिकाको आर्थिक गतिबिधि मूलत कृषिमा आधारित रहेकोले कृषियोग्य जमिनको संरक्षण तथा संवद्र्धन गर्दै समुन्नत र आत्मनिर्भर नगरी बनाउने दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय मार्गदर्शनमा आधारित छ। उपर्युक्त राष्ट्रिय मार्गदर्शनका अधीनमा रही यस नगरपालिकाको विकासलाई दीर्घकालीन सोच उन्मुख गराउन देहाबमोजिमका निर्देशक सिद्धान्तहरू अबलम्बन गरिएको छः

### १. दिगो, समावेशी तथा योजनाबद्ध विकास

आर्थिक प्रगति, सामाजिक न्याय र कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण जस्ता दिगो विकासका मुख्य आधारहरू योजनाको तर्जुमा र कार्यान्वयनमा समेटिनेछ। नेपालले लिएका दिगो विकास लक्ष्यहरू स्थानीय स्तरमा अनुकूलित गरी सम्पूर्ण विकास प्रक्रियासँग जोडिनेछ। आवधिक विकास योजनाअनुसार निर्धारित मार्गनिर्देशनमा भू-उपयोग योजना र विषयगत रणनीतिहरूको खाका बनाई कार्यान्वयन गरिनेछ। भू-उपयोग क्षेत्रहरूको नक्सा बनाएर स्थानीय स्तरमा सीमांकन गरिनेछ र यसको पालना सुनिश्चित गर्न नीति, कानून र संस्थागत प्रणालीहरू सुदृढ पारिनेछ।

### २. तीनखम्बे (सार्वजनिक, निजी र सहकारी) आर्थिक विकासको अवधारणा

नेपालको संविधानले अवलम्बन गरेको तीनखम्बे राज्य निर्देशक आर्थिक नीतिलाई यस क्षेत्रको आर्थिक विकासको आधारका रूपमा लिइनेछ। आर्थिक गतिविधिलाई सार्वजनिक क्षेत्रको सहजीकरण, निजी क्षेत्रको अग्रसरता र सहकारी क्षेत्रको प्रोत्साहनबाट उत्साहजनक तुल्याइनेछ। कृषि कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगको प्रबर्धन गर्नका लागि विद्युत, सञ्चार, सडक, भूउपयोग योजना र प्राविधिक तथा वित्तीय सहयोगलाई प्रभावकारी गराइनेछ। कृषि सडकको संजालिकरण र बजार पहुँच विस्तार गरि कृषिलाई व्यवसायिक बनाइनेछ। आर्थिक विकासको तीनखम्बे आधारलाई स्थानीय आवश्यकताअनुसार हुने गरी आत्मसात गरिनेछ।

### ३. मानव विकास तथा गुणस्तरीय जीवन

विकास प्रक्रियाको मार्गदर्शक मानकका रूपमा शैक्षिक उन्नयन, आरोग्यताको अभिवृद्धि र आर्थिक समृद्धिलाई स्थापित गरिनेछ। शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगारी तथा आम्दानीलाई विकास प्रक्रियामा उच्च प्राथमिकतामा रहनेछ। दिगो विकासको लक्ष्यअनुरूप गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच, जनस्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि र रोजगारी तथा

आम्दानीका अवसरमा वृद्धिलाई आत्मसात गरिनेछ। जीवनपयोग तथा प्रतिस्पर्धी शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराइनेछ। विपन्न तथा पछाडि परेको वर्ग र बेरोजगार युवाका लागि सीप विकास तालिम तथा प्रविधि उपलब्ध गराई स्वरोजगारको अवसर उपलब्ध गराइनेछ। ज्येष्ठ नागरिक, पछाडि परेका, असहाय तथा बेसहारा नागरिकका लागि आत्मसम्मानपूर्ण जीवनयापनका लागि सामाजिक संरक्षण लगायतको विशेष व्यवस्था गरिनेछ ।

### ४. सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास

नेपालको संविधानले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयताअनुकूल अनुसरण गरिनेछ। विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरू सञ्चालन गरिनेछ । आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको वर्ग र समुदायको अर्थपूर्ण सहभागितामा क्षमता विकास र आत्मनिर्भरताका अवसरहरू सिजना गरिनेछ। लक्षित वर्गका सशक्तीकरण स्थानीय संरचना तथा संयन्त्रमामा अर्थपूर्ण सहभागितालगायत रोजगारी तथा आर्थिक अवसर सिर्जना गर्नेतर्फ विशेष ध्यान दिइनेछ।

### ५. जलवायु परिवर्तन अनुकूलन तथा विपद उत्थानशीलता

जलवायु परिवर्तनका कारण कृषि तथा जैविक विविधतामा परेको नकारात्मक प्रभाव कम गर्न जलवायु अनुकूलनको कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। पूर्वाधार निर्माण गर्दा खुला तथा हरियाली क्षेत्र, रिचार्ज पोखरी, पार्क तथा संरक्षण क्षेत्र, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनालाई विशेष प्राथमिकता दिइनेछ।

### ६. जनशक्ति व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रवाह

प्रभावकारी सेवा प्रवाह, प्रशासनिक चुस्तता र विकास प्रक्रियाको सुदृढीकरणका लागि पर्याप्त जनशक्तिको व्यवस्था गरि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ। संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) र जनशक्ति व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । नगरपालिका केन्द्रलाई सहरी विकासको केन्द र वडाको केन्द्रलाई विषयगत सेवा केन्द्रका रूपमा विकास गरी एकीकृत तथा गुणस्तरीय सेवा प्रवाह र विकास व्यवस्थापनको आधार तयार गरिनेछ। छिटो, छरितो र गुणस्तरीय सेवा प्रबाह यस नगरपालिकाको मूल मन्त्र हुनेछ । जनतालाई स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसफाइलगायतका सेवा सुविधामा सहज पहुँच सुनिश्चित गरिनेछ। अवश्यकताअनुसार घुम्ती

सेवा, घरदैलो सेवा तथा one stop service को प्रबन्ध गरिनेछ। यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ।

## ७. समन्वय, साझेदारी र सहकार्यमा आधारित विकास

नगर क्षेत्रको विकासमा अन्तरसरकारी, गैरसरकारी, निजी, सहकारी र समुदायसँग अधिकतम साझेदारी र सहकार्य गरी प्रभावकारी बनाइनेछ। शिक्षा तथा स्वास्थ्य क्षेत्रको प्रबर्धन र खानेपानी, सिचाई तथा अन्य पूर्वाधारलगायतका साझेदारी हुन सक्ने क्षेत्रको विकासका लागि अन्तरसरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई जोड दिइनेछ। उद्योग तथा व्यापारको प्रबर्धन, कृषि क्षेत्रको विकास, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यका अवसर सिर्जना, विपद व्यवस्थापन, पछाडि परेको वर्गको मल प्रवाहीकरण र खानेपानी तथा सरसफाइलगायतका क्षेत्रमा अन्तरसरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रसँगको साझेदारीलाई जोड दिइनेछ।

## ८. सुशासन, पारदर्शिता र सदाचार

सुशासन तथा भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता र सदाचारको प्रबर्धन गर्न आवश्यक नीतिगत तथा व्यावहारिक प्रयत्नहरू प्रभावकारी गराइनेछ। विद्युतीय सूचना प्रविधिको उपयोग गरी पारदर्शिता तथा जवाफदेहिताको प्रबर्धन गरिनेछ। सामाजिक जवाफदेहिताका औजारहरूको एकीकृत रूपमा अभ्यास गरिनेछ। सेवा प्रदायक स्थलहरूको अनुगमन, दण्ड तथा पुरस्कारलाई नियमित र प्रभावकारी गरिनेछ।

## ९. नतिजामा आधारित विकास व्यवस्थापन

सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाइनेछ। यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ।

## ३.५ समष्टिगत लक्ष्य र उद्देश्य

### ३.५.१ लक्ष्य

बोदे बरसाईन  नगरपालिकाको दीर्घकालीन सोच '"हरित क्रान्ति र समाबेशी बिकासः समृद्ध बोदे बरसाईनको मुख्य आधार" हासिल गर्ने दिशामा प्रथम आवधिक योजनाले आधार तयार गर्नेछ। दीर्घकालीन सोचअनुरूप यस योजनाले नगरपालिकालाई समृद्ध र उत्थानशील तथा समावेशी भौतिक पूर्वाधारसहितको हरित नगरपालिका  निर्माणको लक्ष्य लिएको छ । यसका लागि नागरिक, नगरपालिका र निजी क्षेत्रको संयुक्त सहभागितामा युवाहरूको सीप, दक्षता तथा सिर्जनशीलता संगठित र परिष्कृत गर्दै लैजाने प्रयास गरिनेछ। त्यसका आधारस्तम्भहरू देहायबमोजिम रहेका छन।

#### १. जनशक्ति विकास तथा ज्ञानमा आधारित अर्थतन्त्रको विकास

कृषिको आधुनिकीकरण, निजी क्षेत्रको सबलीकरण तथा आधारभूत भौतिक पूर्वाधारहरूको निर्माण गरी आधुनिक प्रबिधि र ज्ञानको समुचित उपयोग गरि उद्यम व्यवसाय तथा कृषि, पशु लगायतका सबैखाले उत्पदनहरूलाई आधुनिकीकरण गरेर उद्यमशीलता विकास तथा बजार सुनिश्चिततामार्फत वातावरणमैत्री आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा समृद्ध नगरपालिका बनाउने ध्येय यस आवधिक योजनाको छ। जनशक्तिलाई दक्ष र प्रतिस्पर्धी बनाई स्थानीय स्रोत, साधनहरूको सदुपयोग गर्दै नयाँनयाँ अवसरहरू सिर्जना गर्न सक्षम बनाएर शारीरिक श्रमलाई ज्ञानमा आधारित अर्थतन्त्रमा रूपान्तरण गर्ने योजना छ।

#### २. आर्थिक आधुनिकीकरण तथा निजी क्षेत्रको सबलीकरण

नगरपालिकाको मुख्य आर्थिक स्रोतका रूपमा रहेका जन श्रम, कृषि व्यापार व्यावसाय र सेवा उद्योगलाई आधुनिक सूचना, विज्ञान तथा प्रविधिको प्रयोग गरेर आधुनिकीकरण गरि उत्पादकत्व वृद्धि गर्ने।

#### ३. सुशासन तथा संस्थागत सामाजिक विकास

नगरपालिका, वडा कार्यालयहरू र सेवा प्रदायक संघ संस्थाहरूको संस्थागत संरचनालाई सबलीकरण गर्दै नगरपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवा तथा कार्यक्रमहरूमा उच्च जवाफदेहितासहित सुशासन सुनिश्चित गर्ने। समुदायमा यत्रतत्र छरिएर रहेको जनशक्तिलाई

समुदायमा आधारित संस्थाहरूमा संगठित गर्दै ती संस्थाहरूलाइ सबलीकरण गरी आर्थिक, सामाजिक, प्राविधिक, सांस्कृतिक तथा राजनीतिक विकास गर्ने।

## ४. सन्तुलित पर्यावरण तथा समावेशी पूर्वाधार

सबै प्रकारका विकास कार्यक्रम सञ्चालन गर्दा प्राकृतिक सन्तुलनका आधारमा त्यस क्षेत्रको वास्तविक प्राकृतिक क्षमताले धान्न सक्ने गरेर तथा विकास निर्माणका क्रममा खण्डित स्रोत तथा साधनहरूको वैज्ञानिक दृष्टिकोणले शोधभर्ना गर्न्ने गरी विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। वातावरणमाथिको अधिक चापलाई न्यूनीकरण गरेर वातावरणीय गुणस्तर कायम गर्न प्रत्यक वर्ष वार्षिक बजेटको निश्चित प्रतिशत रकम प्राकृतिक वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा सदुपयोग गरिनेछ । नगरपालिकाभित्र कार्यान्वयन गरिने सबै प्रकारका विकास निर्माण तथा भौतिक पूर्वाधार संरचनाहरू निर्माण गर्दा न्यूनतम गुणस्तर तथा महिला, बालबालिका, अपाङगता भएका, वृद्धवृद्धा सबैलाइ सहज हुने गरी निर्माण गरिनेछ।

## ५. लैंगिक तथा जातीय समानतासहितको सहभागिता

समुदायमा उच निचको व्यवहारका कारण सामाजिक न्याय प्राप्त गर्न नसकेका, लैंगिक रुपले उत्पिडनमा परेका तथा पछाडि पारिएका सीमान्तकृत समुदायका सदस्यहरूलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक नेपालको संविधानले लगायत मौलिक हकको प्रत्याभति गरेको छ। नेपालको संविधानले प्रत्याभति गरेअनुसार विकासका सबै चरणमा सबैको आत्मसम्मानको सुनिश्चितता गदै सम्मानजनक सहभागिता सुनिश्चित गरिनेछ।

## ६. जलवायु परिवर्तन अनुकूलन

जलवायु परिवर्तनले कृषि-आधारित यस नगरपालिकाका बासिन्दालाई गम्भीर प्रभाव पारेको छ। बालीनाली उत्पादन घटेको छ। यसको समाधानका लागि सबै विकास योजना तथा कार्यक्रममा जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण उपाय तथा प्राकृतिक संरक्षण कार्यक्रमहरु अनिवार्य रूपमा समावेश गरिनेछ। नगरपालिका र प्रत्येक वडास्तरमा जलवायु अनुकूलन तथा न्यूनीकरण कार्ययोजना लागू गरिनेछ।

### ३.५.२ उद्देश्यहरू

यस आवधिक योजनाको लक्ष्य हासिल गर्ने सिलसिलामा सबै नागरिकको मौलिक हकको संरक्षण, सामाजिक सुरक्षा एवम आत्मसम्मानको सुनिश्चित गर्दै ज्ञान र तथ्यमा आधारित सूचना प्रविधियुक्त सिर्जनशील र दक्ष जनशक्ति विकास गर्नु आवश्यक छ। भ—उपयोग नीति तथा योजना बनाई जमिनको उत्पादकत्व वृद्धि र नगरबासी र निजी क्षेत्रको सहभागितामा स्थानीयस्तरमै पुँजी निर्माण गरि हरित समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्रको प्रबर्धन गर्नुको विकल्प छैन । साथै वातावरणीय सन्तुलन, जैविक विविधता र प्राकृतिक संरक्षणसहित एकीकृत विकासमा जोड दिँदै नगर प्रशासनलाई पारदर्शी, जवाफदेहिता, सदाचारसहित सामाजिक समावेशिता तथा लैंगिक समानता सुनिश्चित गर्नु कम चुनौतीपूर्ण छैन। त्यसका लागि यो आवधिक योजनाका उद्देश्यहरू देहायका छनः

१. नगरको आर्थिक विकासको चरित्रलाई विविधीकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने।
२. पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै नगरको सेवा तथा सुविधामा नगरबासीको सहज पहुँच स्थापित गर्ने।
३. नगरको प्राकृतिक सौन्दर्यकरण तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संबर्धन गर्ने।
४. नगरबासीमा सामाजिक सदभाव, सहिष्णुता एवम सहअस्तित्वको विकास गरी यस नगरलाई एक आदर्श नगरका रूपमा स्थापित गर्ने।
५. नगरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम उत्प्रेरित मानव संसाधनको विकास गरी सहरी सुशासन प्रत्याभूत गर्ने।
६. कृषिको रुपान्तरण गरि कृषिको बजारीकरण, आधुनिकीकरण र ब्यवासयिकिकरण गर्दै सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धिको आधार तयार गर्ने।

## ३.६ योजनाका प्रमुख प्राथमिकता

यस प्रथम आवधिक योजनाले लिएको लक्ष्य र उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख प्राथमिकता क्षेत्र निर्धारण गरिएको छः

- कृषि तथा पशुपन्छी व्यवसायको आधुनिकीकरण, विविधीकरण, बजारीकरण, औद्योगिकीकरण;
- साना तथा मझौला उद्योगको विकास, विस्तार तथा प्रबर्धन;

- नवप्रवर्तन, सीप तथा उद्यमशीलता विकास र रोजगारी प्रबर्धन;
- स्थानीय मौलिक र वैज्ञानिक ज्ञानमा आधारित मानवस्रोत तथा प्रविधिको विकास र परिचालन;
- आरोग्यता तथा स्वस्थ जीवन र संस्कार;
- गुणस्तरीय र जीवनपयोगी शिक्षा;
- स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ सुविधाको प्रबर्धन;
- सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण तथा सामाजिक न्याय;
- योजनाबद्ध विकास तथा व्यवस्थित भू—उपयोग;
- व्यवस्थित, उत्पादनशील उत्थानशील र दिगो पूर्वाधार;
- वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद उत्थानशीलता;
- मानव संसाधन विकास तथा जनमुखी सेवा प्रवाह;
- सुशासन तथा जवाफदेहिता प्रवद्र्धन।

## ३.७ प्रमुख रणनीति

नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न देहायअनुसारका विषयहरूलाई विशेष प्राथमिकता दिई विकासका प्रयास सञ्चालन गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछः

### १. हरित, उत्थानशील, समावेशी र सन्तुलित विकासमार्फत तीव्र आर्थिक वृद्धिः

कृषि, पशुपालन तथा वनपैदावर व्यवसायलाई मूल्य शृंखलामा आधारित र व्यावसायीकरण गरिनेछ। वृत्तकार तथा हरित अर्थतन्त्रको अवधारणाबमोजिम उद्योग तथा व्यवसायलाई वातावरणमैत्री बनाउँदै विकास र विस्तार गरिनेछ ।

### २. आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट बजार/सहरः

स्थानीय उत्पादनहरूको व्यावसायिक उत्पादन र व्यवस्थित बजारीकरणका लागि सुविधासम्पन्न आधुनिक पूर्वाधार व्यवस्था गरिनेछ। साना तथा मझौला उद्योगको विकास, विस्तार तथा प्रबर्धन गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ। पूर्वाधारहरूको विकास तथा विस्तार गर्ने र नगरको सौन्दर्यीकरण गरिनेछ।

### ३. सरलीकृत र सुविधायुक्त वातावरणमैत्री नगर विकासः

स्थानीय भू—उपयोग नीति निर्माण गरी जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी जोखिम संवेदशील भूउपयोग योजना योजना तर्जुमा गरिनेछ। अध्ययन, योजना र जोखिम संवेदनशील भू—उपयोग नीति तथा योजनमा आधारित यातायात एवं अन्य पूर्वाधारको विकासमा गरिनेछ। भौतिक संरचना निर्माणमा विपद जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।

४. समावेशी र विपद उत्थानशील पूर्वाधार विकासः

स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा पूर्वाधार निर्माणमा विपद तथा जलवायु उत्थानशीलताका लागि आवश्यक मापदण्ड बनाएर कार्यान्वयन गरिनेछ।

५. फोहोरमैला प्रशोधन र समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नवीनतम प्रविधिको प्रयोगः

नगरपालिकामा उत्पादन हुने सबै खाले फोहोरमैलाको प्रभावकारी र दक्ष रूपमा संकलन तथा व्यवस्थापनका लागि नियामकीय संयन्त्र र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। घरायसी, व्यावसायिक तथा औद्योगिक फोहोरमैलाको पुनःप्रयोगमार्फत वृत्ताकार अर्थव्यवस्थालाई प्रोत्साहन गरिनेछ। फोहोरमैलाको संकलन तथा व्यवस्थापनमा समुदायको भूमिकालाई बढी प्रभावकारी तथा जिम्मेवारयुक्त बनाइनेछ।

६. सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील शिक्षा प्रणालीः

सामुदायिक विद्यालयहरूलाई सुदृढीकरण गरी राष्ट्रिय स्तरका निजी विद्यालय सरह प्रतिस्पर्धी बनाउइनेछ। प्रविधिमा आधारित शिक्षा तथा सीप विकासलाई सबै सामुदायिक विद्यालयमा प्राथमिकताका साथ प्रबर्धन गरिनेछ। सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू अपांगमैत्री बनाई फरक क्षमतावान नागरिकको उच्च शिक्षा सुनिश्चित गरिनेछ।

७. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवाः

सबै उमेरका नागरिकका लागि विविध सामुदायिक स्वास्थ्य सेवा तथा कार्यक्रमको प्रावधान गरिनेछ। निःशुल्क आधारभूत स्वास्थ्य सेवा वडा स्तरबाट नै प्रदान गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ। प्रदेश तथा संघीय संरचना र निजी स्वास्थ्य संस्थाहरूको सहकार्यबाट स्वास्थ्य बिमा, निरोधात्मक सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

८. नगरका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको सहभागिता सुनिश्चितताः

महिलाहरूको ज्ञान, सीप र क्षमताको प्रबर्धन र उच्च मूल्यांकन र समान ज्यालाको सुनिश्चितताका लागि नीतिगत व्यवस्थासहित उनीहरूको आत्मनिर्भरतामा जोड दिइनेछ। सबै प्रकारका अपांगता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

### ९. सार्वजनिक सेवाको गुणस्तर सुधार र सबै नागरिकको पहुँच अभिवृद्धिः

डिजिटल माध्यमबाट नागरिकले प्राप्त गर्ने सेवाहरूबारे आवश्यक सूचना प्रवाह गर्न सहभागितामूलक नीति तथा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। लैंगिक समानता, सामाजिक समावेशीकरण, तथा प्रविधिको उच्चतम प्रयोग गर्दै नगरको संस्थागत क्षमता वृद्धि गरिनेछ। नगरका सबै नागरिकको आर्थिक सामाजिक अवस्थाको विवरण संकलन गरी केन्द्रकृत सर्भरमा नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ । सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी तुल्याइनेछ। कार्यसम्पादनमा आधारित वैज्ञानिक मूल्यांकनमार्फत कर्मचारीलाई कामप्रति उत्तरदायी बनाइनेछ।

### १०. जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धिः

सहज र छरितो सेवा प्रवाहका लागि चलायमान संगठन, सीपयुक्त तथा दक्ष जनशक्ति, विद्युतीय सुशासन तथा सूचना प्रविधिको प्रभावकारी उपयोग गरिनेछ। आयोजनाको समयमै गुणस्तरीय रूपमा सम्पन्न गर्न खरिद योजना तथा वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ। कानुन तथा विधिको शासनको अनुसरण गर्दै नीति निर्माण, सेवा प्रवाह, कार्यसम्पादन र शासन सञ्चालन प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, जनताप्रति उत्तरदायी र संवेदनशील शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टि अभिवृद्धि गरिनेछ। नागरिक सन्तुष्टि, सामाजिक जवाफदेहिता, प्रमाणमा आधारित प्रतिवेदनमार्फत वित्तीय अनुशासन तथा योजना अनुशासनलाई व्यावहारिक रूपमा अनुसरण गरिनेछ।

# परिच्छेद चारः

# विषय क्षेत्रगत लक्ष्य, उद्देश्य र रणनीति र प्रमुख कार्यक्रम

## ४.१ आर्थिक बिकासको ढांचा

बोदे बरसाईन नगरपालिकाले प्रकृतिप्रदत्त स्रोतसाधन र संविधानप्रदत्त अधिकारको समुचित उपयोग गर्दै नगरपालिकामा सम्भाव्य देखिएका सबै क्षेत्र तथा उपक्षेत्रहरूमा लगानी र उत्पादकत्व अभिवृद्धि गरि हरित समावेशी र उत्थानशील आर्थिक विकासमार्फत रोजगार सिर्जना तथा आयआर्जनमा बढोत्तरी ल्याएर नगरबासीको प्रतिव्यक्ति आयमा उल्लेख्य सुधार गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

स्थानीय स्तरमा उपलब्ध उत्पादनका साधन र प्राकृतिक स्रोतहरूको संरक्षण संवर्द्धन र दिगो व्यवसायीकरणमार्फत स्थानीय स्तरमै पुँजी निर्माण गर्ने, उन्नत प्रविधिको विकास र प्राप्ति गर्ने र युवा जनशक्तिलाई उत्पादन र बजारसँग जाडने आर्थिक क्रियाकलापहरूको प्रवद्र्धनमा जोड दिइनेछ। त्यस्ता आर्थिक क्रियाकलापहरूबाट प्राप्त प्रतिफलको समन्यायिक वितरणका लागि उपयुक्त कानुनी संरचना र संस्थागत सुशासनको प्रत्याभूति गरिनेछ। सबै जातजाति, समुदाय, वर्ग र पिछडा सबैले समन्यायिक रुपमा आर्थिक क्रियाकलापमा सहभागी हुन पाउने र आर्थिक लाभांशमा पहुँच पुग्ने सुनिस्चितता लागि निम्नलिखित रणनीति अपनाइनेछ।

१. **स्थानीय पुँजी निर्माणः** असंगठित रूपमा रहेका नागरिकहरू, बैंक वित्तीय संस्था तथा सहकारीहरू र सामुदायिक संस्थाहरूको संगठित सहकार्यमा स्थानीय स्तरमा नै पुँजी निर्माणलाई प्रोत्साहन गरी परिचालन गर्ने व्यवस्था मिलाउने।

२. **दक्ष र जिम्मेवार निजी क्षेत्रको प्रबर्धनः** व्यावसायिक दक्षता र व्यवस्थापकीय कौशलका साथै कानुनी राज्य र समाज प्रति उत्तरदायी स्थानीय निजी क्षेत्रको प्रवद्र्धनमा जोड दिने।

३. **नवप्रवर्तनको प्रबर्धनः** युवा जनशक्तिलाई नवप्रवर्तन गर्न प्रोत्साहन गर्दै शीप तालिमजस्ता कार्यक्रम संचालन गरि स्वरोजगार हुने प्रबन्ध गरिनेछ।

४. **नगरपालिकाको भूमिकाः** हरित क्रान्ति ल्याई कृषिसम्बद्द साना तथा मझौला उद्योग मार्फत दीर्घकालीन लक्ष्य हासिल गर्ने र समाजवाद उन्मुख स्थानीय अर्थतन्त्र निर्माणका लागि नगरपालिकाले आवश्यक कानुनी तथा अन्य प्रबन्ध गर्नेछ।

५. **साझेदारी मोडलको विकासः** नेपालको संविधानले निर्दिष्ट गरेबमोजिमको खुला बजार प्रणालीमा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि नगरपालिका, स्थानीय समुदाय, नागरिक र निजी क्षेत्रको साझेदारीमा उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, रोजगार सिर्जना र बजार प्रणालीलाई मर्यादित तथा व्यवस्थित गर्ने सहभागितामूलक आर्थिक विकास ढाँचा अवलम्बन गरिनेछ ।

### ४.१.१ कृषि र खाद्य सुरक्षा

#### ४.१.१.१ पृष्ठभूमि तथा सिकाइ

साबिकका गाउँपालिकाहरुको गठजोडबाट बनेको यो नगरपलिका मूलतः कृषिमा आधारित नगरपालिका हो। धेरै हदसम्म जीविकोपार्जनमुखी रहेको कृषि क्षेत्र रोजगारीको मुख्य आधारका रूपमा रहेको छ र यो निम्न तथा मध्यम आय भएको समुदायलाई खाद्य सुरक्षा प्रत्याभूत गर्ने मुख्य क्षेत्र भएको छ। नगरपालिकाको कुल खेतीयोग्य जमिन ४,३३८.९ हेक्टर रहेको छ, जसमध्ये ६२.२०% (२६९८.८ हेक्टर) मा सिँचाइसुविधा उपलब्ध छ। ३७.८% (१,६४०.१ हेक्टर) जमिन वर्षामा मात्र निर्भर छ। यसले सिँचाइपूर्वाधारको थप विकासबाट कृषि उत्पादकत्व बढाउन सकिने सम्भावना देखाउँछ।

*तालिका ४.१: सिचाईका प्रमुख स्रोत तथा योजनाहरु*

| प्रमुख स्रोत/ योजना | स्थान | सिंचित क्षेत्र (हेक्टर) |
|---|---|---|
| नदी सिँचाइयोजना | बोदे बरसाईन | १२०० |
| बोरिंग जल स्रोत सिँचाइयोजना | बोदे बरसाईन | १४९८.८ |

(श्रोतः राष्ट्रिय कृषि गणना -२०७८ सामुदायिक प्रतिबेदन)

*तालिका ४.२ : सिँचाइसुबिधा*

| उपलब्ध सुबिधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | ४३३८.९ |
| सतह सिँचाइ | १२०० |
| भूमिगत सिँचाइ | १४९८.८ |
| कुल सिँचाइक्षेत्र | २६९८.८ |
| सिँचाइनभएको क्षेत्र/ वर्षामा निर्भर हुने क्षेत्र | १६४०.१ |

(श्रोतः राष्ट्रिय कृषि गणना -२०७८ सामुदायिक प्रतिबेदन)

भूउपयोग नीतिको अभाबमा खेतीयोग्य जमिनको घडेरीकरण तथा जग्गाको बढदो बाँझोकरणले गर्दा कृषि उत्पादनमा कमी आएको छ। यसरी दैनिक उपभोग्य वस्तुमा बढदो परिनिर्भरताका कारण आयातित खाद्य वस्तुको हिस्सा उच्च हुँदा नगरपालिकाको आपूर्ति प्रणाली र मूल्यमा समेत चाप परेको छ।

*तालिका ४.३: प्रमुख उत्पादन, सरदर मूल्य र उत्पादकत्व*

| बर्षे धान | | चैते धान | | गहुँ | | तोरी | | आलु | |
|---|---|---|---|---|---|---|---|---|---|
| औषत मूल्य प्रति क्विन्टल (रु) | उत्पादकत्व क्विन्टल प्रति हेक्टर | औषत मूल्य प्रति क्विन्टल (रु) | उत्पादकत्व क्विन्टल प्रति हेक्टर | औषत मूल्य प्रति क्विन्टल (रु) | उत्पादकत्व क्विन्टल प्रति हेक्टर | औषत मूल्य प्रति क्विन्टल (रु) | उत्पादकत्व क्विन्टल प्रति हेक्टर | औषत मूल्य प्रति क्विन्टल (रु) | उत्पादकत्व क्विन्टल प्रति हेक्टर |
| २३९० | २७.६ | २६०० | २६.० | २९४० | २२.२ | ११००० | १०.१ | २४५० | ५९.१ |

(श्रोतः राष्ट्रिय कृषि गणना -२०७८ सामुदायिक प्रतिबेदन)

परम्परागत रूपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिदै आएको र कृषि विकासका लागि सञ्चालनमा आएका क्रियाकलापहरू छरिएर जाने गरेकाले लक्षित वर्गका लागि प्रतिफलमुखी हुन सकेका छैनन । कृषिलाई नाफामूलक व्यवसायका रूपमा स्थापित गर्न नसक्दा निजी क्षेत्र र स्वरोजगारीका लागि युवा उद्यमीहरू आकर्षित हुन सकेका छैनन। गुणस्तरीय कृषि उत्पादन सामग्रीहरूको सहज उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादन यान्त्रीकरण हुन नसक्नु, कृषि विकासका लागि आवश्यक प्रविधि, सिँचाइ, कृषि सडक, कृषि प्रशोधन उद्योगहरूसँगको समन्वयको अभाव र व्यवस्थित बजार सूचना प्रणालीको अभावमा कृषिमा ठूला व्यावसायिक घरनाहरूको लगानी आकर्षण हुन सकेको छैन भने सानो पुँजीका साथ व्यवसाय सुरु गरेका सीमान्तकृत लगानीकर्ताहरू लामो समय व्यवसायमा टिक्न नसक्ने गरेको अवस्था छ ।

## ४.१.१.२ सम्भावना र अवसर

मुख्य आर्थिक क्रियाकलापको रुपमा कृषि कर्म रहेको यस नगरपालिकामा हिउँद र वर्षा गरि दुई मौसममा धान खेति हुने गरेको छ। मुख्य बालीको रुपमा धानको अलावा गहुँ, तोरी, आलु र मकै खेति हुने गरेको छ। व्यावसायिक दृष्टिले उत्पादन गर्न सकिने र बजारमा माग भएका

बालीहरूमा फलफूलतर्फ आँप, केरा, मेवा र कागती आदि, विभिन्न प्रजातिमा मौसमी तथा बेमौसमी तरकारी, आलु, खाद्यान्नतर्फ धान, मकै, तोरी र अन्य बालीतर्फ मौरीपालन, च्याउ खेती र फल खेतीको प्रशस्त सम्भावना छ ।

कृषि उत्पादनलाई प्रोत्साहन गर्न बाली बिमा कार्यक्रम, कृषि सडक सञ्जालको निर्माण, सहुलियत पूर्ण कृषि ऋणको उपलब्धता, समयमै मलखादको व्यवस्था, कृषि अनुदानको व्यवस्था, विषयगत जनशक्तिको उपलब्धता, व्यावसायिक कृषिको मापदण्ड तयार, स्थानीय स्तरमा गुणात्मक बीउको आपूर्ति, सबै वडाहरूमा कृषि बजारको व्यवस्था, आधुनिक खेती प्रणाली अपनाएर खाद्यान्न, फलफूल र दलन उत्पादकत्व बढाउने, बहुबाली खेती प्रणाली अपनाउन सकिने, समूहगत व्यावसायिक खेती प्रणालीको विकास गर्न सकिने, सहकारीमार्फत कृषि बजारको व्यवस्था गरी व्यावसायिक कृषि उत्पादनमा जोड दिन सकिने राम्रो सम्भावना छ।

### ४.१.१.३ समस्या तथा चुनौती

बोदे बरसाईन नगरपालिकाको स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक कृषि क्षेत्र हो। यद्यपि यहाँको कृषि प्रणाली परम्परागत र निर्वाहमुखी भएकाले यसलाई आधुनिकीकरण र व्यवसायीकरणको आवश्यकता देखिन्छ। खेतीयोग्य भूमिको तीव्र रूपान्तरण पनि कृषिको आधुनिकीकरण र उत्पादनको स्तरवृद्धिका लागि एक गम्भीर चुनौती छ। पछिल्लो खेतीयोग्य जमिनको क्षेत्रफल घटनु, जमिन बाँझो राख्ने प्रवृत्तिमा वृद्धि हुनु तर खाद्यानको मागमा लगातार बढदै जाँदा यहाँ उत्पादन हुन सक्ने तरकारी जस्ता दैनिक उपभोग्य वस्तुहरूमा समेत परनिर्भर हुने गम्भीर विषय हो। यसरी यस नगरपालिकामा कृषियोग्य भूमिको हिस्सा उच्च देखिए पनि यसको तीव्र रूपान्तरण हरित, दिगो र उत्थानशील विकासका लागि एक गम्भीर चुनौतीका रूपमा देखापरेको छ। त्यसैगरी, पछिल्लो समय जमिन बाँझो राख्ने प्रवृत्ति बढेकाले खेती गरिएको जमिनको हिस्सा अझै खुम्चिँदै गएको छ। उत्पादित कृषि उपजको न्युनतम मूल्यको सुनिश्चितता नहुनु, उत्पादित वस्तुलाई लामो समयसम्म भण्डारण गरी राख्नका लागि पर्याप्त चिस्यान केन्द्रको अभाब, आधुनिक ज्ञान र शीप तथा पुंजीको अभावका कारण युवा जनशक्ति कृषिबाट पलायन भै रहेका छन्।

स्थानीय सरकार र सम्बन्धित पक्षबाट अव्यवस्थित बजारको व्यवस्थापन र अनुगमन प्रभावकारी हुन नसक्दा कृषि उपजको बजारमा सीमित व्यवसायी र बिचौलियको एकाधिकार हुँदा कृत्रिम अभाव र मूल्य वृद्धिको समस्या समाधान निकै चुनौतीपूर्ण भएको छ।

### ४.१.१.४ लक्ष्य र उद्देश्य

यस नगरपालिकाको संस्थागत सुदृढीकरण, आधुनिक प्रविधिको सदुपयोग, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत व्यावसायिक र योजनात्रद्ध उत्पादन प्रणाली प्रवद्र्धन गरी कृषिको उत्पादकत्व वृद्धि गरेर यस क्षेत्रलाई नाफामूलक उद्यमका रूपमा स्थापित गर्दै संस्थागत लगानी आकर्षित गरी आयआर्जन र रोजगारीका अवसरहरू वृद्धि गर्ने वातावरण बनाउन सहयोग गर्ने यस आवधिक योजनाको प्रमुख लक्ष्य हो। त्यसका लागि कृषि क्षेत्रलाई थप प्रतिस्पर्धी, जलवायु परिवर्तन अनुकलित बनाएर परम्परागत निर्वाहमुखी कृषिलाई र मूल्य शंखलामा आधारित कृषि प्रणालीमा रूपान्तरण गरी समावेशी तथा दिगो बनाउन जरुरी छ। उक्त लक्ष्य भेटनका लागि यस आवधिक योजनामा देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ ।

१. साना र असंगठित किसानहरूलाई वर्गीकरण र संगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकासमार्फत कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्ने ।
२. बिउ देखि बजारसम्म कृषि सामग्रीको सहज उपलब्धतादेखि उत्पादित वस्तुको बजारीकरण र उपभोगसम्मका सबै अवयवहरूको सबलीकरण गरी सुदृढ मूल्य शृंखलासहितको समावेशी र उत्थानशील कृषि बजार प्रणालीको विकास गर्ने ।
३. कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गर्ने।

### ४.१.१.५ रणनीति र कार्यनीति

*तालिका ४.४: कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: साना र असंगठित किसानहरूलाई वर्गीकरण र संगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकासमार्फत कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्ने ।** | | | |
| १.१ | सामूहिक र सहकारी खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने । | १.१.१ | कृषक समूह, उत्पादन सहकारीमार्फत उत्पादित वस्तुहरूको भण्डारण गर्न कोल्ड स्टोरहरूको निर्माण गर्ने। |
| | | १.१.२ | नागरिकहरूलाइ संगठित गरी जमिनको चक्लाबन्दी गरी व्यावसायिक खेती प्रणाली सञ्चालन गर्ने । |

| | | | |
|---|---|---|---|
| १.२ | कृषिमा सञ्चालित विभिन्न खाले अनुदान र सहुलियतका कार्यक्रमहरूलाई एकीकृत गरी व्यवस्थापन गर्ने । | १.२.१ | आन्तरिक तथा बाहय बजारमा उच्च माग भएका रैथाने बालीहरूको व्यावसायिक उत्पादन गरी अनुदान र सहुलियत प्राप्त गर्न अभिप्रेरित गर्ने । |
| | | १.२.२ | दैनिक उपभोग्य वस्तुको स्थानीय स्तरमा व्यावसायिक र योजनाबद्ध उत्पादनका आधारमा मात्र अनुदान र सहुलियत दिने व्यवस्था गर्ने । |
| **उद्देश्य २: बिउ देखि बजारसम्म कृषि सामग्रीको सहज उपलब्धतादेखि उत्पादित वस्तुको बजारीकरण र उपभोगसम्मका सबै अवयवहरूको सबलीकरण गरी सुदृढ मूल्य शृंखलासहितको समावेशी र उत्थानशील कृषि बजार प्रणालीको विकास गर्ने ।** | | | |
| २.१ | समावेशी मूल्य शृंखलाहरूको विकास र व्यावसायिक विस्तारमा जोड दिने । | २.१.१ | आधुनिक प्रविधि, कृषि औजार तथा मल, बीउ र सुरक्षित विषादिहरू सर्वसुलभ रूपमा उपलब्ध गराउने । |
| | | २.१.२ | ग्रामीण वडाहरूमा व्यावसायिक उत्पादनलाई सहजीकरण गर्न सेवा केन्द्रहरू स्थापना र स्तरोन्नति गर्ने तथा मूल्य शृंखलालाई सबलीकरण गर्न कृषि उपज संकलन केन्द्र तथा थोक र खुद्रा बजार केन्द्रहरू विकास गर्ने। |
| २.२ | संघ, प्रदेश र निजी क्षेत्रको समेत सहकार्यमा कृषि पूर्वाधारको विकासलाई तीव्रता दिने। | २.२.१ | संघ तथा प्रदेश सरकारको सहकार्यमा मूल्य शृंखला सबलीकरणका हिसाबले रणनीतिक कृषि पूर्वाधारहरूको निर्माण गर्ने। |
| | | २.२.२ | स्थानीय माग सम्बोधन गर्ने खालका कृषि पूर्वाधार, सामग्री र प्रविधि (कस्टम हायरिङ केन्द्र, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, प्रांगारिक मल उत्पादन आदि)को विकास र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । |
| **उद्देश्य ३: कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गर्ने ।** | | | |
| ३.१ | अध्ययन अनुसन्धान र प्रमाणका आधारमा रैथाने कृषि उपजहरूको संरक्षण, संवद्र्धन र व्यवसायीकरण गर्ने । | ३.१.१ | स्थानीय रैथाने वस्तुहरूको अध्ययन अनुसन्धान, अभिलेखीकरण (प्रोफाइल), संरक्षण (प्याटेन्ट दर्तासहित) र व्यवसायीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| | | ३.१.२ | महिला उद्यमी संघ तथा युवा उद्यमी, ग्रामीण, गरिब तथा सीमान्तकृत समुदायका महिला/समूहहरूलाई लक्षित गर्दै उपप्रमुखसँग महिला कार्यक्रममार्फत व्यावसायिक कृषि प्रवर्द्धनमा जोड दिने । |

| | | | |
|---|---|---|---|
| ३.२ | बजारको मागअनुसारका कृषि उत्पादनहरूको प्रवर्द्धनमा जोड दिने । | ३.२.१ | बजारको मागअनुरूपका स्थानीय प्रकृति, संस्कृति, कृषि उत्पादनको प्रवर्द्धन गर्न समुदायलाई तालिम, सहजीकरण र अनुदान प्रदान गर्ने । |
| | | ३.२.१ | उत्पादकहरूलाई बजार माग मूल्य जस्ता सूचना र होटेल, रेस्टुरेन्ट जस्ता संस्थागत उपभोक्तालाई गुणस्तरीय उत्पादनको आपूर्तिका विषयमा सहज पहुँच सुनिश्चित गर्न बजार सूचना प्रणाली (वेब पोर्टल)को व्यवस्था गर्ने । |

### ४.१.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको आर्थिक विकास क्षेत्रअन्तर्गतका अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको अन्तरिक स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्यमा कृषि तथा खाद्य सुरक्षाका लागि यस योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

*तालिका ४.५: कृषि तथा खाद्य सुरक्षा क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नीतिगत, कानुनी तथा संस्थागत संरचना र सूचना प्रणाली विकास । | ५२३८.०० | ५७६१.८० | ६३३७.९८ | ६९७१.७८ | ७६६८.९६ |
| २ | अध्ययन अनुसन्धान, प्रोफाइल, व्यावसायिक योजना तर्जुमा तथा प्याटेन्ट दर्ता कार्य। | १०४७६.०० | ११५२३.०० | १२६७५.९६ | १३९४३.५६ | १५३३७.९२ |
| ३ | मूल्य शृंखला सबलीकरण कार्यक्रम। | १०४७६.०० | ११५२३.०० | १२६७५.९६ | १३९४३.५६ | १५३३७.९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मल बीउ तथा कृषि सामग्रीमा अनुदान कार्यक्रम । | ४७१४२.०० | ५१८५६.२० | ५७०४१.८२ | ६२७४६.०० | ६९०२०.६० |
| ५ | कृषि पूर्वाधार विकास कार्यक्रम । | २६१९०.०० | २८८०९.०० | ३१६८९.९० | ३४८५८.८९ | ३८३४४.७८ |
| ६ | रैथाने बालीहरूको संरक्षण तथा संवर्धन। | ५२३८.०० | ५७६१.८० | ६३३७.९८ | ६९७१.७८ | ७६६८.९६ |
| | जम्मा | १०४७६०.०० | ११५२३६.०० | १२६७५९.६० | १३९४३५.५७ | १५३३७८.१४ |

#### ४.१.१.७ अपेक्षित उपलब्धि

१. नगरपालिकामा कृषिको सांगठनिक विस्तार भएर नीति निर्माणदेखि कार्यक्रम सञ्चालनमा कृषि क्षेत्रको मूलप्रवाहीकरण भई प्राथमिकतामा परेको हुनेछ ।
२. कृषि क्षेत्रका मूल्य शृंखलाहरूको सबलीकरण भई उत्पादकत्व वृद्धि, रोजगारी वृद्धि, उद्यम विकास तथा बजार विस्तार भएको हुनेछ ।
३. कृषिमा आवश्यक पूर्वाधार तथा उत्पादन सामग्रीहरूको सहज आपूर्ति एवम संलग्न कृषक एवम जनशक्तिको दक्षता अभिवृद्धि भएको हुनेछ ।
४. कृषिको व्यवसायीकरण र निजी क्षेत्रको संस्थागत लगानी आकर्षित भई कृषि एक नाफामूलक उद्योगका रूपमा स्थापित भएको हुनेछ ।

### ४.१.२ पर्यटन विकास

#### ४.१.२.१ पृष्ठभूमि तथा सिकाइ

तराईका समथर फाँट, हरियाली, फलफूलका बगैंचा, नदीनाला, सांस्कृतिक र धार्मिक धरोहर, अमुर्त सम्पदा, निस (niche) पर्यटन र प्राकृतिक तथा मानवनिर्मित सम्पदाहरुनै तराई पर्यटनको मुख्य स्रोत र आधारहरु हुन्। बोदे बरसाईन नगरपालिकामा रहेका धार्मिक-सांस्कृतिक सम्पदाहरूमा आन्तरिक तथा सिमावर्ती क्षेत्रहरुबाट सीमित संख्यामा भ्रमण गर्ने गरेको पाईएतापनि आधारभूत रुपमा पर्यटन नगन्य रुपमा रहेको छ। मिश्रित जातजाति र तिनीहरुको रहनशहन, भेषभुषा, सांस्कृतिक क्रियाकलाप तथा बिबिधतायुक्त प्राकृतिक सम्पदाका कारण यस

नगरपालिकामा पर्यटन विकासको सम्भावना रहेको कुरालाई नकार्न सकिदैन। "बर्मीजियाको पेडा", "सलेहस फूल"ले जसरी Niche Tourism को एउटा अनुपम उदाहरण प्रस्तुत गरेको छ, यसलाई एउटा सिकाईको रुपमा लिएर यस नगरपालिका भित्र रहेका मुर्त र अमुर्त सम्पदाको खोजी र त्यसको बजारीकरण गर्न सकिएमा यो नगरपालिका आन्तरिक तथा सिमावर्ती क्षेत्रको एउटा महत्त्वपूर्ण गन्तब्य बन्ने देखिन्छ।

### ४.१.२.२ सम्भावना र अवसर

हुलाकी सडकले छुने बोदे बरसाईन नगरपालिकामा पर्यटकीय उपज र सम्पदा खोजी, विकास र बजारीकरण गर्न सकिएमा पहुँच (access) को समस्या हुने देखिदैन। कृषिमा आधारित आधारित अर्थव्यवस्था भएको यो नगरपालिकामा पर्यटकीय सम्भावना पनि कृषि, पर्यावरण र कृषिकर्ममा आधारित मुर्त/अमुर्त सम्पदा नै रहेको देखिन्छ। दुई बाली धान हुने यस नगरपालिकामा रहेका होम स्टे, रैथाने खाना, रहनसहन, सांस्कृतिक सम्पदा र पर्यटकीय उपजको सौन्दर्यकरण र अतिथ्यताको अनुपम गठजोड बनाउन सकिएमा पर्यटनको विकास हुने र यसले स्थानीयबासीको जीवनस्तरमा समेत सकारात्मक परवर्तन ल्याउने सम्भावना देखिन्छ।

### ४.१.२.३ समस्या तथा चुनौती

यो नगरपालिका अहिलेसम्म पर्यटकीय गन्तव्य बन्न सकेको छैन। यहाँका स्थानीय बासिन्दालाई पर्यटनको महत्त्व बुझाउनु र उनीहरूलाई पर्यटकीय सम्पदा र उपजको खोजी, विकास, प्रवर्द्धन र बजारीकरणमा जोड्नु सजिलो छैन। यो काम आफैंमा ठूलो चुनौती हुनेछ, किनभने स्थानीय मानिसहरूलाई नयाँ कुरा सिकाउन र उनीहरूको साथ लिन समय र मेहनत लाग्ने देखिन्छ।

पर्यटन विकासका लागि निजी क्षेत्र र सरकारी निकायको सहकार्य जरुरी छ। तर, यहाँ निजी क्षेत्रलाई आकर्षित गर्नु अर्को कठिन काम भएको छ। व्यवसायीहरूले लगानी गर्नुअघि फाइदा र सम्भावना स्पष्ट देख्न चाहन्छन्, र त्यो देखाउन हामीलाई अझै धेरै गर्न बाँकी छ। यो सहकार्यबिना पर्यटनको सपना पूरा गर्न गाह्रो हुन्छ।

यहाँका प्राकृतिक र सांस्कृतिक सम्पदालाई जोगाउने, व्यवस्थित गर्ने र सुन्दर बनाउने काममा पनि कमी छ। यस्ता कुराहरूका लागि आवश्यक अध्ययन, अनुसन्धान र पहलकदमीको अभावले समस्या थपिएको छ। यी सम्पदाहरू हाम्रो ठूलो सम्पत्ति हुन्, तर तिनलाई संरक्षण र प्रवर्द्धन गर्न नसक्दा पर्यटनको सम्भावना कमजोर बनेको छ।

त्यसमाथि, युवाहरूको विदेश पलायनले अर्को ठूलो चुनौती थपिदिएको छ। गाउँमा कृषि पर्यटनको सम्भावना छ, तर युवाहरू नै नहुँदा यो क्षेत्रको विकास गर्न कठिन भएको छ। यस्तो अवस्थामा हामीले सबै पक्ष मिलेर काम गर्नुपर्छ, नत्र यो सुन्दर ठाउँको सम्भावना यत्तिकै हराएर जानेछ।

### ४.१.२.४ लक्ष्य र उद्देश्य

बोदे बरसाईन नगरपालिकालाई "प्राकृतिक सुन्दरता, कृषि सम्पदा र मधेशी संस्कृतिको अनुपम संगम" भएको एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न मार्गप्रशस्त गर्ने यो आवधिक योजनाको मुख्य लक्ष्य हो ।

१. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न नगरपालिकामा कानुनी र संस्थागत संरचना निर्माण तथा आवश्यक योजनाहरू तर्जुमा गरी पर्यटन उद्योगको दिगो र उत्थानशील वृद्धिको मार्गचित्र कोर्ने।

२. मूर्त र अमूर्त पर्यटकीय उपजको खोजी, अध्ययन, अनुसन्धान गरि पर्यटनको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम विस्तार गर्ने।

### ४.१.२.५ रणनीति र कार्यनीति

*तालिका ४.६: पर्यटन विकासका लागि लिइने रणनीति तथा कार्यनीति रणनीति कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न नगरपालिकामा कानुनी र संस्थागत संरचना निर्माण तथा आवश्यक योजनाहरू तर्जुमा गरी पर्यटन उद्योगको दिगो र उत्थानशील वृद्धिको मार्गचित्र कोर्ने।** | | | |
| १.१ | नगरपालिकामा पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने । | १.१.१ | नगर कार्यपालिकाको कार्यालयमा पर्यटन विकास शााखाको स्थापना गरी सेवा संचालन गर्ने । |
| | | १.१.२ | स्थानीय र पर्यटन संवद्ध पक्षहरूको सहभागितामा पर्यटन विकास गर्न आवश्यक नीति योजना र कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने । |
| १.२ | पर्यटन उद्योगसम्बद्ध निजी संघसंस्था र अन्य | १.२.१ | पर्यटकीय संपदाहरूको संरक्षण र सौन्दर्यीकरणमा जोड दिदै पर्यटकीय सेवासुविधा र उपजको विस्तार र विविधीकरण गर्ने। |

| | | | |
|---|---|---|---|
| | सरोकारवालाहरूसँगको सहकार्यमा पर्यटकीय उपजको खोजी, प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने । | १.२.२ | स्थानीय स्रोतसाधन र उत्पादनलाई पर्यटनसँग जोडेर (forward and backward linkages) स्थानीय समुदायमा उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न साना तथा मझौला व्यावसायिको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने। |
| **उद्देश्य २: मूर्त र अमूर्त पर्यटकीय उपजको खोजी, अध्ययन, अनुसन्धान गरि पर्यटनको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम विस्तार गर्ने।** | | | |
| २.१ | संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा पर्यटनको विकास तथा विस्तारका दृष्टिले रणनीति महत्वका पूर्वाधारहरू (सडक, पुल वा अन्य कृतिम सम्पदा आदि) विकासमा जोड दिने । | २.१.१ | संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा हुलाकी लगायत अन्य कृषि सडकको सौन्दर्यकरण गर्ने। |
| | | २.१.२ | नीजि क्षेत्र समेतको सहकार्यमा पर्यटकीय उद्दान, जैविक बिबिधता केन्द्र जस्ता पर्यटकीय सम्पदाको विकास, विस्तार गर्ने। |
| २.२ | मूर्त र अमूर्त पर्यटकीय उपजको खोजी, अध्ययन, अनुसन्धान गरि निस (niche) पर्यटनको गन्तव्यकोरुपमा विकास गर्ने। | २.२.१ | स्थानीय इतिहासकार, संस्कृतिबिद तथा अनुसन्धानकर्तासंगको सहकार्यमा यस नगरपालिका भित्र रहेका पर्यटकीय सम्भावना भएका मूर्त र अमूर्त सम्पदा लगायत स्थानीय विशिष्टता (Unique Selling Point - USP) को खोजी र अध्ययन गरि विकास, प्रचार-प्रसार र प्रवर्द्धन गर्ने। |
| | | २.२.२ | मैथली संस्कृति, स्थानीय खाना, पारम्परिक हस्तशिल्प, फार्म टुर, कृषि अनुभव, फार्म-टु-टेबल "(Farm-to-Table) डाइनिंग अनुभव, लिव लाइक अ लोकल" (Live Like a Local), धान रोपाइ उत्सव, आँप उत्सब/मेला जस्ता निस पर्यटनको खोजी गरि स्थानीयलाई प्रोत्साहित गर्दै पर्यटनको विकास गर्ने। |

## ४.१.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजनाको अवधिभर पर्यटन क्षेत्रको यथोचित विकास गरी अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी अबको ५ वर्षमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ ।

*तालिका ४.७: पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नीतिगत, कानुनी तथा संस्थागत संरचना र योजना तर्जुमा | २,२०५.४७ | २,४२६.०२ | २,६६८.६२ | २,९३५.४८ | ३,२२९.०३ |
| २ | पर्यटन प्रवर्द्धनका लागि रैथाने कला, संस्कृतिको खोजी, संरक्षण तथा प्रवर्द्धन | २,२०५.४७ | २,४२६.०२ | २,६६८.६२ | २,९३५.४८ | ३,२२९.०३ |
| ३ | कृषि पर्यटन मूल्य शृंखला सबलीकरण कार्यक्रम । | ३,३०८.२१ | ३,६३९.०३ | ४,००२.९३ | ४,४०५.२२ | ४,८४१.५४ |
| ४ | संघ, प्रदेश, छिमेकी स्थानीय तहहरू र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन पूर्वाधार विकास | ७,७१९.१५ | ८,४९१.०६ | ९,३३९.१७ | १०,२७४.१८ | ११,३०२.६१ |
| ५ | कृषि पूर्वाधार विकास कार्यक्रम । | ५,५१३.६९ | ६,०६५.०६ | ६,६७१.५६ | ७,३३८.७२ | ८,०७२.५२ |
| ६ | निजी क्षेत्रसँगको | १,१०२.७४ | १,२१३.०१ | १,३३४.३२ | १,४६७.७५ | १,६१४.४९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | साझेदारीमा आँप महोत्सब, वेल सर्वत महोत्सव, रोपाई उत्सब, मैथली हस्तकला workshop कार्यक्रम | | | | | |
| | जम्मा | २२,०५४.७३ | २६,२६०.२० | २८,६८५.२२ | ३१,३५६.८३ | ३४,२८९.२२ |

### ४.१.२.७ अपेक्षित उपलब्धि

१. नयाँ पर्यटन उपजहरूको विकास भएको हुने ।

२. थप पर्यटन पूर्वाधारहरूको विकास र विस्तार भएको हुने ।

३. निस (niche) पर्यटनको विकास र विस्तार भएको हुने ।

### ४.१.३ उद्योग, व्यवसाय तथा व्यापार

### ४.१.३.१ पृष्ठभूमि तथा सिकाइ

नगरपालिकामा कृषिमा आधारित साना तथा मझौला उद्योगहरू छन् भने व्यापार क्षेत्रमा थोक तथा खुद्रा व्यापारले यहाँको अर्थतन्त्रलाई चलायमान बनाएको छ । नगरपालिकाको अर्थतन्त्रको मुख्य आर्थिक आधार कृषि कुशल र समावेशी मूल्य शृंखलामार्फत साना/मझौला उद्योगसंग आपसमा जोडिएकोछ ।

स्थानीय कच्चापदार्थमा आधारित उद्योगका साथै कृषि प्रशोधन उद्योगमार्फत स्थानीयबासीको माग सम्बोधन गर्नमा उद्योग तथा व्यापार क्षेत्रले उल्लेख्य योगदान गर्न सक्ने सम्भावना छ । यसरी अन्य क्षेत्रको सुदृढीकरण तथा तिनीहरूबीचको पारस्परिक अन्तरआबद्धता सबलीकरण गरी हरित, दिगो, समावेशी र उत्थानशील आर्थिक विकास हासिल गर्न सम्भव छ ।

उद्योग—व्यवसाय तथा व्यापार क्षेत्रले कृषिको प्रवद्र्धन (पश्च सम्बन्ध) र पर्यटन तथा आतिथ्य क्षेत्रलाई स्थानीय बजारबाट वस्तु तथा सामग्रीहरू प्राप्त गर्न सहजीकरण (अग्र सम्बन्ध) मजबुत बनाउन सहयोग गर्न सक्छ ।

### ४.१.३.२ सम्भावना र अवसर

हुलाकी सडकसंग संजालिकृत यस नगरपालिकामा हुलाकी सडकको दाँया-बाँया satellite सहर बन्ने सम्भावना रहेको छ। उद्योग व्यापार क्षेत्रको समुचित विकासले ग्रामीण क्षेत्रहरूलाई सहरी अर्थतन्त्रमा समेटन तथा मूल्य/आपूर्ति शृंखलालाई मजबुत बनाई दरिलो ग्रामीण—सहरी सम्बन्धको सिर्जना गर्छ। कृषिमा आधारित पर्यटन र साना तथा मझौला उद्योगमार्फत नगरबासीको जीवनस्तर उकास्ने अवसर समेत रहेको छ ।

### ४.१.३.३ समस्या तथा चुनौती

आवश्यक यान्त्रिकरण, बजारीकरण, र घट्दो उत्पादकत्वका कारण नगरपालिकाको कृषि निर्वाहमुखी रुपले परम्परागत ढाँचामा संचालन भै रहेको छ । उद्योग, व्यापार व्यवसायको सम्भाव्य वृद्धि तथा समावेशी र दिगो अर्थव्यवस्था हासिल गर्न यस क्षेत्रले भोग्नुपर्ने चुनौतीको उचित व्यवस्थापन गर्नु आवश्यक छ। पर्याप्त रूपमा दक्ष जनशक्तिको अभाव र अयोग्य व्यावसायिक प्रक्रियाहरूले नयाँ व्यवसाय दर्ता गर्न, पुँजी प्राप्त गर्न तथा करका आवश्यकताहरू पूरा गर्न व्यवधान सिर्जना गरिरहेका छन् । नगरपालिकालगायत सरकारी कार्यालयहरूको कार्यसम्पादनमा ढिलासुस्ती, झन्झटिलो प्रक्रियाका कारण पनि नयाँ लगानी, उद्यमशीलता र व्यवसाय गर्ने वातावरणमा उल्लेख्य सुधार हुन सकेको छैन।

### ४.१.३.४ लक्ष्य र उद्देश्य

नगरपालिका, निजी क्षेत्र, सहकारी तथा समुदाय र विकास साझेदारहरूको सहकार्यमा व्यावसायिक वातावरणमा सुधार गरी उद्यमशीलता मार्फत् हरित गन्तव्यका रूपमा विकास गर्न सहयोग पुर्याउने यस योजनाको लक्ष्य हो। उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माणका माध्यमबाट सार्वजनिक निजी साझेदारीमा हरित, उत्थानशील र सूचना प्रविधिमैत्री उद्योगहरूको विकास गर्न र वाणिज्य तथा आपूर्ति प्रणालीलाई सुदृढ गरी स्थानीय स्तरमा आयआर्जन तथा रोजगारीका अवसरहरू वृद्धि गर्न देहायका उद्देश्यहरू लिइएको छ।

१. नगरपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापनसम्बन्धी नीति नियम तथा रणनीति तयार गरी जिम्मेवार उत्पादन र उपभोग अभ्यास प्रवर्द्धन गर्ने।

२. नगरपालिका, सहकारीहरू, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना साना/मझौला उद्योगहरू प्रवर्द्धन गर्ने।

३. हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्ने।

### ४.१.३.५ रणनीति र कार्यनीति

*तालिका ४.८: उद्योग व्यवसाय र व्यापार क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: नगरपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापनसम्बन्धी नीति नियम तथा रणनीति तयार गरी जिम्मेवार उत्पादन र उपभोग अभ्यास प्रवर्द्धन गर्ने ।** | | | |
| १.१ | उद्योग व्यवसाय तथा व्यापार क्षेत्रको प्रवर्द्धन र संवर्धनका लागि नगरपालिकामा कानुनी र संस्थागत संयन्त्र निर्माण गर्ने। | १.१.१ | नगर कार्यपालिकाको कार्यालयमा पर्यटन विकास शाााखाको स्थापना गरी सेवा संचालन गर्ने। |
| | | १.१.२ | उद्योग वाणिज्य तथा आपूर्ति व्यवस्थापन शाखा स्थापना गरी सूचना प्रविधिमा आधारित सेवा प्रवाह गर्ने। |
| १.२ | दिगो तथा जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन र प्रोत्साहन गर्ने । | १.२.१ | आवश्यक कार्यविधि र मापदण्डहरू बनाएर लागु गर्ने । |
| | | १.२.२ | उद्योग व्यासाय र आपूर्ति प्रणाली नियमित अनुगमन मूल्यांकन र नियमन गर्ने । |
| **उद्देश्य २: नगरपालिका, सहकारीहरू, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना साना/मझौला उद्योगहरू प्रवर्द्धन गर्ने ।** | | | |
| २.१ | आत्मनिर्भरता उन्मुख अर्थतन्त्र निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारीलाई थप प्रभावकारी बनाउने । | २.१.१ नगरपालिका र निजी क्षेत्रको साझेदारीमा व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरी सञ्चालन गर्ने । | |

| | | | |
|---|---|---|---|
| २.२ | प्रदेश सरकार र अन्य स्थानीय तहहरू सँगको सहकार्यमा युवा जनशक्तिलाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण प्रवर्द्धन गर्ने । | २.२.१ | बजार माग उच्च भएका स्थानीय वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्न छिमेकी पालिका र जिल्लाबीच सहकार्यका लागि उपयुक्त संयन्त्र स्थापना गर्ने । |
| | | २.२.२ | स्थानीय माग पूर्ति गर्ने, हरित र सूचना प्रविधिमा आधारित नमुना उद्योग सञ्चालनमा सहयोग गर्ने । |
| **उद्देश्य ३: हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्ने।** | | | |
| ३.१ | मागअनुसारका वस्तु उत्पादन गर्ने र स्थानीय कच्चापदार्थमा आधारित उद्योग प्रवर्द्धनमा जोड दिने। | ३.१.१ | उच्च मूल्यका हलुका र आकर्षक वस्तुको उत्पादनमा समुदायलाई परिचालन गर्ने । |

### ४.१.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजना अवधिमा उद्योग व्यवासय र व्यापार क्षेत्रको लक्ष्य हासिलका दिशामा अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको आन्तरिक स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा प्राथमिकताका आधारमा देहायअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ ।

*तालिका ४.९: उद्योग व्यवसाय तथा व्यापार क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना।*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | कानुन, संस्थागत संरचना र सूचना प्रणाली विकास । | ४,४११.२७ | ४,८५२.४० | ५,३३७.६४ | ५,८७१.४० | ६,४५८.६४ |
| २ | दिगो, समावेशी र | ६,६१६.५० | ७,२७८.१५ | ८,००५.९६ | ८,८०८.५६ | ९,६८८.२२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन। | | | | | |
| ३ | नीजि क्षेत्रसँगको सहकार्यमा हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन । | १९,८४९.५० | २१,८३४.४५ | २४,०१७.८९ | २६,४१९.८० | २९,०६२.३२ |
| ४ | नीजि क्षेत्र, सहकारी तथा गैर सरकारी संघसंस्थाको सहकार्यमा सूचना प्रविधि र युवामैत्री नवउद्यम प्रवर्द्धन । | १३,२३३.०० | १४,५५६.३० | १६,०११.९३ | १७,६१३.१२ | **१९,३६५.४५** |
| | जम्मा | ४४,११०.२७ | ४८,५२१.३० | ५३,३७३.४२ | ५८,७१२.८८ | ६४,५७४.६३ |

### ४.१.३.७ अपेक्षित उपलब्धि

१. नगरपालिकामा हरित तथा वृत्ताकार अर्थतन्त्र प्रवद्र्धनका लागि नीति, कानुन र कार्यविधिहरू तर्जुमा भई लागु भएको हुनेछ।

२. नगरपालिका, निजी क्षेत्र, सहकारी र नागरिकहरूको सहभागितामा हरित र वातावरणमैत्री उद्योगहरू स्थापना भएका हुनेछन।

३. नगरपालिकाभित्र उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरणमा सुधार भएको हुनेछ।

### ४.१.४ बैंक, वित्त तथा सहकारी

#### ४.१.४.१ पृष्ठभूमि तथा सिकाइ

सुदृढ र समावेशी वित्तीय प्रणालीलाई अर्थतन्त्रको रक्तसञ्चार मानिन्छ। बोदे बरसाईन नगरपालि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति राम्रै छ। त्यसबाट पनि यहाँको अर्थतन्त्रलाई विस्तारित र दिगो बनाउन सहयोग पुगेको छ। एक तथ्यांकअनुसार बोदे बरसाईन नगरपालिका क्षेत्रमा विभिन्न बैंक वित्तीय संस्थाहरूका १४ शाखा कार्यालय सञ्चालित छन्। त्यसले नगरपालिकाको जनसंख्याका आधारमा नगरपालिकामा प्रति ३२ सय ८७ जनसंख्या बराबर एक बैंक तथा वित्तीय संस्थाको शाखा छन्।

*तालिका ४.१०: बैंक तथा वित्तीय संस्थाको विवरण*

| बैंक तथा वित्तीय संस्था | नाम | जम्मा |
|---|---|---|
| बैंक | सानिमा बैंक | १ |
| | सिटिजन्स बैंक इन्टरनेशनल | १ |
| | कृषि बिकास बैंक | १ |
| फाईनान्स | सिर्जना फाईनान्स | १ |
| लघुवित्त वित्तीय संस्था | नेशनल माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था | १ |
| | स्वाबलम्बन लघुवित्त वित्तीय संस्था | १ |
| | ग्लोबल आइएमइ लघुवित्त वित्तीय संस्था | १ |
| | मेरो माइक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था | १ |
| | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था | २ |
| | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था | १ |
| | जीवन विकाश लघुवित्त वित्तीय संस्था | १ |
| | अभियान लघुवित्त वित्तीय संस्था | १ |
| | निरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था | १ |
| | जम्मा | १४ |

(स्रोत: https://www.financialnotices.com/bank-location/local-१४८.bank)

त्यसैगरि नगरपालिकामा कृषि क्षेत्रमा १४ ओटा, वचत तथा ऋण क्षेत्रमा २ ओटा र बहुउद्यशीय ३ ओटा गरि जम्मा १९ ओटा सहकरिहरु संचालनमा रहेका छन्। यी सहकारीहरुमा प्रत्यक्ष्यरुपले एक हजार जनालाई समेटेको छ भने यसबाट लाभान्वित वर्ग र समुदायको संख्या

ठुलो रहेको छ। बिश्वब्यापी रुपमा सहकारीलाई जनतासंग नजिकमा रहि एक अर्कासंग हातेमालो र सहकार्य गर्दै दिगो उन्नति र प्रगतिको एउटा महत्त्वपूर्ण औजार/संयन्त्रको रुपमा लिने गरिन्छ। यस नगरपालिकामा सहकारीहरूले आशातीत रुपमा कार्य गर्न नसकिरहेको भएतापनि केहि न केहि रुपमा कृषकका मल-खाद, औजार र बजारीकरणमा सहयोग पुर्याईरहेका छन्। गरिवी निवारणमा समेत सहायक सिद्ध भएका छन्।

तराई जस्तो सुगम स्थलमा प्रतिव्यक्ति बैंक तथा वित्तीय संसथाको उपस्थिति त्यति उत्साहजनक नभएतापनि वित्तीय पहुँचका लागि आवश्यक परिस्थितिक प्रणाली (इकोसिस्टम) तयार भई व्यावसायिक वातावरणमा सुधार हुँदै गएको संकेत मिल्दछ।

संघीय सरकार मातहतको केन्द्रीय बैंकको नीतिनियमको अधीनमा रही आफनै व्यावसायिक मूल्यमान्यता र लगानीकर्ताको मार्गदर्शनमा सञ्चालित हुनुपर्ने केन्द्रीकृत वित्तीय प्रणालीका सदस्य वा बैंक तथा वित्तीय संस्थाहरूलाई नगरपालिकाले नीति नियम र मापदण्डहरूअनुरूप सञ्चालनका लागि नियमित गर्न सक्ने अवस्था छैन। फलस्वरूप, न्यून आय भएका सहरी गरिब परिवारका साथै लघु घरेलु तथा साना उद्योग र महिला तथा सीमान्तकृत समुदायका नागरिक आफनो वित्तीय गर्जो टार्नका लागि तुलनात्मक रूपमा बढी जोखिम र महँगो ब्याजदर भएका स्थानीय सहकारीमा निर्भर हुनुपरेको छ। त्यसबाट विपन्न समुदायका सदस्यलाई उद्यमशीलता विकास, (स्व)रोजगारी सिर्जना र जीविकोपार्जन सुधारका अवसरमा संलग्न हुनबाट अवरोध उत्पन्न हुने गरेको अनुभव छ।

### ४.१.४.२ सम्भावना र अवसर

संघीय सरकार र केन्द्रीय बैंकबाट प्रवद्र्धित विपन्न वर्ग लक्षित र सहुलियतपूर्ण कर्जाका साथै उद्यमशीलता विकासमा केन्द्रित ब्याजदर अनुदानका कार्यक्रमहरूको स्थानीयस्तरमा प्रभाकारी कार्यान्वयनका लागि नगरपालिकालाई सहजकर्ताको भूमिका निर्वाह गर्ने अवसर छ। यसबाट पनि स्थानीय अर्थतन्त्रलाई दिगो र उत्थानशील बनाउन अवश्य मद्दत पुग्नेछ। नगरपालिकालाई संघीय सरकार मातहतका बैंक तथा वित्तीय संस्थालाई सहजीकरण मार्फत पहुँच अभिवृद्धि गर्ने र स्थानीय सहकारीहरूको नियमन र क्षमता अभिवृद्धिमार्फत वीतीय समावेशीकरण अभियान सञ्चालन गर्ने सुवर्ण अवसर प्राप्त भएको छ।

### ४.१.४.३ समस्या तथा चुनौती

घरेलु, साना तथा सीमान्तकृत समुदायबाट सञ्चालित व्यवसायहरू सर्वसुलभ वित्तीय सेवाको उपयोगका हिसाबले वञ्चितीकरणमा रहेको देखिन्छ। सहज वित्तीय पहुँचमा अवरोधका कारण विभिन्न हुन सक्छन। तीमध्ये वित्तीय साक्षरताको कमी, धितो राख्ने सम्पत्तिको अभाव, आवश्यक प्रमाण पुर्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रिया र आवश्यक सहयोगका लागि सेवा केन्द्रको अभाव मुख्य हुन। बैंकिङ तथा वित्तशास्त्रका जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ । तसर्थ, स्थानीय आर्थिक विकास योजनाले इच्छुक र योग्य उद्यमीहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्राप्त गर्न सहजीकरण गर्ने, व्यावसायिक योजना तर्जुमासम्बन्धी क्षमता विकास, वित्तीय साक्षरता अभियान जस्ता कार्यक्रम समावेश गर्नु आवश्यक छ ।

साना तथा मझौला र विपन्न वर्गका समुदायका सीपमा आधारित पेसा व्यवसायको आधुनिकीकरण र प्रवद्र्धनमा भने सहज वित्तीय पहुँच अझै पनि प्रमुख चुनौतीका रूपमा छ । साना तथा मझौला उद्यम व्यवसायको स्तरवृद्धि र नवीनतम सोच तथा सूचना प्रविधिमा आधारित नवउद्यमहरूको प्रवर्द्धनका लागि सहज वित्तीय पहुँच विस्तारमा सहजीकरणका विशेष कार्यक्रम आवश्यक देखिन्छ ।

### ४.१.४.४ लक्ष्य र उद्देश्य

नगरपालिकामा सञ्चालित बैंक वित्तीय संस्था र सहकारीहरूसँगको सहकार्य, सहजीकरण र नियमनका माध्यमबाट वित्तीय साक्षरता, सर्वसुलभ वित्तीय पहुँच विस्तार र स्थानीय पुँजी निर्माणमार्फत हरित समावेशी उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणमा सहयोग पुर्याउनु यस आवधिक योजनाको लक्ष्य हो । उक्त लक्ष्य हासिल गन देहायबमोजिमका उद्देश्यहरू तय गरी कार्यान्वयनको प्रयास गरिएको छ ।

१. संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्याक्रहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने।

२. स्थानीय सहकारीहरूको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्ने ।

### ४.१.४.५ रणनीति र कार्यनीति

*तालिका ४.११: बैंक वित्त क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्याक्रहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने।** | | | |
| १.१ | सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने । | १.१.१ | सहजीकरणका लागि आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने । |
| | | १.१.२ | स्थानीय उद्यमी र लक्षित वर्गका नागरिकको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । |
| | | १.१.३ | सहकार्य र साझेदारीमा वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने । |
| | | १.१.४ | बैंक वित्तीय संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रहरू सञ्चालनमा सहयोग र सहजीकरण गर्ने । |
| **उद्देश्य २: स्थानीय सहकारीहरूको उचित संवर्द्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्ने ।** | | | |
| २.१ | विषयगत र बचत तथा ऋण सहकारी संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास र दक्षता अभिवृद्धि गर्ने । | २.१.१ | एकीकृत सूचना व्यवस्थापन प्रणाली स्थापना गरी अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउने । |
| | | २.१.२ | सहकारीहरूको क्षमता विकासका तालिम, अनुभव आदान प्रदान र प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गर्ने । |
| २.२ | सहकारीहरूको पुँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने। | २.२.१ | कृषि तथा श्रम सहकारीको प्रवर्द्धन र प्रोत्साहनका लागि आवश्यक नीतिगत र संस्थागत सुधार गर्ने । |
| | | २.२.२ | नगरपालिका, सहकारी र समुदायको सहकार्यमा स्थानीय कच्चापदार्थमा आधारित हरित समावेशी र उत्थानशील उद्योग व्यवसायमा लगानी विस्तार गर्ने । |

### ४.१.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजना अवधिमा बैंक वित्त तथा सहकारी क्षेत्रको समुचित विकास गरी अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघरसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

तालिका ४.१२: बैंक वित्त तथा सहकारी क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नगरपालिका, सहकारी र समुदायको सहकार्यमा उत्पादनमूलक उद्योग प्रवर्द्धन | ३,३०८.२५ | ३,६३९.०७ | ४,००२.९८ | ४,४०३.२८ | ४,८४३.३६ |
| २ | कृषि तथा उत्पादनमूलक क्षेत्रका सहकारीहरूको क्षमता विकास कार्यक्रम | ५,७८९.०० | ६,३६७.९० | ७,००४.६९ | ७,७०५.१६ | ८,४७७.९० |
| ३ | बैंक वित्तीय संस्था र सहकारीसँगको सहकार्यमा विपन्न तथा सीमान्तकृत समुदायमा वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम | ३,३०८.२५ | ३,६३९.०७ | ४,००२.९८ | ४,४०३.२८ | ४,८४३.३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नीतिगत तथा संस्थागत सबलीकरण र सुधार कार्यक्रम | ४,१३५.०० | ४,५४८.५० | ५,००३.३५ | ५,५०२.६९ | ६,०५६.६३ |
| | जम्मा | **१६,५४०.५०** | **१८,१९४.५४** | **२०,०१४.००** | **२२,०१४.४१** | **२४,२२१.२५** |

### ४.१.४.७ अपेक्षित उपलब्धि

१. लक्षित वर्ग तथा सीमान्तकृत र विपन्न समुदायमा सहज वित्तीय सेवाको विस्तारमा वृद्धि भएको हुनेछ।

२. नगरपालिका क्षेत्रका विपन्न र सीमान्तकृत समुदायमा वित्तीय साक्षरता अभिवृद्धि भएको हुनेछ।

३. नगरपालिका, सहकारी र निजी क्षेत्रको सहकार्यमा स्थानीय कच्चापदार्थमा आधारित उत्पादन तथा प्रशोधन उद्यमहरू स्थापना भएका हुनेछन ।

## ४.२ सामाजिक विकास योजना

### सामाजिक विकासको ढाँचा

बोदे बरसाईन नगरपालिकालाई सामाजिक रूपमा समुन्नत र समावेशी नगरपालिकाका रूपमा विकास गर्न नगरबासीहरूको सामाजिक, सांस्कृतिक पहिचानको संवर्द्धन गर्दै व्यक्तिगत स्वतन्त्रता र आत्मसम्मानको सुनिश्चितता गर्दै समग्र समाजको विकास गर्ने रणनीति अवलम्बन गरिनेछ। नगरपालिकामा घरजग्गालगायतका स्थिर सम्पत्तिमा पनि पुरुषको तुलनामा महिला अनुपात कम छ। पुरुषप्रधान सामाजिक संरचना तथा सामाजिक विभेदका कारण बजार प्रणालीमा सहज पहुँचका आधारमा पनि महिला, तेस्रोलिंगी र विभिन्न सीमान्तकृत जाति तथा समुदाय वञ्चितीकरणमा परेको अवस्था छ। सीमान्तकृत समुदायका न्यून आयस्तरका र सरकारी सामाजिक सुरक्षा योजनामा नसमेटिएका व्यक्तिहरू सहरी क्षेत्रमा आयआर्जनका गतिविधिमा संलग्न हुनबाट वञ्चित हुने जोखिम छ। यावत विषयलाई सम्वोधन गर्ने गरी देहायको सामाजिक विकासको मोडल अवलम्बन गरिएको छ।

१. लैंगिक समानता
२. आर्थिक विकासका लागि नयाँ उत्पादन र श्रम सम्बन्धको विकास
३. धार्मिक-सांस्कृति-रैथाने व्यवहार संवर्द्धन
४. वातावरणीय सन्तुलन र सामाजिक न्याय
५. कानूनी राज्य र सुशासन
६. नागरिक सचेतना र जनसहभागिता

### ४.२.१ शिक्षा, विज्ञान तथा प्रविधि

#### ४.२.१.१ पृष्ठभूमि तथा सिकाइ संवर्द्धन

बोदे बरसाईन नगरपालिकाको साक्षरता दर जनगणना २०७८ अनुसार समग्र रूपमा ६८.०% छ, जसमा पुरुष र महिलाबीच ठूलो असमानता देखिन्छ। पुरुषको साक्षरता दर ८०.१% पुगेको छ भने महिलाको दर मात्र ५६.३% रहेको छ। महिला साक्षरताको न्यून स्तर विशेषगरी ग्रामीण वडाहरू (१, २, ९) मा बालविवाह, शैक्षिक पहुँचको अभाव, घरेलु कामको बढी भार र लैङ्गिक पक्षपातजस्ता कारणले अझ बढेको देखिन्छ **(हे. तालिका २.१२)**। नगरपालिकामा बालबालिकाको शैक्षिक स्थिति वडागत रूपमा फरक छ। वडा ८ शैक्षिक पहुँचमा अग्रणी छ

(३.७% र ४.१%), जबकि वडा १० (१२.८%) र वडा ६ (१०.८%) मा सुधारको आवश्यकता छ। समग्रमा, औसत ५.५% (बिगतमा नगएका) र ८% (कहिल्यै नगएका) ले शैक्षिक पहुँचमा मध्यम स्तरको प्रगति देखाउँछ। शैक्षिक पहुँचमा असमानताः वडा ८ मा सबैभन्दा कम र वडा १० मा सबैभन्दा बढी प्रतिशतले शैक्षिक पहुँचमा ठूलो भिन्नता रहेको देखाउँछ **(हे. तालिका २.११)**।

नगरपालिकामा जम्मा ८८ वटा विद्यालयहरू (सामुदायिक र धार्मिक) रहेका छन्, जहाँ १०,३९५ विद्यार्थीहरू अध्ययनरत छन्। यसमध्ये छात्राहरूको संख्या ४,९०७ (४७.२%) र छात्रहरूको संख्या ५,४८८ (५२.८%) छ, जसले शैक्षिक स्तरमा लैङ्गिक सन्तुलनको सकारात्मक संकेत गर्दछ। तथापि, शिक्षक-विद्यार्थी अनुपात गम्भीर रूपमा असन्तुलित छ। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार, प्राथमिक तह (कक्षा १—५) मा अनुपात २२.१:१, निम्न माध्यमिक तह (कक्षा ६—८) मा २४.५:१, माध्यमिक तह (कक्षा ९—१०) मा २५.६:१, र उच्च माध्यमिक तह (कक्षा ११—१२) मा २६.७:१ रहेको छ **(हे. तालिका २.२५)**।

#### ४.२.१.२ सम्भावना र अवसर

गुणस्तरीय शीपमूलक शिक्षाको माध्यमबाट बोदे बरसाईनलाई शीप र ज्ञानको राम्रो शैक्षिक केन्द्रका रूपमा विकास गरी नगरबासीको आर्थिक सामाजिक अवस्थालाई अझै समुन्नत बनाउने दिशामा योगदान पुर्याउन सक्ने सम्भावना छ। राष्ट्रिय तथा स्थानीय श्रम बजारको अवश्यकता बमोजिम जनशक्ति विकासगरि नगरपालिकाको आर्थिक सामाजिक बिकासमा टेवा पुर्याउने सम्भावना पनि उत्तिकै देखिन्छ। त्यसकोलागी, नगरपालिकाले विशेष शैक्षिक उन्नयन कार्यक्रम संचालन गर्दै सामुदायिक र संस्थागत बिद्यालय बीचको खाडल कम गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सक्नु पर्दछ।

#### ४.२.१.३ समस्या तथा चुनौती

विविध सम्भावना सँगसँगै विभिन्न समस्या र चुनौती पनि छन्। सबैभन्दा पहिलो चुनौती भनेको सामुदायिक र संस्थागत विद्यालयबीचको बढदो खाडल र राज्यको अर्बौं लगानी रहेको सामुदायिक शिक्षाप्रतिको न्यून विश्वसनीयता हो। सामुदायिक बिद्यालयमा दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सबलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमनलाई प्रभावकारी बनाई उत्कृष्ट शैक्षिक गुणस्तर सुनिश्चित गर्ने आजको प्रमुख चनौती हो। त्यसैगरी, स्थानीय बजारको मागअनुरूपका जनशक्ति उत्पादन गर्न र निम्न आय भएका

समुदायका लागि सर्वसुलभ लागतमा प्राविधिक शिक्षामा पहुँच स्थापित गर्न सामुदायिक माध्यमिक विद्यालयहरूमा क्रमशः प्राविधिक धारका विषयहरूको पठनपाठन गराउनु पनि कम चुनौतीपूर्ण छैन।

निजी क्षेत्रमार्फत सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको स्तरोन्नति तथा गुणस्तर कायम तथा नियमित अनुगमन, नियमन गरी शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी वनाउन प्रोत्साहित गर्ने विषय पनि यथावत नै छ। रोजगारमूलक गुणस्तरीय शिक्षामा सीमान्तकृत नागरिकका लागि पहुँच सुनिश्चित गर्दै गरिबीको रेखामुनि रहेका, विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न नसके अपेक्षित उपलब्धि हासिल सम्भव छैन ।

### ४.२.१.४ लक्ष्य र उद्देश्य

नगरपालिकाका सबै बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गरी सामुदायिक र संस्थागत विद्यालयबीचको अन्तर न्यूनीकरण गर्दै माध्यमिक तहमा प्राविधिक र सैद्धान्तिक शिक्षण तथा सिकाइको अभिबृदी गर्ने यस आवधिक योजनाको लक्ष्य रहेको छ। उक्त लक्ष्यमा पुग्ने मार्ग तय गर्न यस योजना अवधिभरमा निम्न उद्देश्य निर्धारण गरिएको छ।

१. स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधनको समुचित उपयोग, सांस्कृतिक र सामाजिक विशेषताका साथै विपद व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायुअनुकूलनका विषय समेटी स्थानीय पाठयक्रम तयार गरी लागु गर्ने ।
२. कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोडन सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्ने ।

### ४.२.१.५ रणनीति र कार्यनीति

*तालिका ४.१३: शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधनको समुचित उपयोग, सांस्कृतिक र सामाजिक विशेषताका साथै विपद व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायुअनुकूलनका विषय समेटी स्थानीय पाठयक्रम तयार गरी लागु गर्ने ।** | |

| | | | |
|---|---|---|---|
| १.१ | नगरपालिकाको भूगोल, इतिहास, संस्कृति, पर्यावरण, वेशभषा, रैथाने ज्ञान सीप र सभ्यता समेटेर पाठयक्रम तयार गरी नियमित अद्यावधिक गर्ने। | १.१.१ | स्थानीय पाठयक्रमको आवश्यकता, महत्व र यसले समाजमा पार्ने सकारात्मक प्रभावका विषयमा प्रचार प्रसार गर्नुका साथै तथा यसलाई लागु गर्ने विषयमा आवश्यक नियम र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने |
| | | १.१.२ | सुरुमा सामुदायिक र क्रमशः संस्थागत विद्यालयहरूको स्थानीय पाठयक्रम लागु गर्ने |
| | | १.१.३ | आवश्यक संस्थागत संरचना तथा प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास गर्ने |
| **उद्देश्य २ः कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोडन सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्ने ।** | | | |
| २.१ | सीमान्तकृत वर्गका बालबालिकाका लागि विशेष छात्रवृत्तिको व्यवस्थासहित माध्यमिक विद्यालयहरूलाई विषय विधाका आधारमा मेघा विद्यालयका रूपमा स्तरोन्नति गर्ने । | २.१.१ | पहुँच सहितका उपयुक्त विद्यालय र सार्वजनिक केन्द्र (पुस्तकालय सहित)हरू को विकास र विस्तार गर्ने । |
| | | २.१.२ | नगरपालिकाले प्रयोगात्मक शिक्षण सिकाइ र सूचना तथा सञ्चार प्रविधिमैत्री विद्यालय भवन र भौतिक पूर्वाधारहरूको मापदण्ड तयार गरि लागु गर्ने। |
| २.२ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने र मन्टेस्सोरीहरूका लागि मापदण्ड तोकि नक्सांकनका आधारमा स्थापना गर्ने। | २.२.१ | विद्यालयहरूमा सुरुमा घुम्ती स्वास्थ्य शिक्षा प्रदायक स्वास्थ्यकर्मीहरूको व्यवस्था गरी क्रमशः स्थायी रूपमा स्वास्थ्यकर्मी राख्ने व्यवस्था मिलाउने । |
| | | २.२.२ | मन्टेस्सोरीहरूका लागि मापदण्ड र नक्सांकन तयार गरी सोहीअनुरूप अहिले सञ्चालनमा रहेकालाई व्यवस्थापन गर्ने। |

### ४.२.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजना अवधिमा शिक्षा क्षेत्रको लक्ष्य हासिलका दिशामा अपेक्षित नतिजा प्राप्त गर्न महानगरपालिकाको आन्तरिक स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँगको साझेदारीमा प्राथमिकताका आधारमा देहायअनुसारका रणनीतिक कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरिनेछ।

*तालिका ४.१४: शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र. स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | संस्थागत सबलीकरण र क्षमता विकास कार्यक्रम | ७,४४३.४७ | ८,१८७.८२ | ९,००६.६० | ९,९०७.२४ | १०,८९७.९७ |
| २ | शिक्षा शाखाको आधुनिकीकरण गरी सूचना प्रविधि मैत्री व्यवस्थापन | २,४८१.१६ | २,७२९.२८ | ३,००२.२० | ३,३०२.४३ | ३,६३२.६३ |
| ३ | श्रमबजार सापेक्ष प्राविधिक शिक्षाको विकास र प्रवर्द्धन | ७,४४३.४७ | ८,१८७.८२ | ९,००६.६० | ९,९०७.२४ | १०,८९७.९७ |
| ४ | सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग | १९,८४९.२५ | २१,८३४.१७ | २४,०१७.५९ | २६,४१९.५१ | २९,०६१.०८ |
| ५ | स्थानीय पाठयक्रम विकास र लागु गर्ने | ७,४४३.४७ | ८,१८७.८२ | ९,००६.६० | ९,९०७.२४ | १०,८९७.९७ |
| ६ | विद्यार्थी-शिक्षक अनुपात मिलाउन | २,४८१.१६ | २,७२९.२८ | ३,००२.२० | ३,३०२.४३ | ३,६३२.६३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षकको O & M सर्वे गर्ने | | | | | |
| ७ | अन्तरविद्यालय ज्ञान आदानप्रदान, प्रतिस्पर्धात्मक कार्यक्रम, अध्ययन भ्रमण, सभा सम्मेलन, खेलकुदका कार्यक्रम अनुसन्धान आदि | २,४८१.१६ | २,७२९.२८ | ३,००२.२० | ३,३०२.४३ | ३,६३२.६३ |
| | जम्मा | ४९,६२३.१४ | ५४,५८५.४७ | ६०,०४३.९९ | ६६,०४८.५२ | ७२,६५२.८८ |

#### ४.२.१.७ अपेक्षित उपलब्धि

१. नगरपालिकामा शिक्षा विज्ञान तथा प्रविधि क्षेत्रको समुचित विकासका लागि आवश्यक नीतिगत, संस्थागत र भौतिक (प्राविधिकसहित) संरचनाहरू तयार भई शिक्षा शाखाको क्षमता अभिवृद्धि भएको हुनेछ।

२. नगर क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरूको भौतिक, प्राविधिक तथा संस्थागत पूर्वाधारहरूमा क्रमिक सूधार सुरु भई विद्यार्थीको आकर्षणमा वृद्धि भएको हुनेछ।

३. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि भई सामुदायिक र संस्थागत विद्यालयहरूबीचको असमानतामा कमी आएको हुनेछ ।

४. नगरपालिकाको परिवेश सुहाउँदो स्थानीय पाठयक्रम तयार भई लागु भएको हुनेछ।

### ४.२.२ स्वास्थ्य तथा पोषण

#### ४.२.२.१ पृष्ठभूमि तथा सिकाइ

संघीय नेपालको संविधानिक प्रावधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारबीच स्वास्थ्य सेवासम्बन्धी अधिकारको बाँडफाँट भएको छ। प्रदेशले प्रदेशस्तरमा तथा स्थानीय तहले स्थानीय स्तरका स्वास्थ्य सेवा प्रदान गर्ने कार्य तथा जनस्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरी आएका छन। यद्यपि, स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा तीनै तहका सरकारबीच स्पष्ट जिम्मेवारी बाँडफाँट

भई सोअनुरूपमा कार्यसम्पादनका लागि जिम्मेवारीसहितको जनशक्ति व्यवस्था सम्बन्धमा अझै स्पष्टता आइसकेको देखिदैन। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमनसम्बन्धी अधिकार प्रदान गरेको छ। यसका अतिरिक्त आधारभूत स्वास्थ्यका क्षेत्रमा विभिन्न साझा र एकल अधिकारका क्षेत्रहरू पहिचान गरी स्थानीय तहलाई समेत जिम्मेवार बनाएको छ। जनस्वास्थ्य सेवा ऐन २०७५ ले गुणस्तरीय स्वास्थ्य सेवा सहज तरिकाले प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई सुरक्षित गरेको छ । गुणस्तरीय स्वास्थ्य सेवा सबै नगरिकको सर्वसुलभ पहुचमा पुर्याउन र संवैधानिक व्यवस्था बमोजिम सङघीय, प्रदेशिक र स्थानीय तहको शासन व्यवस्थालाई सम्बोधन गर्ने गरी नयाँ राष्ट्रिय स्वास्थ्य नीति २०७६ तर्जुमा गरी जारी भएको छ। राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा स्वास्थ्य क्षेत्रका नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समयानुकल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ भन्ने उल्लेख गरिएको छ।

यस नगरपालिकामा खाना पकाउन परम्परागत **इन्धन**को ज्यादा प्रयोग देखिन्छ। गुइठा/गोरहा (४५.३%) र काठ/दाउरा (४४.०%) मिलाएर **८९.३%** परिवारहरूले यी स्वास्थ्यमा प्रतिकुल असर पार्ने स्रोतहरू खाना पकाउन प्रयोग गर्छन्। यसले घरायसी वायु प्रदूषण (इन्डोर एयर पोल्युसन) मार्फत महिला र बालबालिकामा श्वासप्रश्वास रोगको उच्च जोखिम सिर्जना गरेको हुन्छ। **(हे. तालिका २.२२)**

नगरपालिकाभित्र १० ओटा स्वास्थ्यचौकीहरु रहेका छन्। तर, हालको संघीय संरचनामा नगरपालिकाको भौगोलिक अवस्थिति, जनसंख्याको आकार तथा रोगव्याधिको गहनताअनुसार स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित हुने गरी स्वास्थ्य संस्थाहरूको समायोजन भएको छैन। नगरपालिका कुनै वडामा आधारभूत स्वास्थ्य सेवाको सुबिधा उपलब्ध हुन सकेको छैन। नयाँ शासकीय संरचना अनुसार आधारभूत जनस्वास्य सेवा व्यवस्थापनमा नगरपालिकाको भूमिका तथा अधिकार स्पष्ट भई नसकेकाले जनताको आवश्यकताअनुसार स्वास्थ्य सेवा प्रवाह गर्न नगरपालिकाले प्रभावकारी भूमिका खेल्न नसकेको देखिन्छ। त्यसैले नयाँ संवैधानिक व्यवस्था, प्रशासनिक संरचना र ऐन नियमहरूले निर्दिष्ट गरेका अधिकार र जिम्मेवारीअनुरूप स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित गर्नु अहिलेको आवश्यकता भएको छ।

### ४.२.२.२ सम्भावना र अवसर

नगरपालिकाअन्तर्गत सञ्चालनमा रहका स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन, औषधि तथा स्वास्थ्य सामग्रीहरूको आपूर्ति, स्वास्थ्यकर्मीहरूको परिचालन तथा सूचना व्यवस्थापनसम्बन्धी कार्य नगरपालिकाको स्वास्थ्य शाखाले गर्ने गरेको छ । यसका अतिरिक्त नगरपालिका क्षेत्रमा सञ्चालित सरकारी, निजी तथा अन्य सबै किसिमका स्वास्थ्य संस्थाहरूको अनुगमन तथा मूल्यांकनका साथै निजी क्षेत्रका संस्थाहरूलाई स्थापना तथा सञ्चालन अनुमति दिने र उनीहरूको सेवाको गुणस्तर निर्धारणदेखि अनुगमन गर्ने जिम्मेवारी पनि शाखालाई दिइएको छ। सरुवारोगको लागि नागरिकस्तरमा सचेतान फैलाउने र रोकथामका उपायहरु अवलम्बन गर्न निजी क्षेत्रसंग सहकार्य गर्दा स्वास्थ्य नगरपालिकाको लक्ष्य हासिल गर्न सहज हुने देखिन्छ।

### ४.२.२.३ समस्या तथा चुनौती

जनसाख्यिक संरचना तथा रोगको प्रकृति तथा सघनतामा आएको परिवर्तनका कारण विकसित अवस्थालाई संबोधन गर्न स्वास्थ्य क्षेत्रको सुधार अत्यन्तै जरुरी भएको छ। स्वास्थ्य समस्याहरूको उपचारको सुविधा तथा व्यवस्थापकीय क्षमता पनि स्वास्थ्य संस्थाको तहअनुसार फरकफरक भएकाले सेवा प्रवाह गर्ने क्षमता उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण र प्राविधिक सामग्रीको व्यवस्थापन पनि चुनौतीपूर्ण नै छ। त्यसबाहेक, नेपाल सरकारको स्वास्थ्य बिमाअन्तर्गतका सेवा प्रभावकारी रूपमा प्रदान गर्ने जिम्मेवारीसमेत स्थानीय तहलाई नै आएको छ। नगरपालिकाअन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएका आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच स्थापित गर्न र सेवाग्राहीको आवश्यकताअनुरूपको सेवा प्रदान गर्न भएका स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि अहिलेको अहं आवश्यकता हो।

### ४.२.२.४ लक्ष्य र उद्देश्य

नगरपालिकाको स्थानीय आवश्यकताको पहिचान गरी नगरबासीहरूलाई प्रभावकारी एवम जवाफदेही स्वास्थ्य सेवा प्रणालीमार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, नगरबासीहरूको स्वास्थ्य सुरक्षा अभिवृद्धि गर्ने र स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने गरि स्वास्थ्य नीति तर्जुमा गर्नुपर्ने देखिन्छ।

यस आवधिक योजनाको लक्ष्य गुणस्तरीय स्वास्थ्यसेवामा नगरबासीको पहुँच अभिवृद्धि गरी स्वस्थ र उत्पादनशील नागरिक तयार गर्न योगदान गर्ने हो। उक्त लक्ष्य प्राप्त गर्ने दिशामा अघि बढन देहायका उद्देश्यहरू निर्धारण गरिएको छ।

१. सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्ने।
२. महामारीजन्य रोग एवम सम्भावित विपद जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्ने।
३. तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्ने।

## ४.२.२.५ रणनीति र कार्यनीति

*तालिका ४.१५: स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्ने ।** | | | |
| १.१ | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने। | १.१.१ | सेवा प्रवाहको आवश्यकता (माग पक्ष) र संस्थागत क्षमता (आपूर्ति पक्ष)अनुसार जनशक्ति थप गर्ने । |
| १.२ | स्वास्थ्य केन्द्रहरू नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने तथा स्थापना भएका वडाहरूमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। | १.२.१ | आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा आयुर्वेद तथा अन्य वैकल्पिक उपचार सेवाहरूलाई एकीकृत गर्दै लैजाने । |
| | | १.२.२ | आकस्मिक स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरूलाई प्राथमिकताका आधारमा स्तरोन्नति गरिनेछ। |
| **उद्देश्य २: महामारीजन्य रोग एवम सम्भावित विपद जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्ने ।** | | | |

| | | | |
|---|---|---|---|
| २.१ | स्वास्थ्य संस्थाहरूमा मापदण्डअनुसारका भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको व्यवस्थापन तथा सुदृढीकरण गर्ने । | २.१.१ | मापदण्डअनुसारको भवन नभएका स्वास्थ्य संस्थाहरूको भवन निर्माण गर्ने । |
| | | २.१.२ | स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसारका निदानात्मक र उपचारात्मक औजार उपकरणहरूको व्यवस्था गर्ने । |
| २.२ | स्वास्थ्यसम्बन्धी विपद जोखम न्यूनीकरणका लागि आवश्यक व्यवस्था कानुनी र संस्थागत गर्ने। | २.२.१ | नगरपालिकाको स्वास्थ्य नीतिको तर्जुमा गरी लागू गर्ने |
| | | २.२.२ | आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषणसम्बन्धी कार्यविधि र मापदण्डहरू तयार गरी कार्यान्वयन तथा नियमन गर्ने । |
| **उद्देश्य ३: तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्ने ।** | | | |
| ३.१ | अनुसन्धान र प्रमाणमा आधारित स्वास्थ्य सेवा प्रवाहका लागि निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउँदै लैजाने। | ३.१.१ | नगरपालिकाको स्वास्थ्य प्रोफाइल तयार गरी जनस्वास्थ्यको वस्तुगत अवस्था पहिचान गरेर योजना तथा कार्यक्रम तयार गर्ने । |
| | | ३.१.२ | संघीय सरकारको नीतिअनुसार नगरपालिकाभित्र स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा सेवा प्रवाहमा सहजीकरण गर्ने। |
| ३.२ | नागरिकमा दिगो र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने। | ३.२.१ | निजी क्षेत्र र समुदायको सहकार्यका स्वास्थ्य र पोषण सम्बन्धी सचेतनामूलक र नमुना कार्यक्रमहरू समुदायस्तरमा सञ्चालन गर्ने । |
| | | ३.२.२ | नगरपालिका तथा वडास्तरीय स्वास्थ्य समिति गठन गरी नियमित रूपमा निजी तथा सरकारी स्वास्थ्य संस्थाहरूमा सेवाको गुणस्तर अनुगमन गर्ने व्यवस्था मिलाउने । |
| | | ३.२.३ | खाना पकाउन परम्परागत इन्धनको प्रयोगलाई निरुत्साहित गरि आधुनिक इन्धन जस्तै विद्युतीय उपकरण तथा एलपीजी ग्याँसको प्रयोग गर्न प्रोत्साहित गर्न सचेतना लगायत प्रोत्साहनका कार्यक्रम संचालन गर्ने। |

### ४.२.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

यस आवधिक योजनामा स्वास्थ्य तथा पोषण उपक्षेत्रको विकासका लागि तय गरिएका लक्ष्य उद्देश्य र अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी

क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

*तालिका ४.१६: स्वास्थ्य तथा पोषण क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | सबै वडाहरूमा निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने । | १४,८८६.३९ | १६,३७५.०३ | १८,०१२.५३ | १९,८१३.७९ | २१,७९८.४९ |
| २ | प्रभावकारी, जवाफदेही एवम गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहुँच सुनिश्चित गर्ने । | ३,३०८.०० | ३,६३८.८० | ४,००३.६८ | ४,४०४.०४ | ४,८४१.४२ |
| ३ | महामारी रोग एवम सम्भावित विपद जोखिमहरूको न्यूनीकरण एवम व्यवस्थापन गर्ने। | ६,६१६.०० | ७,२७८.८० | ८,००३.६८ | ८,८०८.०४ | ९,६८७.३६ |
| ४ | तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्ने। | ४,३००.०० | ४,७३०.०० | ५,२०३.०० | ५,७२३.३० | ६,३००.७२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने। | ३,९७०.०० | ४,३६७.०० | ४,८०३.७० | ५,२८४.०७ | ५,८११.५६ |
| | जम्मा | **३३,०८०.३९** | **३६,३८९.६३** | **४०,०२६.५९** | **४४,०३३.२४** | **४८,४३९.५५** |

### ४.२.२.७ अपेक्षित उपलब्धि

१. नगरपालिकाको स्वास्थ्य नीति व्यावहारिक रूपमा लागु भई सकारात्मक परिणामहरू प्राप्त भएका हुनेछन।
२. नगरस्तरीय सुविधासम्पन्न स्थापना भई गुणस्तरीय सेवा प्रदान भएको हुनेछ।
३. स्वास्थ्यसम्बन्धी प्रोफाइल तयार भई वास्तविक अवस्थाअनुसार स्वास्थ्य सेवा रणनीतिहरू तय भएको हुनेछ।
४. स्वास्थ्य संस्थाहरूको संस्थागत विकास भई गुणस्तरीय सेवा प्रदान भएको हुनेछ।
५. स्वास्थ्य क्षेत्रमा आवश्यक जनशक्तिको पूर्ति भई कार्यरतको क्षमता अभिवृद्धि भएको हुनेछ।
६. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा महानगर, निजी क्षेत्र र समुदायको सहकार्य थप प्रगाढ भएको हुनेछ।

## ४.२.३ युवा तथा खेलकुद

### ४.२.३.१ पृष्ठभूमि तथा सिकाइ

खेलकुदका लागि नगरपालिका एक सम्भावना बोकेको क्षेत्र हो। मधेश प्रदेशमा पछिल्लो पटक क्रिकेटमा गरेको प्रगतिलाई हृदयंगम गर्दै यस नगरपालिकाले क्रिकेट, फुटबल, भलिबल, कुस्ती जस्ता खेललाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने देखिन्छ। युवाहरुलाई कुलतबाट जोगाउन, स्वास्थ्य र तन्दरुस्ती राख्न र अनुशासित बनाउनपनि खेलकुद क्षेत्रको महत्वपुर्ण भूमिका रहेको हुन्छ। युवा तथा खेलकुद क्षेत्रको सम्भावनालाई आत्मसात गरेर नगरपालिकाले नगरस्तरीय युवा परिषद गठन गर्नु उपयुक्त हुने देखिन्छ।

यसका अतिरिक्त सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्ति नगरपालिकाका लागि प्रतिस्पर्धी लाभको नयाँ क्षेत्रका रूपमा रहने देखिएको छ। सूचना तथा सञ्चार प्रविधिमा आधारित अर्थतन्त्र

वैज्ञानिक ज्ञान एवम नवप्रवर्तनमुखी हुन्छ। युवा जनशक्तिको प्राविधिक दक्षता प्रयोग गरेर नवीनतम उद्यम–व्यवसायको बहुलतासहितको स्थानीय अर्थतन्त्र नै दिगो, समावेशी र उत्थानशील हुने भएकाले नगरपालिकाले त्यसतर्फ आफ्ना क्रियाकलापहरु केन्द्रित गर्नु उपयुक्त हुने देखिएको छ।

### ४.२.३.२ सम्भावना र अवसर

युवाशक्तिको बाहुल्यता, समथर र उपलब्ध जमिन र सिमावर्ती क्षेत्रहरुमा खेलकुदमा भैरहेको प्रगति आदिका कारण यस नगरपालिकामा खेलकुदको राम्रो सम्भावना रहेको छ। सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवद्र्धनले नगरक्षेत्रको स्थानीय विकासलाई तीव्र गतिमा अगाडि बढाउने सामथ्र्य राख्दछ। त्यसका लागि विद्यमान युवा जनशक्तिलाई सूचना प्रविधि (आईसीटी) र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गने अवसर अलिहे महानगरसँग रहेको देखिन्छ। तसर्थ नगरपालिकालाई सिर्जनशील, स्मार्ट र समुन्नत सहरका रूपमा विकास गर्न अत्यावश्यक मानिएको सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा युवा जनशक्तिलाई परिचालन गर्नुको विकल्प छैन।

### ४.२.३.३ समस्या तथा चुनौती

युवाहरूलाई विभिन्न उत्पादनमूलक आर्थिक क्रियाकलाप र सामाजिक रूपान्तरणका कार्यमा सक्रिय बनाउने विषय जति महत्वपूर्ण छ, त्यति नै जरुरी छ युवाहरूलाई विदेश पलायन हुन, मनोसामाजिक समस्या र दुव्र्यसनमा फस्नबाट रोक्न। युवा वर्गमा परम्परागत कृषि तथा घरेलु व्यवसायमा सम्लग्न हुन हिचकिचाउने वा लाज मान्नुका साथै सामाजिक कार्यक्रमहरूमा सहभागी हुनसमेत अनइच्छुक देखिने प्रवृत्ति छ। समाजमा पनि खेलकुद भन्नबित्तिकै काम नभएका र घनाढयहरूले समय बिताउने (टाइम पास) माध्यमका रूपमा बुझने प्रचलन छ। अन्य मुलुकहरूमा जस्तै युवा लक्षित सिर्जनात्मक काम, खेलकुद प्रतियोगिताहरू सञ्चालन तथा व्यवस्थापन र खेल पूर्वाधार विकासका लागि निजी क्षेत्रसँग अर्थपूर्ण सहकार्यका लागि आवश्यक संयन्त्रको अभाव देखिएको छ। खेलकुदलाई पनि समय बिताउने माध्यमका रूपमा मात्र नलिएर खेलकुद आर्थिक उपार्जन र जीवन निर्वाहको आधार हो भन्ने विषय स्थापित गर्ने काम पनि कम चुनौतीपूर्ण छैन।

### ४.२.३.४ लक्ष्य र उद्देश्य

यस आवधिक योजनाको मुल लक्ष्य युवाहरूलाई सचेत र सिर्जनशील नागरिक बन्न प्रेरित गरी खेलकुद, उद्यमशीलता विकास जस्ता क्षेत्रमा नवीनतम कार्य गर्न प्रोत्साहन गरि दिगो समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणको संवाहकका जिम्मेवार बन्ने वातावरण सिर्जना गर्ने हो। त्यसका लागि देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएको छ।

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्ने।
२. बोदे बरसाईनलाई परम्परागत, साहसिक र व्यावसायिक खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्ने।

### ४.२.३.५ रणनीति र कार्यनीति

*तालिका ४.१७: युवा तथा खेलकुद क्षेत्रको विकासमा लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्ने।** | | | |
| १.१ | युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने । | १.१.१ | वार्षिक रूपमा युवा लक्षित सिर्जनात्मक सोच र आविष्कारसम्बन्धी प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्ने । |
| | | १.१.२ | युवाहरूको नेतृत्व विकास, उद्यम विकास, समाज सेवा जस्ता क्षेत्रमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने। |
| १.२ | युवाहरूलाई विश्वस्तरमा भइरहेका नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने। | १.२.१ | युवाहरूलाई सूचना प्रविधि, व्यावसायिक खेलकुद, नवउद्यम क्षेत्रमा भएका नवीनतम विकासको जानकारी दिन अन्य प्रदेश तथा स्थानीय तह संग समन्यव गरि अवलोकन भ्रमण आयोजना गर्ने। |
| **उद्देश्य २: बोदे बरसाईनलाई खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्ने।** | | | |
| २.१ | खेल गतिविधिहरूको वार्षिक क्यालेन्डर बनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने। | २.१.१ | भलिबल, फुटबल, क्रिकेट, कुस्ती आदि खेलकुदका क्षेत्रीय तथा राष्ट्रिय प्रतियोगिताहरू नियमित रुपमा आयोजना गर्ने। |

### ४.२.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनामा युवा तथा खेलकुद क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

*तालिका ४.१८: युवा तथा खेलकुद क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र. स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नीतिगत र संस्थागत संरचना निर्माण र युवा परिषदको गठन र सशक्तीकरण | ५,७८९.०० | ६,३६७.९० | ७,००४.६९ | ७,७०५.१६ | ८,४७५.८२ |
| २ | अध्ययन अनुसन्धान र युवाहरूको क्षमता विकास कार्यक्रम | ३,८५९.३३ | ४,२४५.२६ | ४,६६९.७९ | ५,१३६.५७ | ५,६५०.२३ |
| ३ | नियमित खेलकुद प्रतियोगिता तथा अन्य कार्यक्रम आयोजना | ९,६४८.३३ | १०,६१३.१७ | ११,६७४.४८ | १२,८४१.९३ | १४,१२६.१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | खेल पूर्वाधार निर्माण | १९,२९६.६७ | २१,२२६.३३ | २३,३४८.९६ | २५,६८३.८६ | २८,२५२.३३ |
| | जम्मा | **३८,५९३.३३** | **४२,४५२.६६** | **४६,६९७.९२** | **५१,३६७.५२** | **५६,५०४.५०** |

### ४.२.३.७ अपेक्षित उपलब्धि

१. युवाहरूमा सामाजिक जिम्मेवारी, सिर्जनशीलता र उद्यमशीलताप्रति आकर्षण वृद्धि भएको हुनेछ।

२. सूचना प्रविधि र व्यावसायिक खेलकुद सम्बन्धित उद्यम व्यवसायमा युवाको संलग्नता वृद्धि भएको हुनेछ ।

३. रणनीतिक खेल पूर्वाधारहरू पहिचान भई निर्माण सुरु भएको हुनेछ ।

## ४.२.४ कला, भाषा तथा संस्कृति

### ४.२.४.१ पृष्ठभूमि तथा सिकाइ

भाषागत हिसाबले हेर्दा बोदे बरसाईन नगरपालिकामा मैथलीको प्रभुत्व (९०.१%) देखिन्छ। यसर्थ, सांस्कृतिक र भाषागत पहिचान मैथलीमा केन्द्रित छ। यसले तराईको मधेशी संस्कृति प्रतिनिधित्व गर्दछ। दोश्रो स्थानमा रहेको थारुहरू आदिवासी जनजाति (४.९%) को रूपमा महत्त्वपूर्ण भूमिका राख्दछन्। जातिगत रुपले यस नगरपालिकामा यादवको प्रभुत्व (२८.४%) रहेको छ। कृषि र पशुपालनमा सक्रिय यो मैथली भाषी समुदाय सामाजिक-राजनीतिक रूपमा प्रभावशाली छ।

यो नगरपालिकाको धर्म अनुसारको जनसंख्या वितरण हेर्दा हिन्दु धर्म मान्यको बहुलता (८८.७%) देखिन्छ। स्थानीय संस्कृति, पर्व (दशैं, तिहार, चैतदश) र धार्मिक स्थलहरू (शिव मन्दिर, दुर्गा स्थान) मा हिन्दु प्रभाव प्रमुख छ। यादव, तेली, थारु, तत्मा जस्ता जातिहरू अधिकांश हिन्दु छन्।

### ४.२.४.२ सम्भावना र अवसर

धार्मिक, सांस्कृतिक रुपले सामाजिक सामन्जस्यता रहेको यस नगरपालिकामा रहेका विभिन्न मठ मन्दिर आन्तरिक र सिमावर्ती क्षेत्रका मानिसहरुको आस्थाको केन्द्रका रुपमा रहेक छन्। मिथिला संस्कृति र रहनसहनको बाहुल्यता भएको यो नगरपालिकालाई प्राचिन समयदेखि अभ्यास गर्दै आइरहिएको रैथाने संस्कृति, भेषभुषाको संरक्षण, प्रवर्द्धन र प्रचार-प्रसार गर्न सकिएमा देश

बिदेशका मानिसहरु अध्ययन गर्न आउने र यसले स्थानीय बासीको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने देखिन्छ। रैथाने कला, संस्कृतिको खोजी, संरक्षण र प्रवर्द्धन गर्न नगरपालिकाले बिशेष चासो राखेमा यो नगरपालिका **जीवित संग्रालय**को रुपमा परिचित हुने सम्भावना रहेको छ।

### ४.२.४.३ समस्या तथा चुनौती

नगरपालिकाको धार्मिक सम्पदा, कला तथा भाषा संस्कृतिबारे चासो राख्ने मानिसको लागि आवश्यक जानकारी प्रदान गर्ने सूचना केन्द्र छैन भने अर्कोतिर त्यस्ता कला, संस्कृति र भाषामा दखल राख्ने र ज्ञान हस्तान्तरण गर्ने दक्ष जनशक्तिको अभाव पनि देखिन्छ। खासगरी युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घटदै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउदै जानु यस क्षेत्रको समुचित संरक्षण र संवर्द्धनका लागि सबैभन्दा ठूलो चुनौती हो ।

### ४.२.४.४ लक्ष्य र उद्देश्य

बहुल जाति, मिथिला भाषा, कला र संस्कृतिको संगम बोदे बरसाईनमा सबै जातजाति, भाषाभाषी र धर्म संस्कृतिको सन्तुलित विकास र संवर्द्धन गरी सबैका लागि सहिष्णु, सुन्दर र सुरक्षित क्षेत्रका रूपमा परिचित गराउने आधार तयार गर्नु यस आवधिक योजनाको मूल लक्ष्य हो । उक्त लक्ष्य हासिल गर्न देहायबमोजिमका उद्देश्य निर्धारण गरिएको छ।

१. बोदे बरसाईनका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।
२. रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्ने ।

### ४.२.४.५ रणनीति र कार्यनीति

*तालिका ४.१९: कला भाषा तथा संस्कृति क्षेत्रको विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: बोदे बरसाईनका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने ।** | |

| | | | |
|---|---|---|---|
| १.१ | सबै जातजाति र धर्म सम्प्रदायहरूप्रति कुनै भेदभाव नगरी उचित सम्मान, संरक्षण र संवद्र्धन गर्ने । | १.१.१ | सबै मठमन्दिरगायतका धार्मिक स्थलहरूलाई थप व्यवस्थित र आकर्षक बनाउने । |
| | | १.१.२ | रैथाने कला, भाषा र संस्कृतिको संरक्षण र संवर्द्धनका लागि आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्ने। |
| १.२ | विभिन्न नाममा भित्रिएका विकृतिहरूको नियमन र नियन्त्रण गर्दै युवा वर्गलाई परम्परागत कला संस्कृति र रैथाने भाषाप्रति आकर्षित र दीक्षित गर्दै लैजाने । | १.२.१ | स्थानीय भाषा, कला र संस्कृतिको विषयमा पाठयक्रम र प्राफाइल तयार गरी आधारभूत तहमा पठनपाठन गराउने। |
| | | १.२.२ | युवावर्गलाई आकर्षित गर्न र संरक्षणका लागि प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| **उद्देश्य २: रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्ने ।** | | | |
| २.१ | रैथाने कला (गीत नृत्य आदि) संस्कृति (पर्व, महोत्सव आदि) को समुचित व्यवस्थापन र प्रवद्र्धन गर्ने । | २.१.१ | लोकगीत तथा नृत्यहरूका नियमित रूपमा आयोजना गर्ने। |
| | | २.१.२ | परम्परागत शैलीमा चलेका नाच, पर्व र सांस्कृतिक महोत्सवहरूको मौलिकता संरक्षण, नियमित र थप व्यवस्थित गर्ने । |

## ४.२.४.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

*तालिका ४.२०: कला भाषा र संस्कृति क्षेत्रको समुचित विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण र सञ्चालन | ३,३०८.२५ | ३,६३९.०८ | ४,००२.९९ | ४,४०३.२९ | ४,८४३.३२ |
| २ | अध्ययन अनुसन्धान, पाठक्रम र प्रोफाइल निर्माण | ५,५१३.६९ | ६,०६५.०६ | ६,६७१.५७ | ७,३३८.७३ | ८,०७२.५० |
| ३ | युवा वर्गका लागि प्रशिक्षण, प्रोत्साहन र परिचालन कार्यक्रम | ६,६१६.५० | ७,२७८.१५ | ८,००५.९७ | ८,८०६.५७ | ९,६८६.६७ |
| ४ | नियमित प्रतियोगिता आयोजना | ६,६१६.५० | ७,२७८.१५ | ८,००५.९७ | ८,८०६.५७ | ९,६८६.६७ |
| | जम्मा | **२२,०५४.९४** | **२४,२६०.४४** | **२६,६८६.५०** | **२९,३५५.१६** | **३२,२८९.१६** |

### ४.२.४.७ अपेक्षित उपलब्धि

१. नगरपालिकामा कला भाषा र संस्कृति क्षेत्रका लागि नीतिगत र संस्थागत संरचनाको विकास भएको हुने ।

२. कला भाषा र संस्कृतिसँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदाहरूको विस्तृत अध्ययन भई प्रोफाइल तयार भएको हुनेछ ।

३. स्थानीय भाषा संस्कृतिसम्बन्धी पाठयक्रम तयार भई युवा वर्गमा परम्परागत कला संस्कृति र रैथाने भाषाको विषयमा जागरण आएको हुनेछ ।

## ४.३ पूर्वाधार विकास योजना

### पृष्ठभूमी

आर्थिक, सामाजिक र सेवा तथा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार तथा सुविधाको विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ। भौतिक पूर्वाधारको विकासले अन्तरआबद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र त्यसमार्फत बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपभोगजस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ। भौतिक पूर्वाधार तथा संरचनाको विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो निर्माण र सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरूको अवलम्बन जरुरत पर्छ।

### ४.३.१ सडक, पुल तथा यातायात

### ४.३.१.१ पृष्ठभूमि तथा सिकाइ

नगरपालिकाको कुल सडक सन्जाल १५९.१२ किमी रहेको छ। जम्मा सडकमध्ये ग्राभेल सडक (७७.६१ किमी, ४८.८%) सबैभन्दा बढी रहेकोछ। सबै वडाहरूमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सेवा पुगेको छ। तर, केही वडाहरूमा अझै पनि कच्ची सडक र मौसमी यातयात सेवामा निर्भर रहनुपर्ने अवस्था छ । ग्रामीण क्षेत्रमा वर्षैंभरि गाडी चल्न सक्ने सडक निकै कम छन्। कंक्रिट सडक (३३.६४ किमी, २१.१%) र कालोपत्रे (२४.०३ किमी, १५.१%) मध्यम मात्रामा छन् भने कच्ची सडक (२३.८४ किमी, १५.०%) ले ग्रामीण इलाकाको पिछडिएको अवस्था झल्काउँछ। दश ओटा वडामा सर्वोत्तम सडक सुविधा वडा ५ मा रहेको छ। यस वडामा कालोपत्रे (६.५८ किमी) र कंक्रिट (३.८७ किमी) गरि कुल १०.४५ किमी (७०%) उच्च गुणस्तरका सडक रहेका छन्। त्यसैगरि ग्राभेल र कच्ची सडक मात्र ४.४६ किमी (न्यून) रहेको छ। वडा ४ सबैभन्दा न्यूनतम सडक सुविधा भएको वडा हो। कालोपत्रे शून्य र कंक्रिट मात्र ३.९ किमी (४२.५%) तथा ग्राभेल (२.९४ किमी) र कच्ची (२.३४ किमी) गरि कुल ५.२८ किमी (५७.५%) सडकको अवस्था कमसल खालको रहेको हुँदा यस वडामा सडक दुरावस्थामा रहेको छ।

### ४.३.१.२ सम्भावना र अवसर

पूर्वाधार निर्माणका क्षेत्रहरू यस नगरपालिकाको विकासका आधार भएकाले नगरपालिकाभित्रका भौतिक पूर्वाधार संरचनाहरूको संरक्षण तथा गुणस्तर अभिवृद्धि गर्नुपछ। नगरपालिकाभित्र सबै प्रकारका भौतिक पूर्वाधारहरू निर्माण गर्दा स्पष्ट मापदण्ड तयार गरेर निर्माण गर्न आवश्यक छ। सबै प्रकारका भौतिक पूर्वाधारहरू समावेशी तथा गुणस्तरीय हुनुपर्नेछ। आयोजना छनोटको प्रक्रियादेखि सम्पन्न भएर हस्तानान्तरणको चरण सम्ममा जनताको सहभागिता हुनुपर्ने र जनस्तरवाट नै अनुगमन तथा मूल्याकन हुनुपछ। निर्धारित र स्तरीय मापदण्ड निर्माण गरी नगरबासीहरूको सहभागितमा गुणस्तरीय तथा समावेशी भौतिक पूर्वाधार निर्माण गर्ने सम्भावना छन्। ग्राभेल र कच्ची सडकहरूको स्तरोन्नति, किनारमा वृक्षरोपण, सौन्दर्यीकरण र चोकहरूमा ट्राफिक संकेत व्यवस्था गर्नुपर्ने देखिन्छ। मुख्य क्षेत्रमा यात्रु प्रतीक्षालय र सार्वजनिक शौचालयको व्यवस्था गरी यातयातलाई अपाङग, बालबालिका र ज्येष्ठ नागरिकमैत्री बनाउनुपर्नेछ।

### ४.३.१.३ समस्या तथा चुनौती

बजार र आवास क्षेत्रमा निर्माण भएका सडकहरूमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन। सडकको मापदण्ड लागु हुन नसक्दा धेरैजसो सडक साँघुरा छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन। नगरपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरूमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरूमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषणबिना सडक निर्माण गर्ने क्रम बढदै गइरहेको छ। सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरू प्राथमिकता साथ सञ्चालन गर्न सकिएको छैन।

### ४.३.१.४ लक्ष्य र उद्देश्य

सबै वडामा गुणस्तरीय सडक पूर्वाधारको पहुँच विस्तार गरी गुणस्तरीय सार्वजनिक यातयात सेवा सुनिश्चित हुने वातावरण निर्माण गर्ने यस आवधिक योजनाको प्रमुख लक्ष्य हो। त्यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ।

१. उपभोक्तामैत्री समावेशी गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्ने।
२. नगर यातायात पूर्वाधार निर्माण गर्ने।

### ४.३.१.५ रणनीति र कार्यनीति

*तालिका ४.२१: सडक, पुल तथा यातायात क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: उपभोक्तामैत्री समावेशी गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्ने।** | | | |
| १.१ | पूर्वाधार निर्माणमा जनताको सहभागिता र उत्तरदायित्वको सुनिश्चितता गर्ने। | १.१.१ | उपभोक्ता समितिमार्फत साना ग्रामिण/सहरी योजनाहरू कार्यान्वयन गर्न लागत सहभागिता वृद्धि गर्ने । |
| | | १.१.२ | ठूला योजनाको हकमा योजना तर्जुमा, निर्माणका साथै अनुगमन कार्यमा स्थानीय सरोकारवाला (जनता)को सहभागिता सुनिश्चित गर्ने। |
| १.२ | पूर्वाधार निर्माणमा संघीय तथा प्रदेश सरकारसग सहकार्य गर्ने। | १.२.१ | रणनीतिक सडक सञ्जाल तथा सहायक मार्ग युटिलिटी करिडोर)को व्यवस्थापनका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ। |
| | | १.२.२ | प्रदेश सरकारको हकमा रहेका सडक तथा पूर्वाधार निर्माण र मर्मतसम्भारमा नगरपालिकाले समन्वय गर्नेछ। |
| **उद्देश्य २: नगर यातायात पूर्वाधार निर्माण गर्ने।** | | | |
| २.१ | छमेकी पालिकाहरूसग सहकार्य गर्ने। | २.१.१ | नगरपालिकाले अन्य पालिका तथा निजिक्षेत्रसगको सहकार्यमा गाँउ नगर सार्वजनिक यातायात सञ्चालन गर्ने। |
| २.२ | वातावरणमैत्री यातायात प्रणालीको विकास गर्ने। | २.२.१ | विद्युत सञ्चालित वस तथा अन्य सवारीसाधनलाई सावजनिक यातायातका रूपमा प्रोत्साहन गर्ने। |

### ४.३.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी सडक, पुल तथा यातायातमा योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। तालिका ४.२२ मा प्रस्तुत कार्यक्रम अन्तर्गत यस आवधिक योजनामा निर्माण/विस्तार/स्तरउन्नति गरिने सडक सम्बन्धि बिस्तृत बिवरण एनेक्स एक मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.२२: सडक, पुल तथा यातायात क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | प्रत्येक वडाको केन्द्र र नगरपालिका केन्द्र जोडन पक्की सडक निर्माण गर्ने | १,६५,४००.०० | १,८१,९४०.०० | २,००,१३४.०० | २,२०,१४७.४० | २,४२,२२५.४० |
| २ | सडक स्तरोन्नति (कालोपत्रे) | २,४८,१००.०० | २,७२,९१०.०० | ३,००,२०१.०० | ३,३०,२२१.१० | ३,६३,३३८.१० |
| ३ | साइकल मार्ग निर्माण गर्ने | ८२,७००.०० | ९०,९७०.०० | १,००,०६७.०० | १,१०,०७३.७० | १,२१,११३.७० |
| ४ | रणनीतिक महत्वको बसपार्क निर्माण गर्ने र नगरपालिकाले अन्य पालिका तथा निजिक्षेत्रसगको सहकार्यमा गाँउ नगर सार्वजनिक यातायात सञ्चालन गर्ने | ५५,१३३.३३ | ६०,६४६.६७ | ६६,७११.३३ | ७३,३८२.४७ | ८०,७४१.८० |
| | जम्मा | ५,५१,३३३.३३ | ६,०६,४६६.६७ | ६,६७१,११३.३३ | ७,३३,८२४.६७ | ८,०७,४१९.०० |

#### ४.३.१.७ परिणानात्मक लक्ष्य

यस योजनाको कार्यान्वनसंगै देहायबमोजिमको परिणानात्मक लक्ष्य हासिल हुने अपेक्षा रहेको छ।

*तालिका- ४.२३ : सडक पुल तथा यातायात क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्य तथा परिमाणात्मक लक्ष्य*

| सि.न. | कार्यक्रम | एकाई | २०८१/०८२ को अवस्था | २०८६/०८७ को लक्ष्य |
|---|---|---|---|---|
| १ | बसपार्क निर्माण | वटा | ० | १ |
| २ | कार्यालय भवन निर्माण | वटा | ९ | १४ |
| ३ | नगरपालिका भित्र रणनितिक सडक कालोपत्रे | कि.मि. | १५ | २२ |
| ४ | बाह्रैं महिना सञ्चालन योग्य स्थानीय सडक सञ्जाल | कि.मि. | २५ | ४५ |

#### ४.३.१.८ अपेक्षित उपलब्धि

१. नगरपालिकाका वडाहरूबीच समुचित सडक सञ्जालको विकास भई ग्रामीण र सहरी अर्थतन्त्र विच सहज सार्वजनिक यातायातको व्यवस्था भएको हुनेछ ।
२. नगरका सडक सञ्जाल नागरिकमैत्री तथा समावेशी र सुरक्षित भएको हुनेछ ।
३. सडक, पुल तथा ढल निर्माणसगै समुचित पदमार्ग तथा साइकल मार्गको निर्माणले प्रदूषण कम भई नगरबासीको स्वास्थ र पर्यापर्यटन प्रवद्र्धनमा टेवा पुगेको हुनेछ।
४. व्यवस्थित पार्किङ, ट्राफिक संकेत, सडक बत्ती, सडक किनारमा हरित पेटी तथा सार्वजनिक यातायातको सर्वसुलभ सुविधाले सहरको सुन्दरतामा वृद्धि भएको हुनेछ।

### ४.३.२ सिँचाइ

#### ४.३.२.१ पृष्ठभूमि तथा सिकाइ

बोदे बरसाईन नगरपालिकाको कुल खेतीयोग्य जमिन ४,३३८.९ हेक्टर मध्ये ६२.२०% (२६९८.८ हेक्टर) मा सिँचाइ सुविधा उपलब्ध छ। ३७.८% जमिनमा सिँचाइ सुबिधा छैन। बर्षाको पानीमा निर्भर हुनुपर्ने बाध्यता रहेको छ। सिँचाइ सुबिधा उपलब्ध जमिनमा सिँचाइको

लागि मूलतः दुई प्रमुख स्रोतहरू प्रयोग गरिएका छन्: नदी सिँचाइ योजना र बोरिंग जल स्रोत सिँचाइयोजना। यी दुवै योजनाहरूले कृषि क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् र किसानहरूलाई वर्षभरि खेती गर्न सहज बनाएका छन्। नदी सिँचाइयोजनाले १,२०० हेक्टर क्षेत्रलाई सिंचित गर्छ। यो योजनाले नदीको पानीलाई प्रयोग गरी खेतीयोग्य जमिनमा सिँचाइसुविधा प्रदान गर्दछ। नदीको पानीको उपलब्धताले किसानहरूलाई नियमित सिँचाइसुविधा प्राप्त गर्न मद्दत गरेको छ। त्यस्तै, बोरिंग जल स्रोत सिँचाइयोजनाले १,४९८.८ हेक्टर क्षेत्रलाई सिंचित गर्छ। यो योजना भूमिगत जल स्रोतको प्रयोग गरेर संचालित हुन्छ। (**हे. तालिका ४.१ र ४.२**)

### ४.३.२.२ सम्भावना र अवसर

नगरपालिकाको खेतीयोग्य जमिन मध्ये ३७.८% जमिनमा सिँचाइ सुबिधा नभएकोले अहिले भइरहेको सिँचाइ प्रणाली थप व्यवस्थित र विस्तार गर्दै नयाँ सिँचाइ प्रणालीको विकास गरेर तत्तत क्षेत्रका विशाल खेतीयोग्य फाँटहरूको प्रतिइकाई उत्पादकत्व वृद्धि गर्ने प्रशस्त सम्भावना छ। सोलार प्रविधिमा आधारित बोरिंग प्रणाली विकास गर्दै आवस्यकता अनुसार अनुदान उपलब्ध गराएर अधिकाधिक नगरबासीलाई सिचाई प्रणालीको लाभर्ति बर्गमा पर्ने गरि आवस्यक प्रबन्ध गर्नुपर्ने देखिन्छ। साबिकको १२०० हेक्टर जमिन संचित गर्ने नदी सिँचाइयोजनालाई विस्तार गरि अधिकाधिक नहर प्रणाली बनाई त्यसरी सिंचित हुने जमिनमा बढोत्तरी गर्नुपर्ने देखिन्छ।

### ४.३.२.३ समस्या तथा चुनौती

अहिले भइरहेको सिँचाइ प्रणालीको उचित संरक्षण र दिगो उपयोग र समुचित व्यवस्थापनका साथै सिँचाइको अभाव भएका स्थानमा जतिसक्दो चाँडो सिँचाइ आयोजनाहरूको विकास गरी नगरपालिकाको कृषि र खाद्य सुरक्षाको क्षेत्रमा योगदान गर्नु अत्यन्तै चुनौतीपूर्ण देखिएको छ।

### ४.३.२.४ लक्ष्य र उद्देश्य

सिँचाइ प्रणालीहरूको संरक्षण, संवद्र्धन, व्यवस्थापन गर्दै महागर र समुदायको साझेदारीमा अधिकतम प्रतिफल दिने परियोजना निर्माण गरी सिँचाइको उपलब्धता वृद्धि गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने। उक्त लक्ष्य भेटन र यस आवधिक योजनाले अपेक्षा गरेअनुरूपको आर्थिक विकासलाई गति दिन सहयोग पुर्याउन देहायबमोजिमका उद्देश्य निर्धारण गरिएको छ।

१. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिँचाइ प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्ने।
२. सिँचाइ सुविधा नपुगेका ग्रामीण क्षेत्रमा नयाँ प्रबिधियुक्त बोरिंग प्रणालीको विस्तार गर्ने र सर्वसुलभ सिँचाइ सुनिश्चित गर्ने।

### ४.३.२.५ रणनीति र कार्यनीति

*तालिका ४.२४: सिँचाइ क्षेत्रको समुचित विकासका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिँचाइ प्रणालीहरूको समुचित संरक्षण, संवर्द्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्ने।** | | | |
| १.१ | नगरपालिकामा भएका प्राकृतिक सिँचाइका स्रोत र मुहानहरूको संरक्षण र संवर्द्धन गर्ने। | १.१.१ | प्राकृतिक सिँचाइका स्रोत, मुहान र कुलोहरू विस्तृत अध्ययन (DPR) गरेर सिँचाइ लक्षित जलस्रोतको प्रोफाइल तयार गर्ने। |
| | | १.१.२ | नगरपालिकाको सिँचाइ गुरुयोजना (master plan) तर्जुमा गरी दिगो व्यवस्थापनका रणनीति बनाएर कार्यान्वयन गर्ने । |
| १.२ | नदी सिँचाइ प्रणालीहरूको संरक्षण, विस्तार र दिगो सदुपयोग गर्ने। | १.२.१ | संघ र प्रदेशसँग सहकार्य गरि बिस्तृत सम्भाव्यता अध्ययन (DPR) गरेर नहर सिँचाई प्रणाली विस्तार गर्ने। |
| | | १.२.२ | नगरभित्र सञ्चालित नहरहरूको अतिक्रमण र प्रदूषण नियन्त्रण गरी उचित संरक्षण र दिगो सदुपयोगको कार्ययोजना (मापदण्डसहित) बनाएर प्रभावकारी रूपमा लागु गर्ने । |
| **उद्देश्य २: सिँचाइ सुविधा नपुगेका ग्रामीण क्षेत्रमा नयाँ प्रबिधियुक्त बोरिंग प्रणालीको विस्तार गर्ने र सर्वसुलभ सिँचाइ सुनिश्चित गर्ने।** | | | |
| २.१ | नदी सिँचाइ सुविधा नपुगेका र नहर बनाउन कठिन हुने ग्रामीण क्षेत्रमा प्रविधिमा आधारित बोरिंग सिँचाइ प्रणालीको प्रवर्द्धन गर्ने। | २.१.१ | बोरिंग सिँचाइ प्रणालीको आवश्यकता भएका खेतीयोग्य क्षेत्र पहिचान गरी कृषकलाई अनुदान दिएर त्यस्तो प्रणाली निर्माण गर्न प्रोत्साहित गर्ने। |
| | | | बिस्तृत अध्ययन गरि सोलार लगायत नयाँ प्रविधिमा आधारित बोरिंग वा अन्य सिँचाइ प्रणाली विकास विस्तार गर्ने। |
| २.२ | सिँचाइ आयोजना विकास तथा व्यवस्थापनमा नगरपालिका र समुदायको साझेदारी प्रवर्द्धन । | २.२.१ | समुदायमा आधारित सिँचाइका स्रोत संरक्षण, परियोजना विकास र व्यवस्थापनमा सामुदायिक संस्थाहरूलाई प्राविधिक सहायता (क्षमता विकास) कार्यक्रम सञ्चालन गर्ने । |
| | | २.२.२ | समुदायमा आधारित सिँचाइ परियोजना विकासका लागि लागत सहभागिता कार्यक्रम सञ्चालन गर्ने । |

### ४.३.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्यमा सिँचाइ आयोजनाहरू विकास तथा व्यवस्थापनका लागि यस योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

*तालिका ४.२५: सिँचाइको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र. स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नीतिगत तथा संस्थागत सुधार र अध्ययन अनुसन्धान तथा प्रोफाइल तयार। | १६,५४१.१८ | १८,१९५.३० | २०,०१४.८३ | २२,०१६.३१ | २४,२१७.९४ |
| २ | प्राकृतिक सिँचाइका स्रोत, मुहान र कुलोहरू विस्तृत अध्ययन (DPR) | २२,०५४.९१ | २४,२६०.४० | २६,६८६.४४ | २९,३५५.०८ | ३२,२९०.५९ |
| ३ | सामुदायिक सिँचाइका लागि प्राविधिक सहायता र क्षमता विकास कार्यक्रम। | १६,५४१.१८ | १८,१९५.३० | २०,०१४.८३ | २२,०१६.३१ | २४,२१७.९४ |
| ४ | नगरपालिकाको सिँचाइ गुरुयोजना | २७,५६८.६४ | ३०,३२५.५० | ३३,३५८.०५ | ३६,६९३.८६ | ४०,३६३.२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (master plan) तर्जुमा | | | | | |
| ५ | सोलार लगायत नयाँ प्रविधिमा आधारित बोरिंग वा अन्य सिँचाइ प्रणालीको सम्भायाताको विस्तृत अध्ययन (DPR) | २७,५६८.६४ | ३०,३२५.५० | ३३,३५८.०५ | ३६,६९३.८६ | ४०,३६३.२५ |
| | जम्मा | **१,१०,२७४.५५** | **१,२१,३०२.००** | **१,३३,४३२.२०** | **१,४६,७७५.४२** | **१,६१,४५२.९७** |

### ४.३.२.७ अपेक्षित उपलब्धि

१. नगरपालिकामा भएका सिँचाइ प्रणाली तथा स्रोत (मुहान)हरूको प्रोफाइलसहितको गुरुयोजना तयार भइ लागु भएको हुनेछ ।

२. नगरपालिकाभित्र सञ्चालित सिँचाइ प्रणालीहरूको संरक्षण र संवर्द्धन भई सिञ्चित क्षेत्रफल (उपयोगिता) वृद्धि भएको हुनेछ ।

३. सोलार बोरिंग प्रविधिमा आधारित सिँचाइ आयोजना विकास भई सञ्चालनमा आएको हुनेछ।

## ४.३.३ बिद्युत र सञ्चार

### ४.३.३.१ पृष्ठभूमि तथा सिकाइ

बोदे बरसाईन नगरपालिकाका ९८.८% परिवारहरूले बत्ती बल्नको लागि बिजुली मुख्य स्रोतको रूपमा प्रयोग गर्छन्। यो दर नेपालको राष्ट्रिय औसत (९३%) भन्दा उच्च हो। **(हे. तालिका २.२०)** यसले नगरपालिकामा विद्युत बिस्तारको अनुपम उदाहरण प्रस्तुत गर्दछ। बत्ति बाल्ने प्रयोजनको लागि बिजुलीको प्रयोग राष्ट्रिय औषत भन्दा पनि राम्रो भएतापनि खाना पकाउन बिजुलीको प्रयोग गर्ने परिवारको संख्या नगन्य (०.८%) रहेको छ। गुइठा/गोरहा (४५.३%) र काठ/दाउरा (४४.०%) मिलाएर ८९.३% परिवारहरूले परम्परागत इन्धनको प्रयोग गरिरहेका छन्। **(हे. तालिका २.२२)**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको ७३.२ प्रतिशत (लगभग तीन-चौथाई भन्दा बढी) व्यक्तिहरूसँग अहिले मोबाइल फोनको पहुँच रहेको छ। त्यसमध्ये, मधेश

प्रदेशमा मोबाइल फोन प्रयोगकर्ता (घरधुरीमा पहुँच) ७४.८% रहेका छन्। तथ्यांकगत रुपले बोदे बरसाईन नगरपालिकाको छुट्टै तथ्यांक नभएपनि मदेश प्रदेशमा मोबाइल फोनको पहुँच औषत भन्दा बढी रहेको देखिएकाले यस नगरपालिकामा पनि संचार साधनको मजबुत पहुँच रहेको संकेत मिल्दछ। कुराकानी गर्ने प्रयोजनको लागि संचार साधनको प्रयोगमा बोदे बरसाईन औषत देखिएतापनि इन्टरनेटको प्रयोगमा अत्यन्तै न्यून रहेको छ। नगरपालिकामा **इन्टरनेट** प्रयोगको औसत दर मात्र १०.२% (घरधुरी अनुसार) छ, जुन राष्ट्रिय औसत (३८%) भन्दा धेरै तल छ। जसले डिजिटल खाडलको गम्भीर चुनौती झल्काउँछ। वडा अनुसार त्यस्तो भिन्नता अझ बढी टड्कारो देखिन्छ। वडा ५ (१९.०%) सबैभन्दा बढी परिवारले इन्टरनेटको प्रयोग गर्छन् भने यसको विपरीत, वडा ८ (१.०५%) र वडा ९ (१.४%) मा इन्टरनेटको पहुँच न्यून छ। **(हे. तालिका २.१९)**

### ४.३.३.२ सम्भावना र अवसर

नगर क्षेत्रभित्र बिजुली प्रयोजनको लागि विद्युतको खपत उत्त्साहजनक भएपनि घरायसी अन्य प्रयोजनमा विद्युतको खपत नगन्य रहेको छ। परम्परागत इन्धनको खपतका कारण नगरबासीको स्वास्थ्यमा प्रतिकुल असर समेत परिरहेको छ। बिजुली बत्ति खाना पकाउन लगाएत अन्य घरायसी प्रयोजनमा प्रयोग गर्न नगरपालिकाले प्रोत्साहन गर्ने प्रसस्तै ठाउँ रहेको छ। हालको विद्युत वितरणको अवस्थामा सुधारका साथै सौर्य ऊर्जाको उत्पादन तथा प्रयोग प्रवर्द्धन गर्ने अवसर समेत रहेको छ।

### ४.३.३.३ समस्या तथा चुनौती

सहरी क्षेत्रमा विद्युत, टेलिफोन तथा इन्टरनेटका तारहरू जथाभावी सडकमा झुन्डिनु, ग्रामीण क्षेत्रमा विद्युतको पहुँच कम हुनु तथा विद्युतको नियमित आपूर्ति नहुनु पनि यहाँको समस्या हो। यो बाहेक परम्परागत ऊर्जाको प्रयोग निरुत्साहन गरी जलविद्युत तथा वैकल्पिक ऊर्जाको उपयोग प्रवर्द्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन गर्ने कार्य पनि चुनौतिपूर्ण रहेको छ।

### ४.३.३.४ लक्ष्य र उद्देश्य

विद्युत वितरण तथा गुणस्तरमा सुधार गर्दै हरित र वैकल्पिक ऊर्जाको प्रवर्द्धन गर्न योगदान गर्नुका साथै संचार/इन्टरनेटको प्रयोगमा ब्यापक विस्तार गरि प्रबिधि प्रति नगरबासीलाई जागरुक बनाउनु यस आवधिक योजनाको मुख्य लक्ष्य हो। त्यसका लागि देहायका उद्देश्यहरू निर्धारण गरिएको छः

१. निजी क्षेत्र र समुदायको साझेदारीमा इन्टरनेट लगायत संचार क्षेत्रमा देखिएका नविनतम प्रविधिको प्रयोग गर्ने नगरबासीलाई प्रोत्साहित गर्ने।
२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत खपत बढाउने र परम्परागत इन्धनमाथिको निर्भरता कम गर्ने।

### ४.३.३.५ रणनीति र कार्यनीति

*तालिका ४.२६: विद्युत्, वैकल्पिक ऊर्जा तथा संचार क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| उद्देश्य १: **निजी क्षेत्र र समुदायको साझेदारीमा इन्टरनेट लगायत संचार क्षेत्रमा देखिएका नविनतम प्रविधिको प्रयोग गर्ने नगरबासीलाई प्रोत्साहित गर्ने।** | | | |
| १.१ | नगरपालिकामा विद्युतीय सुशासन प्रवर्द्धन गर्न निजी क्षेत्र तह सामुदायिक संस्थासंग साझेदारी गर्ने। | १.१.१ | नगरपालिकाको सम्पूर्ण काम कारवाही प्रबिधि मैत्री, न्यून कागज प्रयोगको अवस्था बनाउन एक अध्ययन गरि प्राप्त सुझावलाई क्रमशः लागू गर्ने। |
| | | १.१.२ | नगरपालिकाले प्रदान गर्ने सेवा/सूचना घरमै बसेर मोबाईलमै प्राप्त गर्न सक्ने अवस्था बनाउन वेब साइटमा सुधार गर्ने, एप बनाउने लगायतका कार्य गर्ने। |
| १.२ | इन्टरनेट तथा संचार क्षेत्रमा देखिएका नविनतम प्रबिधिको प्रयोगमा विस्तार र दिगो सदुपयोग गर्ने। | १.२.१ | जनस्तरमा सुचना प्रविधिको उपयोग तथा विद्यालयमा सिकाई इन्टरनेटमा आधारित बनाउन आवस्यक प्रबन्ध मिलाउने। |
| | | १.२.२ | कुराकानी गर्न बाहेक संचार सुबिधाको अन्य आर्थिक लगायतका गतिविधिमा पनि उपयोग गर्न गराउन प्रोत्साहन कार्यक्रम संचालन गर्ने। |
| **उद्देश्य २: संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत खपत बढाउने र परम्परागत इन्धनमाथिको निर्भरता कम गर्ने।** | | | |
| २.१ | विद्युतको नियमित र अटुट उपलब्धता गराउन तथा वैकल्पिक ऊर्जा उत्पादन गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने। | २.१.१ | नगरपालिकामा विद्युतको नियमित आपूर्तिको व्यवस्थाको लागि संघ सरकार तथा मातहतका निकायसँग सहकार्य गर्ने। |
| | | २.१.२ | नगरभित्रको ठाउँ पहिचान गरि वैकल्पिक ऊर्जा (सौर्य) उत्पादन गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने। |
| २.२ | हरित र स्वच्छ ऊर्जा (विद्युत) खपत बढाउने र | २.२.१ | संघ तथा प्रदेश सरकार र विद्युत प्राधिकरणसँगको सहकार्यमा हरित तथा स्वच्छ ऊर्जाको प्रयोग र खपत प्रोत्साहनका लागि |

| | | | |
|---|---|---|---|
| | खनिज इन्धनमाथिको निर्भरता कम गर्ने । | | विशेष कार्यक्रम सञ्चालन गर्ने । |
| | | २.२.२ | नगरभित्र विद्युतीय सवारी, सार्वजनिक यातायात र औद्योगिक तथा घरयासी उपयोगमा विद्युतबाट चल्ने उपकरणको प्रयोग प्रोत्साहन गर्न सवारी चार्जिङ केन्द्रलगायतका पूर्वाधार विकासमा जोड दिने । |

### ४.३.३.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी विद्युत, वैकल्पिक ऊर्जा तथा संचारको विकासका लागि योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

*तालिका ४.२७: विद्युत्, वैकल्पिक ऊर्जा तथा संचार क्षेत्रको विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नीतिगत तथा संस्थागत सुधार र एप तथा website मा सुधार | ५,५१३.४० | ६,०६४.७४ | ६,६७१.२१ | ७,३३८.३४ | ८,०७३.८७ |
| २ | नगरपालिकाको सम्पूर्ण काम कारवाही प्रविधि मैत्री, न्यून कागज प्रयोगको अवस्था बनाउन विस्तृत सम्भाव्यता अध्ययन (DFS) गर्ने । | १६,५४०.२० | १८,१९४.२२ | २०,०१३.६४ | २२,०१५.०१ | २४,२२१.६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा सडक बत्ती व्यवस्थापन गर्ने । | ५,५१३.४० | ६,०६४.७४ | ६,६७१.२१ | ७,३३८.३४ | ८,०७३.८७ |
| ४ | संघ तथा प्रदेश सरकारको सहकार्यमा वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा प्रोत्साहन कार्यक्रम। | १३,७८३.५० | १५,१६१.८५ | १६,६७८.०४ | १८,३४५.८४ | २०,१८४.६८ |
| ५ | समुदायमा वैकल्पिक ऊर्जाको विकास तथा उपयोग प्रवद्र्धन गर्न जागरण तथा अनुदान कार्यक्रम सञ्चालन गर्ने । | १३,७८३.५० | १५,१६१.८५ | १६,६७८.०४ | १८,३४५.८४ | २०,१८४.६८ |
| | जम्मा | **५५,१३४.००** | **६०,६४७.४०** | **६७,१२.१४** | **७३,३८३.३७** | **८०,७३८.७१** |

### ४.३.३.७ अपेक्षित उपलब्धि

१. नगरपालिकाले प्रदान गर्ने इ-सेवा लगायत विद्युतीय शासनमा जनताको सहभागितामा वृद्धि भएको हुनेछ।
२. नगरभित्रको विद्युत वितरण प्रणालीमा सुधार भई सहरी सौन्दर्य र गुणस्तरीय विद्युत आपूर्ति सुनिश्चित भएको हुनेछ।
३. जलविद्युतजस्ता हरित र स्वच्छ ऊर्जाको खपत वृद्धि भई नगरबासीको स्वास्थ्यमा सुधार भएको हुनेछ।

## ४.४ वातावरण र विपद व्यवस्थापन

### ४.४.१ विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन

#### ४.४.१.१ पृष्ठभूमि तथा सिकाइ

बोदे बरसाईन नगरपालिकामा प्राकृतिक प्रकोप र विपदको सन्दर्भमा बाढी, पहिरो, खडेरी, हावाहुरी, सितलहर, तुषारो, आगलागी, रोगकिराको प्रकोप जस्ता जोखिम छन । राष्ट्रिय कृषि गणना -२०७८ सामुदायिक प्रतिबेदन अनुसार यस नगरपालिका वडाहरुमा बिगत ५ बर्षमा घटेका बिपद्हरु देहाय बमोजिम रहेका छन्ः

*तालिका ४.२८ः वडागत बिगत ५ बर्षमा घटेका बिपद्हरु*

| बाढी | पहिरो | खडेरी | हावाहुरी | असिना | शीतलहर/तुषारो | आगलागी | रोगकिराको प्रकोप |
|---|---|---|---|---|---|---|---|
| ७ | ३ | ३ | ८ | ० | २ | २ | ० |

(श्रोतः राष्ट्रिय कृषि गणना -२०७८ सामुदायिक प्रतिबेदन)

यो तथ्यांकले बोदे बरसाईन नगरपालिकामा हावाहुरी र बाढी लाई प्रमुख जोखिमको रूपमा उजागर गर्छ। यी विपदहरूले धेरै वडाहरूलाई प्रभावित गरेकोले कृषि क्षेत्र र समुदायमा ठूलो क्षति पुऱ्याउन सक्छ। त्यसैले, यी विपदहरूको रोकथाम र व्यवस्थापनमा विशेष ध्यान दिनु आवश्यक छ।

#### ४.४.१.२ सम्भावना र अवसर

नगरपालिकाले स्थानीयस्तरमा रहेका संयन्त्र वा अनुभवलाई समुचित उपयोग गर्दै नगरस्तरीय विपद पूर्वतयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद उत्थानशील योजना तर्जुमा गरी सबै सरोकारवाला र सरकारी निकायसँगको सहकार्यमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। अन्य सरकारी निकाय र निजी क्षेत्रसँग उद्धार तथा राहतमा उपयोग हुने पूर्वाधार र सामग्रीहरू रहेको अवस्थामा नगरस्तरीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी जिल्लास्तरीय आपत्कालीन केन्द्रसँगको समन्वयमा वडा र समुदायको क्षमता विकासमा काम गर्ने अवसर पनि छ। अन्य सम्भावना र अवसरहरू देहायबमोजिम रहेका छन्ः

१. विपद व्यस्थापन कोष स्थापना गरि थप समृद्ध र पारदर्शी बनाउने ।
२. विपद न्यूनीकरण र व्यवस्थापनका लागि संघीय र प्रदेश कानुनसँग तालमेल गरेर आवश्यक कानुनी व्यवस्था गरेर नगरपालिकालाई चुस्त दुरुस्त बनाउने ।
३. वडा तथा समुदाय स्तरमा विपद व्यवस्थापन समिति गठन गरी नियमित प्रशिक्षण प्रदान गर्ने।

४. विपद जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्ने ।
५. स्थानीय विपद व्यवस्थापन केन्द्र निर्माण गरी आवश्यक जनशक्ति, पूर्वाधार र सामग्री व्यवस्था गर्ने।

### ४.४.१.३ समस्या तथा चुनौती

नगरपालिकामा विभिन्न संस्थागत तथा स्रोतको कमीका कारण विपद जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउन सकिएको छैन। नगरपालिका तहमा आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा भएका छैनन। जोखिम सूचना संकलन तथा सञ्चार प्रणालीको कमी तथा सहरी योजना र उत्थानशीलता रणनीतिहरूमा विपद जोखिम सूचनाको एकीकरण नहुनुका कारण केही हदसम्म विपद जोखिम व्यवस्थापनमा संस्थागत तयारीको कमी देखिन्छ। अन्य समस्या र चुनौतीहरू देहायबमोजिम छन्ः

१. पूर्व मनसुन र मनसुनको समयमा मनसुनी बर्षाले नियमित रूपमा बाढी, पहिरो, डुबानका समस्या सिर्जना गर्ने ।
२. नगरस्तरमा स्थानीय विपद तथा जलवायु उत्थानशील योजना नभएकाले विपद व्यवस्थापनका क्षेत्रमा साझा धारणा बनाउन नसकिएको ।

### ४.४.१.४ लक्ष्य र उद्देश्य

नगरपालिकालाई प्राकृतिक तथा गैरप्राकृतिक विपद एवम जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा सक्षम बनाई विपद उत्थानशील समाज र अर्थतन्त्र निर्माणमा योगदान गर्ने। त्यसका लागि देहायका उद्देश्यहरू निर्धारण गरि आवश्यक रणनीति र कार्यनीति तय गरिएको छ।

१. जोखिम न्यूनीकरणका लागि विपदका सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु।
२. नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्ने।

### ४.४.१.५ रणनीति र कार्यनीति

*तालिका ४.२९: विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः जोखिम न्यूनीकरणका लागि विपदका सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु।** | |

| | | | |
|---|---|---|---|
| १.१ | विपद रोकथाम, पूर्वतयारी र द्रुत प्रतिकार्यमार्फत क्षति न्यूनीकरण गर्ने । | १.१.१ | क्षति न्यूनीकरणका लागि योजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ । |
| | | १.१.२ | विपद जोखिम न्यूनीकरण र विपद व्यवस्थापनमा संघ तथा प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य गर्ने । |
| **उद्देश्य २: नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्ने।** | | | |
| २.१ | स्थानीय विपद तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद व्यवस्थापलको सबलीकरण गर्ने। | २.१.१ | विपद जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| | | २.१.२ | जोखिम संवेदनशील भू—उपयोग योजनाअनुसार भूमिको क्षमताको आधारमा भूउपयोग गर्न प्रोत्साहन गरिनेछ । |

## ४.४.१.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनमा योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

*तालिका ४.३०: विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नगरपालिकाको जोखिम नक्सांकन गरी संकटासन्न समुदाय र घरधुरी पहिचान गर्ने। | १,६५४.२० | १,८१९.६२ | २,००१.५८ | २,२०१.७४ | २,४२१.३४ |
| २ | खोज तथा उद्धारमा दक्ष जनशक्ति र स्वयंसेवक सूचीकरण र परिचालन । | १,१०२.८० | १,२१३.०८ | १,३३४.३९ | १,४६७.८३ | १,६१४.२३ |
| ३ | स्थानीय विपद तथा जलवायु परिवर्तन | २,७५७.०० | ३,०३२.७० | ३,३३५.९७ | ३,६६९.५६ | ४,०३५.५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्थानशील योजना तयार गरी लागु गर्ने। | | | | | |
| | जम्मा | ५,५१४.०० | ६,०६५.४० | ६,६७१.९४ | ७,३३९.१३ | ८,०७१.१३ |

### ४.४.१.७ अपेक्षित उपलब्धि

१. विपद व्यवस्थापनसम्बन्धी कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था र यससँग सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुनेछ।

२. विपद जोखिमको पूर्वानुमान सूचना, खोज तथा उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ।

३. प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुने प्रकोपको क्षति घटेको हुनेछ।

## ४.४.२ फोहोरमैला व्यवस्थापन

### ४.४.२.१ पृष्ठभूमि तथा सिकाइ

नगरपालिकामा फोहोर व्यवस्थापनमा खासै उल्लेख्य कार्य भएको देखिदैन। नगरबासी सडकमै फोहोर गर्ने, सडकमै घरको फोहोर बिसर्जन गर्ने र जतातत‍ै थुक्ने गरेकाले नगरपालिकाको शहरी क्षेत्र स्वच्छ र सफा देखिदैन। सडकमै गुएठा पार्ने, गोबर राख्ने, बस्तुभाउ छोड्ने प्रचलन ब्याप्त देखिन्छ।

### ४.४.२.२ सम्भावना र अवसर

नगरपालिकामा फोहोरमैला व्यवस्थापनको क्षेत्रमा खासै काम नभएकाले नमुना फोहोरमैला व्यवस्थापन प्रणालीको विकास गर्न सकिने पर्याप्त अवसर र सम्भावनाहरू रहेको छ। बाटोघाटो, सार्बजनिक स्थल, ताल-तलैया प्लास्टिक, कागज, र अन्य सामग्रीले प्रदुषित देखिन्छ। त्यस्तोमा, सफा सुग्घर गाउँ क्षेत्र बनाउँदा त्यसले स्थानीयबासीको स्वास्थ्य राम्रो हुनुका अलावा पर्यटनमा समेत सकारात्मक प्रभाव पार्ने सम्भावना रहेको छ। स्थानीयबासीमा सचेतना फैलाउदै घरमा निस्केका कुनिने र नकुहिने फोहोर छुट्टाएर कुहिने फोहोरलाई घरमै मल बनाउन सिकाउने र नकुहिने सामानलाई नगरपालिकाले उचित व्यवस्थापन गर्न सकिएमा यो नगरपालिका सफा, स्वच्छ नगरपलिकाको रुपमा परिचित हुने थियो।

### ४.४.२.३ समस्या तथा चुनौती

पान, गुड्का, सुपारी खाएर जतातत्तै थुक्ने, प्लास्टिक लगायत नकुहिने फोहोर सडक/सार्बजनिक स्थलमा फाल्ने प्रबृत्ति स्थानीयबासीमा व्यापक देखिन्छ। जहाँ पायो तेही फोहर फाल्नु हुँदैन भने चेतनाको अभाब देखिन्छ, जसको कारण नगरपालिकामा यत्रतत्र धुलो, कागज र अन्य फोहोर देखिन्छ। नगरपालिकाले पनि घर/घर बाट फोहोर संकलन गर्ने, सार्बजनिक स्थलको नियमित सरसफाई गर्ने गरेको देखिदैन। यसर्थ, फोहोरलाई स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर लैजाने अवसरसँगै चुनौती पनि थपिएको छ ।

### ४.४.२.४ लक्ष्य र उद्देश्य

फोहोरमैला व्यवस्थापनमा यस आवधिक योजनाको एक मात्र लक्ष्य भनेको घरायसी तथा व्यावसायिक फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनमार्फत स्वच्छ, सुन्दर र हराभरा नगरपालिका निर्माणको दिशामा योगदान गर्ने हो। त्यसका लागि देहायका उद्देश्यहरू तय गरिएको छ ।

१. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन र वृत्ताकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने।

२. नगरपालिकाले घर/घर बाट फोहोर संकलन गर्ने र सार्बजनिक स्थलको दैनिक सरसफाई गर्ने प्रबन्ध मिलाउने।

### ४.४.२.५ रणनीति र कार्यनीति

*तालिका ४.३१: फोहोरमैला व्यवस्थापन क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | | कार्यनीति | |
|---|---|---|---|
| **उद्देश्य १: फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन र वृत्ताकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने।** | | | |
| १.१ | फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी आयतन घटाउने अभियान सञ्चालन गर्ने । | १.१.१ | घर र संस्थागत तवरबाट निस्केको फोहोर स्रोतमै वर्गीकरण गर्ने र व्यवस्थापन गर्ने प्रणालीको विकास गर्ने। |
| | | १.१.२ | फोहोर व्यवस्थापनमा निजी क्षेत्रसग हुदै आएको साझेदारीलाई थप प्रभावकारी बनाउँदै विद्यालय, व्यवसाय र समुदायलक्षित तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| **उद्देश्य २: नगरपालिकाले घर/घर बाट फोहोर संकलन गर्ने र सार्बजनिक स्थलको दैनिक सरसफाई गर्ने प्रबन्ध मिलाउने।** | | | |

| | | | |
|---|---|---|---|
| २.१ | फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | २.१.१ | निजि क्षेत्र र संघ सस्थाहरूसँगको सहकार्यमा घर/घर तथा सार्बजनिक स्थलबाट नियमित फोहोरमैल संकलन गर्ने/गराउने । |
| | | २.१.२ | प्लास्टिक तथा सिसाजन्य वस्तुको प्रयोग निरुत्साहन गर्दै वैकल्पिक वस्तुको उपयोगलाई प्रोत्साहन तथा पुनःप्रयोग र चक्रीय उपयोगका प्रवद्र्धनात्मक कार्यक्रम सञ्चालन गर्ने। साथै, सार्बजनिक स्थलमा थुक्ने, फोहोर फाल्ने कार्य निरुत्साहित गर्न सचेतना कार्यक्रम समेत संचालन गर्ने। |

## ४.४.२.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा फोहोरमैला व्यवस्थापनमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

*तालिका ४.३२: फोहोरमैला व्यवस्थापन क्षेत्रका रणनीतिक कार्यक्रम तथा आयोजना*

| क्र.स. | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| १ | नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण | ४,९६२.०० | ५,४५८.२० | ६,००४.०२ | ६,६०४.४२ | ७,२६६.७३ |
| २ | नीजि तथा सार्बजनिक स्थल बाट नियमित फोहोर संकलन कार्यको शुरुवात। | ४,१३५.०० | ४,५४८.५० | ५,००३.३५ | ५,५०३.६९ | ६,०५५.६२ |
| ३ | पुनःप्रयोगयोग्य कवाडी सामग्री | ५,७८९.०० | ६,३६७.९० | ७,००४.६९ | ७,७०५.१६ | ८,४७७.८६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन गर्न विशेष कार्यक्रम | | | | | |
| ४ | सार्बजनिक स्थलमा थुक्ने, फोहोर फाल्ने कार्य निरुत्साहित गर्न सचेतना कार्यक्रम | १,६५४.०० | १,८१९.४० | २,००१.३४ | २,२०१.४७ | २,४२२.२५ |
| | जम्मा | **१६,५४०.००** | **१८,१९४.००** | **२०,०१३.४०** | **२२,०१४.७४** | **२४,२२२.४६** |

### ४.४.२.७ अपेक्षित उपलब्धि

१. नगरपालिकाको फोहोर व्यवस्थापन प्रणाली थप व्यवस्थित र सुदृढ भएको हुनेछ ।

२. समुदायको अग्रसरतामा फोहोरमैलाको स्रोतमै वर्गीकरण समुचित व्यवस्थापनको अभ्यास अगाडि बढेको हुनेछ ।

३. फोहोरमैला व्यवस्थापनका नवीनतम प्रविधिको प्रयोग वर्गीकरण, प्रशोधन र पुनःप्रयोगमा नतिजा देखिने गरी सञ्चालन भएका हुनेछन ।

## ४.५ सुशासन तथा संस्थागत विकास

### ४.५.१ पृष्ठभूमि तथा सिकाइ

नेपालको संविधानमै स्थानीय तहको क्षेत्राधिकार तोकिएबाट स्थानीय सरकारहरू स्थापना भई संविधानअनुसार विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशील छन । स्थानीय सरकार जनताको घरदैलोका सरकार हुन। आम नागरिक विशेषगरी विपन्न तथा पछाडि परेका वर्ग एवम समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन । संवैधानिक व्यवस्था, कानुनी शासन र जनअपेक्षाअनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम दायित्व स्थानीय सरकारहरूको रहेको हुन्छ। लोकतन्त्र तथा सुशासन प्रवर्द्धन गर्न भई रहेका ऐन नियम, नीति, रणनीतिहरूको व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्छ र सबै प्रकारका दण्डहीनताको अन्त्य जरुरी छ भने राम्रो काम गर्ने समाजका विभिन्न क्षेत्रहरूलाई पुरस्कृत गर्नुपछ। दैनिक जीवनमा प्रभाव पार्ने विभिन्न उपक्षेत्रहरूमा सेवा प्रदायकहरूले जिम्मवारी र जवाफदेहीपूर्ण तरिकाले सेवा प्रवाहरू गर्नुपर्ने आवश्यकता छ। सुशासनका विभिन्न क्षेत्रहरूबारे जानकारी गराउन व्यापक रूपमा जनचेतना जगाउन र जनतालाई सुसूचीत गर्नुपर्छ। नगरपालिकाको समग्र विकासका लागि मुख्य विषयहरूसँगै अन्तरसम्बन्धित विषयहरूलाई पनि सँगसँगै सम्बोधन गर्नुपर्छ ।

असीमित जनआकांक्षाको सम्बोधन परम्परागत तथा पुरानै सोच र तरिकाबाट सम्भव देखिदैन। बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ। अबका दिनमा स्थानीय सरकारहरूले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैरसरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानुन, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालन र योजना व्यवस्थापन योजना देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ४.५.२ सम्भावना र अवसर

संविधान तथा प्रचलित कानुनअनुसार नगरसभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद व्यवस्थापनलगायत अन्य

विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील उन्मुख छन्। साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ।

नगरपालिकाभित्र सुशासन प्रवद्र्धन गर्न विभिन्न उपक्षेत्रहरूमा रहेका सबल पक्षहरूको प्रस्फुटन गर्न आवश्यक पर्ने कानुनी संरचनाहरूको निर्माण गरेर सशुासनका अवसरहरूलाई यथार्थमा परिणत गर्ने अवसरहरू छन्। नगरपालिकाभित्रका भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण तथा विकास गरेर सबै भाषा, साहित्य, कला तथा संस्कृतिको संरक्षण तथा सम्वर्धनले नगरपालिकाभित्रको सामाजिक सदभाव तथा सौहार्दता कायम राख्न सकिन्छ । नगरपालिकाभित्र सबै सेवाग्राहीहरूलाई सुशासनका लागि आवश्यक ज्ञान र चेतनाको अभिवृद्धि गर्ने र सेवा प्रदायकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाएर एक सुसूचीत समाजको निर्माण गरेर लोकतन्त्र तथा सुशासन अभिवृद्धि गर्ने आधारशिला तयार गर्ने अवसर छ।

### ४.५.३ समस्या तथा चुनौती

नेपालको संविधानले संवैधानिक व्यवस्था र कानुनअनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानुन, योजना तथा बजेट बनाउने, स्रोत परिचालन गर्ने र विकास कार्य सञ्चालन र सेवा प्रवाह गर्ने व्यवस्था गरेको छ। नगरपालिकाको योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायत समस्या तथा चुनौती विद्यमान छन्।

नेपालको संविधान व्यवस्थाअनुसार नगरपालिकाले अझै विपद व्यस्थापन तथा अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानुनको समेत पूर्ण कर्यान्वयन गर्न बाँकी नै छ। योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार गर्नुपर्ने पर्याप्त स्थान छन्। योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड परा गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी छ। संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ।

सरोकारवाला र सेवाग्राहीको बढदो अपेक्षाको सम्बोधन गर्न नसकिनु, सरोकारवालाहरूसँगको अपेक्षित समन्वय, सहयोग र स्वामित्व अभाव, योजनाअनुरूपको बजेट प्राप्त हुन नसक्नु, मानव संसाधनको क्षमता अभिवृद्धि जोड नदिइनु, सञ्चार क्षेत्रसँगको कमजोर सम्बन्ध, पीडितमैत्री न्यायिक प्रणालीको संस्थागत व्यवस्था र प्रभावकारी कार्यान्वयन इजलासको संरचनाको अभाव जस्ता पक्षहरू न्यायिक समितिका वर्तमान समस्या तथा चुनौतीहरू हुन। सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन।

### ४.५.४ लक्ष्य र उद्देश्य

यस नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार छः जवाफदेहिता, पारदर्शिता, सदाचार, गुणस्तरीय सेवा प्रवाहमार्फत सुशासनको सुनिश्चितता गरी आत्मसम्मानसहित सबै प्रक्रियामा जनता सक्रिय सहभागिता सुनिश्चितता गर्ने ।

नगरपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरू देहायअनुसार छनः

१. शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली एवम प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,
२. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,
३. व्यवस्थित र सुदृढ न्यायिक समितिसहितको सरलीकृत र स्तरीय न्यायिक सम्पादनमा नागरिक पहुँचमा अभिवृद्धि गर्नु,
४. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

### ४.५.५ रणनीति र कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम र आयोजना सञ्चालनमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका ४.३३: संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि लिइने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली एवम प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु ।** | |

| | | |
|---|---|---|
| १ | शासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण र प्रवोधीकरण गरी नियमपालनामा अभिवृद्धि गरिनेछ। |
| | | १.२ नगर सरकारको जवाफदेहिता अभिवृद्दिसम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ। |
| | | १.३ गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक बडापत्रसहितको सेवा प्रवाह पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ। |
| | | १.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षणसम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्थामार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्यसम्पादन प्रक्रियामा र उपलब्धिमा जवाफदेहिता वृद्धि गरिनेछ। |
| | | १.५ नगरपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्यसम्पादनलाई जनउत्तरदायी बनाउन कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषणमार्फत कार्य प्रणालीलाई पारदर्शी बनाइनेछ । |
| २ | नगरपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने | २.१ नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीसँग मत सर्वेक्षण तथा सरोकारवालासँग अन्तक्र्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ । |
| | | २.२ वडा तथा नगरस्तरबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (standard norms) को विकास गरी कार्यान्वयन गरिनेछ। |
| | | २.३ नगरपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ । |
| | | २.४ प्रविधिको उच्चतम प्रयोग गरी एकद्वार प्रणालीमार्फत सेवाग्राहीहरूलाई सरल र सहज सेवा प्रदन गरिनेछ । |
| **उद्देश्य २ः स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु ।** | | |
| १ | स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने। | १.१ नगर तथा वडा कार्यालयहरूमा एकीकृत सेवा प्रवाहसहितको सुविधासम्पन्न भवन निर्माण गरी कार्यालयको भौतिक क्षमता अभिवृद्धि गरिनेछ। |
| | | १.२ एकीकृत सेवा सञ्चालनका लागि सूचना प्रविधिसमेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरूको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दका रूपमा थप सुदृढ गरिनेछ। |

| | | |
|---|---|---|
| | | १.३ विकास निर्माण, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाइ क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा सञ्चालन गरिनेछ। |
| | | १.४ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकमैत्री र महिलामैत्री रूपमा निर्माण गरिनेछ। |
| २. | नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने। | २.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधार र संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदनअनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । |
| | | २.२ कार्यालयमा एकीकृत सेवा प्रवाहका लागि लेआउटसहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतीक्षालयसहित कार्यकक्षको व्यवस्था गरिनेछ । |
| | | २.३ नगरपालिकामा कार्यरत कर्मचारीहरूमा विषयगत दक्षता, कार्यकुशलता, जवाफदेहिता र उच्च मनोवलको विकास गरिनेछ। |
| | | २.४ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ । |
| **उद्देश्य ३ः व्यवस्थित र सुदृढ न्यायिक समितिसहितको सरलीकृत र स्तरीय न्यायिक सम्पादनमा नागरिक पहुँचमा अभिवृद्धि गर्नु।** | | |
| १. | न्यायमा नागरिक पहुँचको अभिवृद्धिसहित सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने। | १.१ विवादको शीघ्र फछ्र्याट गरी व्यवस्थापन पद्धतिमा सुधार गरी न्यायिक काम कारबाही तथा विवादको निर्णयमा गुणस्तर अभिवद्धि गरिनेछ।<br>१.२ विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगलाई प्रभावकारी बनाउनुका साथै निर्णय कार्यान्वयनका लागि कार्यापालिकालाई प्रभावकारी बनाइनेछ । |
| | | १.३ न्यायिक समितिबाट प्रवाह सेवालाई स्तरीय प्रभावकारी बनाउनेछ। |
| | | १.४ महिला कानुनी परामर्श तथा सहायता कक्ष स्थापना गरी प्रभावकारी बनाइनेछ। |
| | | १.५ वडा तहमै निःशुल्क न्यायिक प्रक्रिया अवलम्बन गरी विवाद समाधान गरिनेछ । |
| २. | न्यायिक समितिको व्यवस्थापन र सदृढीकरणसहित न्यायिक | २.१ मानव संसाधन विकास तथा भौतिक र सेवा पूर्वाधारमा सुधार र न्याय सम्पादनमा सूचना प्रविधिको प्रयोगसहित न्यायिक समितिको सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ। |

| | | |
|---|---|---|
| | सुशासनको प्रवर्द्धन गर्दै न्यायिक समितिप्रतिको विश्वासमा अभिवृद्धि गर्ने। | २.२ न्यायिक प्रशक्रिया सरलीकृत गर्न मेलमिलाप निर्देशिका तथा अन्य कार्यविधि एवं कानुनको तुर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्थापन गरिनेछ। |
| | | २.३ न्यायिक उत्तरदायित्व र जवाफदेहिता अभिवद्धि गरिनेछ। |
| | | २.४ न्यायिक समितिको काम कारबाही सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि अभिवृद्धि गरी न्यायिक समितिका सरोकारवालाहरूसँगको सम्बन्ध र सहयोगलाई सदृढ तुल्याइनेछ। |
| | | २.५ न्यायिक सूचना, सञ्चार र शिक्षा पद्धतिमा सधुार गरिनेछ। |
| **उद्देश्य ४ः आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु।** | | |
| १. | राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित पार्दै आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने । | १.१ आन्तरिक राजस्व व्यवस्थापनसम्बन्धी एकीकृत कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| | | १.२ नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशीलतालाई थप प्रभावकारी बनाइनेछ । |
| | | १.३ राजस्व प्रशासनबारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ । |
| | | १.४ राजस्व सुधार कार्ययोजनालाई नियमित अद्यावधिक गरी कार्यान्वयन गरिनेछ र सोहीबमोजिम राजस्व प्रशासनलाई सुदृढीकरण गरिनेछ । |
| | | १.४ करदाता शिक्षामार्फत आम नागरिकलाई कर तिर्न प्रोत्साहित गर्ने र प्रविधिको प्रयोगमार्फत कर तिर्न सहज बनाइनेछ । |
| २. | स्रोत परिचालनका लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग साझेदारी विकास गर्ने । | २.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालन गरिनेछ । |
| | | २.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित बैठक, छलफल र सञ्चार गरिनेछ । |

## ४.५.६ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग

साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

तालिका ४.३४ः संस्थागत विकास तथा सुशासन विकास क्षेत्रका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना

| क्र.स | रणनीतिक कार्यक्रम तथा आयोजना | प्रस्तावित खर्च अनुमान (रु हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| **उद्देश्य १ संग सम्बन्धित** | | | | | | |
| १.१ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण तथा प्रकाशन | १,६५४.२० | १,८१९.६२ | २,००१.५८ | २,२०१.७४ | २,४२१.३४ |
| १.२ | सुशासन तथा स्थानीय सरकार जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| १.३ | नागरिक सन्तुष्टि सर्वेक्षण तथा नागरिक बहस कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| १.४ | स्थानीय नीति, योजना, सेवा प्रवाह र कार्यक्रमसम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | १,६५४.२० | १,८१९.६२ | २,००१.५८ | २,२०१.७४ | २,४२१.३४ |
| १.५ | नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| १.६ | भष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि, प्रचार प्रसार तथा समन्वय कार्यक्रम | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| **उद्देश्य २ संग सम्बन्धित** | | | | | | |
| २.१ | कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | ४,९६२.६० | ५,४५८.८६ | ६,००४.७५ | ६,६०५.२२ | ७,२६५.७४ |
| २.२ | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिवृद्धि कार्यक्रम | | | | | |
| २.३ | अन्तर स्थानीय तह समन्वय अनुभव आदानप्रदान कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| २.४ | सेवाग्राही प्रतीक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरूसमेत) | ४,९६२.६० | ५,४५८.८६ | ६,००४.७५ | ६,६०५.२२ | ७,२६५.७४ |
| २.५ | टोल विकास संस्था गठन तथा थप प्रभावकारी परिचालन कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| २.६ | गैसस समन्वय, साझेदारी प्रवद्र्धन तथा सामाजिक परिचालन कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| **उद्देश्य ३ संग सम्बन्धित** | | | | | | |
| ३.१ | कानुनी साक्षरता, विवाद मध्यस्थता र मेलमिलाप कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| ३.२ | न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| ३.३ | न्यायिक समिति इजलास व्यवस्थापन तथा सबलीकरण | १,६५४.२० | १,८१९.६२ | २,००१.५८ | २,२०१.७४ | २,४२१.३४ |
| ३.४ | न्यायिक समिति भौतिक सुविधा सुदृढीकरण | १,६५४.२० | १,८१९.६२ | २,००१.५८ | २,२०१.७४ | २,४२१.३४ |
| ३.५ | न्यायिक समितिसम्बन्धी नेतत्व विकास तथा क्षमता विकास कार्यक्रम | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| **उद्देश्य ४ संग सम्बन्धित** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१ | राजस्वको शीर्षकगत संभाव्यता विश्लेषण र प्रक्षेपण (राजस्व सुधार कार्ययोजना अद्यावधिक) | २,३१५.७२ | २,५४७.३० | २,८०२.०३ | ३,०८२.२३ | ३,३९०.४५ |
| ४.२ | राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| ४.३ | करदाता शिक्षा कार्यक्रम | ६६१.६८ | ७२७.८५ | ८००.६३ | ८८०.७० | ९६८.७७ |
| ४.४ | करदाता प्रोत्साहन कार्यक्रम | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| ४.५ | राजस्व परिचालन र अनुगमन कार्यक्रम | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| ४.६ | आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण कार्यक्रम | ९९२.५२ | १,०९१.७७ | १,२००.९५ | १,३२१.०४ | १,४५३.१५ |
| ४.७ | सम्पत्ति अभिलेखीकरण तथा अद्यावधिक कार्यक्रम | १,३२३.३६ | १,४५५.७० | १,६०१.२७ | १,७६१.४० | १,९३७.५४ |

### ४.५.७ अपेक्षित उपलब्धि

१. संविधानको एकल तथा साझा अधिकार सूचीका विषयमा स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड, प्रबोधीकरण, कार्यान्वयनको अवस्था अध्ययन तथा विश्लेषण गरी आवश्यकताअनुसार परिमार्जन भएको हुनेछ।

२. अधिकार क्षेत्रका स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड तर्जुमा, प्रकाशन, प्रसारण तथा सचेतना कार्यक्रममार्फत प्रबोधीकरण गरी नगरबासीलाई जानकारी भएको हुनेछ।

३. संगठन व्यवस्थापन सर्वेक्षणअनुसार कार्यालयको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र त्यसअनुसार कर्मचारीको पदपूर्ति, संगठन सुदृढीकरण र क्षमता विकासका कार्यहरू सञ्चालन हुनेछन।

४. योजना तथा बजेट तर्जुमा, खरिद व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, विषय क्षेत्रगत नीति, कानुन र सेवा प्रवाह सम्बन्धमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका व्यक्तिहरूको क्षमता विकास भएको हुनेछ।

५. विषय क्षेत्रगत एकीकृत सेवासमेत कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्द्र भवन निर्माण र भौतिक व्यवस्था, औजार उपकरण र सूचना प्रविधि उपलब्ध भएको हुनेछ।

६. संविधान तथा प्रचलित कानुनबमोजिम नगरबासी, उद्यमी व्यवसायी, निजी क्षेत्र तथा सरोकारवालासँग रायपरामर्श गरी कर, गैरकर राजस्व परिचालन, राजस्व बाँडफाँट, अनुदान, जनसहभागिता र आन्तरिक ऋणमार्फत नगरपालिकाको तुलनात्मक लाभ तथा प्राथमिकताको क्षेत्रमा लगानी वृद्धि हुनेछ।

७. स्थानीय आवश्यकता, माग र प्राथमिकता एवम चालु आयोजना सञ्चालनको अवस्था अध्ययनका आधारमा नगरपालिकामा मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंक स्थापना भई आयोजना कार्यान्वयन उपलब्धिमूलक, लागत प्रभावकारी, गुणस्तरीय र निर्धारित समयभित्र सम्पन हुनेछन।

# परिच्छेद पाँचः

# कार्यान्वयन व्यवस्था

## ५.१ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

नगरपालिकाको संगठन संरचना नगर सभाले अधिकार प्रत्यायोजन गरेबमोजिम नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी सोहीअनुसार नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाह हुने गरेको छ। हाल स्वीकृत भई कार्यान्वयनमा रहको संगठन संरचनाअनुसार यस नगरपालिकामा जम्मा २३ ओटा शाखा/इकाई, १ सूचना केन्द्र तथा १० ओटा वडा कार्यालय छन । यस संगठन संरचनामा नीति, योजना निर्माण तथा कार्यसम्पादनमा सहयोगी जिम्मेवारी रहने गरी नगरसभा तथा कार्यपालिकाद्वारा गठित समितिहरू छन। नगरपालिकामा स्थायी ३२, करार ८० र स्वास्थ्यतर्फका ५३ कर्मचारी गरि कुल १६५ कर्मचारीहरु कार्यरत छन्।

नगरपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य, उद्देश्य एवम विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न, प्रस्तावित रणनीति, कार्यनीति र कार्यक्रम सञ्चालन गर्न उल्लेखित प्रस्तावअनुसार मानव संसाधन हुनुपर्ने देखिन्छ। तसर्थ यस सन्दर्भमा नगरपालिकाले आवश्यक कर्मचारी व्यवस्था पदपूर्ति तथा मिलान गर्नुपर्छ।

## ५.२ विषयक्षेत्रअनुसार अनुमानित बजेट

आवधिक विकास योजनाको नतिजा प्राप्त गर्न प्रस्तावित आयोजना तथा कार्यक्रमलगायत अत्यावश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ। यसअनुसार आवधिक विकास योजना अवधिका लागि कुल ........हजार रुपैया स्रोत आवश्यक पर्ने अनुमान छ। योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ५.१: विषय क्षेत्रगत स्रोत अनुमान*

| सि.न. | विषय क्षेत्र/उपक्षेत्र | रकम (रु हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ११४४४९३.० | १७ |
| १.१ | कृषि तथा खाद्य सुरक्षा | ६३९५६९.६ | ९.५ |
| १.२ | पर्यटन विकास | १३४६४६.२ | २.० |
| १.३ | उद्योग, व्यवसाय तथा व्यापार | २६९२९२.५ | ४.० |

| | | | |
|---|---|---|---|
| १.४ | बैंक, वित्त तथा सहकारी | १००९८४.७ | १.५ |
| २ | सामाजिक विकास | ८७५२००.६ | १३ |
| २.१ | शिक्षा, विज्ञान तथा प्रविधि | ३०२९५४.० | ४.५ |
| २.२ | स्वास्थ्य तथा पोषण | २०१९६९.४ | ३.० |
| २.३ | युवा तथा खेलकुद | २३५६३०.९ | ३.५ |
| २.४ | कला, भाषा तथा संस्कृति | १३४६४६.२ | २.० |
| ३ | पूर्वाधार विकास | ४३७६००२.८ | ६५ |
| ३.१ | सडक, पुल तथा यातायात | ३३६६१५६.० | ५० |
| ३.२ | सिँचाइ | ६७३२३१.२ | १० |
| ३.३ | बिद्युत र सञ्चार | ३३६६१५.६ | ५ |
| ४ | वातावरण र विपद व्यवस्थापन | १३४६४६.२ | २ |
| ४.१ | विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन | ३३६६१.६ | ०.५ |
| ४.२ | फोहोरमैला व्यवस्थापन | १००९८४.६ | १.५ |
| ५ | सुशासन तथा संस्थागत विकास | २०१९६९.४ | ३ |
| ५.१ | नीति, कानुन तथा सेवा प्रवाह | १००९८४.७ | १.५ |
| ५.२ | संगठन तथा क्षमता विकास | ६७३२३.१ | १.० |
| ५.३ | न्याय सम्पादन | २०१९६.९ | ०.३ |
| ५.४ | स्रोत परिचालन | १३४६४.६ | ०.२ |
| | कुल जम्मा | ६७३२३१२.० | १०० |

## ५.३ स्रोत अनुमान तथा प्रक्षेपण

प्रथम आवधिक विकास योजना नगरपालिकाको नेतृत्व तथा नगर विकासका सरोकारवालाहरूको सार्थक सहयोग र प्रयत्नबाट कार्यान्वयन हुनेछ। योजनाको अपेक्षित नतिजा हासिल गर्न तर्जुमा गरिएको कार्यान्वयन/लगानी योजनामा नगरपालिकाले आन्तरिक र बाह्य स्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरूको प्रक्षेपण गरिएको छ। यस योजनाको अवधिमा आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा कुल ५ अर्ब ५१ करोड ८२ लाख ८९ हजार स्रोत उपलब्ध हुन सक्ने अनुमान छ। स्रोतअनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ५.२: प्रक्षेपण गरिएको आवधिक÷वार्षिक बजेट (रु. हजारमा)*

| क्र.स. | शीर्षक | आ.व. २०७९/८० को यथार्थ आय | प्रक्षेपण ('000) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
| | निशर्त आय | ५२८७३६८०१.१२ | ५,२८,७३७ | ५,८१,६१० | ६,३९,७७२ | ७,०३,७४९ | ७,७४,१२४ |
| १ | आन्तरिक स्रोत | २१३०१८६०१.६२ | २,१३,०१९ | २,३४,३२० | २,५७,७५३ | २,८३,५२८ | ३,११,८८१ |
| २ | गत वर्षको अल्या | ०.०० | ० | ० | ० | ० | ० |
| ३ | आन्तरिक राजस्व | ५८००१३१.४७ | ५,८०० | ६,३८० | ७,०१८ | ७,७२० | ८,४९२ |
| ४ | राजस्व बाँडफाँडबाट प्राप्त रकम | ९५३६७६०४.१२ | ९५,३६८ | १,०४,९०४ | १,१५,३९५ | १,२६,९३४ | १,३९,६२८ |
| ५ | संघीय सरकार वित्तीय समानीकरण अनुदान | १५१२००५००.०० | १,५१,२०१ | १,६६,३२१ | १,८२,९५३ | २,०१,२४८ | २,२१,३७३ |
| ६ | सवारी साधन कर बाँडफाँडबाट | २०३२८९१.३० | २,०३३ | २,२३६ | २,४६० | २,७०६ | २,९७६ |
| ७ | प्रदेश सरकार वित्तीय समानिकरण अनुदान | ११८७४५००.०० | ११,८७५ | १३,०६२ | १४,३६८ | १५,८०५ | १७,३८५ |
| ८ | प्रदेश सरकार विशेष अनुदान | २२०००००.०० | २,२०० | २,४२० | २,६६२ | २,९२८ | ३,२२१ |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | २२००००००.०० | २२,००० | २४,२०० | २६,६२० | २९,२८२ | ३२,२१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | सडक बोर्ड | ५०८४२७०४.०० | ५०,८४३ | ५५,९२७ | ६१,५२० | ६७,६७२ | ७४,४३९ |
| ११ | सशर्त अनुदान | ३७५१४५१००.०० | ३,७५,१४५ | ४,१२,६६० | ४,५३,९२६ | ४,९९,३१८ | ५,४९,२५० |
| १२ | सघीय सरकारको शशर्त अनुदान, बिशेष अनुदान, समपुरक अनुदान समेत | ३५८६४५१००.०० | ३,५८,६४५ | ३,९४,५१० | ४,३३,९६१ | ४,७७,३५७ | ५,२५,०९२ |
| १३ | सामाजिक सुरक्षा | ०.०० | ० | ० | ० | ० | ० |
| १४ | प्रदेश सरकारको सशर्त अनुदान | १६५०००००.०० | १६,५०० | १८,१५० | १९,९६५ | २१,९६२ | २४,१५८ |
| | कूल आय | ९०३८८१९०१.१२ | ९,०३,८८२ | ९,९४,२७० | १०,९३,६९७ | १२,०३,०६७ | १३,२३,३७३ |

## ५.४ स्रोत परिचालन रणनीति

यस आवधिक योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रम सञ्चालन गरी अपेक्षित नतिजा हासिल गर्न योजना अवधिको ५ वर्षमा विभिन्न स्रोतहरूबाट कुल ५ अर्ब ५१ करोड ८२ लाख ८९ हजार स्रोत उपलब्ध हुने प्रक्षेपण गरिएको छ। यस योजना प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न ६ अर्ब ७३ करोड २३ लाख १२ हजार रुपैया स्रोत आवश्यक हुने अनुमान गरिएको छ। योजनाको प्रस्तावित लक्ष्य तथा उद्देश्य हासिल गर्न १ अर्ब २१ करोड ४० लाख २३ हजार स्रोत अपुग हुने देखिन्छ। यससम्बन्धी विवरण देहायअनुसार तालिमामा प्रस्तुत गरिएको छ।

*तालिका ५.३: अनुमानित बजेट तथा उपलब्ध बजेट प्रक्षेपण*

| आवधिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा उपलब्ध बजेट अनुमान | रकम (रु हजारमा) | प्रतिशत |
|---|---|---|
| आवश्यक स्रोत अनुमान (५ आवका लागि) | ६७३२३१२ | १०० |
| उपलब्ध हुन सक्ने स्रोतको प्रक्षेपण (५ आवमा) | ५५१८२८९ | ७८ |
| अपुग स्रोत | १२१४०२३ | २२ |

आवधिक योजना कार्यान्वयनका लागि आवश्यक तथा अपुग स्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ ।

- आन्तरिक स्रोत प्रभावकारी परिचालनमा थप जोड दिने (सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर, विज्ञापन कर, फोहोरमैला व्यवस्थापन शुल्क, पर्यटन शुल्क, पार्किङ शुल्क, स्वामित्वमा भएका सम्पत्तिहरूको परिचालन जस्ता महत्वपूर्ण तथा सम्भाव्य स्रोतहरूको दायर बढाई संकलन प्रणालीलाई प्रभावकारी बनाउने)
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने बृहत आयोजना सञ्चालनका लागि नेपाल सरकार र विकास साझेदारसँग अनुरोध तथा पैरवी गर्ने।
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक तथा विशेष अनुदानको वृद्धिका लागि आवश्यक पहल गर्ने ।
- गैसस तथा विकास साझेदारसँग थप साझेदारी र सहकार्य गर्ने ।
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा वृद्धि गर्ने ।
- नीति क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक तथा आयमूलक आयोजनाका लागि आन्तरिक ऋण परिचालन गर्ने ।
- अन्तर स्थानीय सरकार संयुक्त लगानीका आयोजना छनोट गरी स्रोत परिचालन गर्ने ।
- समुदाय तथा निजी क्षेत्रसँग लागत साझेदारी (६० : ४०) मा कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने ।

## ५.५ आवधिक योजना कार्यान्वयन

आवधिक योजनाको कार्यान्वयन वार्षिक बजेट तथा कार्यक्रममार्फत गरिनेछ । यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, उद्देश्य रणनीति तथा

प्राथमिकता, विषयगत रणनीति तथा कार्यनीति एवम कार्यक्रमलाई आधार लिइनेछ। आवधिक विकास योजनामा आधारित भई तीन वर्षको खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गरिनेछ। मध्यकालीन खर्च संरचनाबमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक बजेट तयार गरी योजनाको कार्यान्वयन गरिनेछ।

# परिच्छेद छः

# आवधिक योजना अनुगमन तथा मूल्यांकन

योजनाबद्ध विकास प्रणालीको थालनीसँगै विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूको अनुगमन तथा मूल्यांकन पद्धतिको विकास भएको हो। योजनाको प्रभावकारी र सार्थक कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका हुन्छ। योजना/कार्यक्रम/नीति के कसरी कार्यान्वयन हुँदै छ भनी मापन गर्न तथ्य र सूचनाहरूको नियमित संकलन तथा विश्लेषण एवम वास्तविक र आशातीत परिमाणबीचको तुलना गर्ने प्रक्रिया नै अनुगमन हो। अर्को शब्दमा भन्नुपर्दा योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य अनुगमन हो। साथै योजना, नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनबाट हासिल भएको उपलब्धिलाई अपेक्षित नतिजासँग तुलना गरी तिनको सान्दर्भिकता, दक्षता, प्रभावकारिता, प्रभाव र दिगोपनाको लेखाजोखा गर्ने कार्य नतिजामूलक मूल्यांकन हो।

## ६.१ अनुगमन तथा मूल्यांकनको आवश्यकता

नीति तथा योजनाअनुसार कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधन र स्रोतको परिचालन समुचित ढंगले भएको छ वा छैन, कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भए नभएको भनी नियमित र आवधिक रूपमा जानकारी लिनु जरुरी हुन्छ। अनुगमन तथा मूल्यांकनबाट योजना तथा कार्यक्रम कार्यक्रमको वास्तविक सूचना प्राप्त हुन्छ। आवधिक विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन, अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी योजनाले उल्लिखित गरेका प्रभाव, असर, लक्ष्य, प्रतिफल तथा नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्ने हुन्छ। योजना कार्यन्वयनको दौरानमा आइपर्ने समस्याहरूको समाधान तथा गरिएका लगानी तथा स्रोतसाधनको प्रभाव आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्न अनुगमन तथा मूल्यांकनको आवश्यकता पर्छ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी नगर कार्यपालिकाको हुनेछ। तथापि यस कार्यमा सुपरिवेक्षण तथा

अनुगमन समितिलाई परिचालन गर्नुपर्ने हुन्छ । आवधिक नगर विकास योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा देहायअनुसार छ।

*तालिका ६.१: आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्यांकन ढाँचा*

| नतिजा शृंखला | नतिजा मापन गर्ने सूचकहरू | | | उपलब्धि वर्षमा | | | | | अनुगमनका साधन तथा मापन विधि | अनुगमनको समय | अनुगमनको जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक | आधाररेखा | लक्ष्य | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| प्रभाव | | | | | | | | | | | |
| असर | | | | | | | | | | | |
| प्रतिफल | | | | | | | | | | | |
| कार्यक्रम र आयोजना | | | | | | | | | | | |

## ६.२ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी

आवधिक नगर विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि उल्लिखित प्रभाव, असर, प्रतिफल तथा नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन रहनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने सम्पूर्ण जिम्मेवारी नगर कार्यपालिको हुनेछ । यस कार्यमा अनुगमन समिति तथा सुपरीवेक्षण समितिलाई परिचालन गरिनेछ । आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकनको जिम्मेवारी देहायअनुसार रहनेछ ।

- नगर कार्यपालिका
- सुपरिवेक्षण तथा अनुगमन समिति र विषयगत समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा, उपशाखा, इकाई, परियोजना, संघ/संस्था
- नागरिक समाज संस्था तथा तेस्रो पक्ष

## ६.३ अनुगमन तथा मूल्यांकन प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्यांकनका साधन तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचाअनुसार वार्षिक समीक्षा
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्यांकन)

येसैगरि, आवधिक तथा वार्षिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकनको प्रक्रिया देहायअनुसार रहनेछ ।

*तालिका ६.२: आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया*

| के गर्ने ? | कसले गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? | पुस्टयाइका आधारहरू |
|---|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन तथा मूल्यांकन | • सुपरिवेक्षण तथा अनुगमन समिति<br>• वडा समिति विषयगत शाखा तथा इकाई<br>• सरकारी तथा गैसस परियोजना | • पटके<br>• मासिक<br>• चौमासिक<br>• वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने | • मासिक प्रगति प्रतिवेदन<br>• चौमासिक प्रगति प्रतिवेदन<br>• गुणस्तर अनुगमन प्रतिवेदन<br>• तस्बिरहरू<br>• बैठक माइन्युट |
| प्रतिफल अनुगमन तथा मूल्यांकन | • नगर कार्यपालिका<br>• सुपरिवेक्षण तथा अनुगमन समिति | • चौमासिक<br>• अर्धवार्षिक<br>• वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने | • चौमासिक प्रगति प्रतिवेदन<br>• वार्षिक समीक्षा प्रतिवेदन<br>• वस्तुस्थिति विवरण<br>• तस्बिरहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | • सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | |
| असर तह अनुगमन तथा मूल्यांकन | • नगर कार्यपालिका<br>• सुपरिवेक्षण तथा अनुगमन समिति<br>• तेस्रो पक्ष | • वार्षिक<br>• मध्यावधि<br>• अन्तिम वर्ष | • सहभागितामूलक छलफल तथा गोष्ठी गर्ने<br>• नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>• नमुना सर्वेक्षण गर्ने<br>• कार्यपालिका बैठकमा समीक्षा गर्ने<br>• आयोजना कार्यक्रमको कार्यसम्पादन प्रतिवेदन तथा विश्लेषण गर्ने<br>• आयोजना तथा कार्यसम्पादन स्थिति र खर्च विविरण अध्ययन गर्ने | • मध्यावधि समीक्षा प्रतिवेदन<br>• असर अनुगमन प्रतिवेदन<br>• वार्षिक समीक्षा प्रतिवेदन<br>• अध्ययन र सर्वेक्षण प्रतिवेदन<br>• वस्तुस्थिति विवरण |
| प्रभाव तह अनुगमन तथा मूल्यांकन | • नगर कार्यपालिका<br>• सुपरिवेक्षण तथा अनुगमन समिति<br>• तेस्रो पक्ष<br>• सरोकारवाला | • योजना अवधि समाप्तिको २ वर्षपछि<br>• मध्यावधि अन्तिम वर्ष | • नतिजामूलक अनुगमन खाकाअनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण गर्ने<br>• कार्यपालिका तथा सभाको बैठकमा समीक्षा गर्ने | • प्रभाव मूल्यांकन प्रतिवेदन<br>• प्रभाव अनुगमन प्रतिवेदन<br>• अध्ययन र सर्वेक्षण प्रतिवेदन<br>• मध्यावधि समीक्षा<br>• वस्तुस्थिति विवरण<br>• आयोजना र कार्यक्रम प्रभाव मूल्यांकन प्रतिवेदन |

# एनेक्स एक :

## आवधिक योजना अवधिमा नगरपालिकाभित्र निर्माण/विस्तार/स्तरउन्नति गरिने सडकहरु

| क्र. सं | सडकखण्ड | एकाई |
|---|---|---|
| १ | गौरा चौकदेखि सारसर चौक हुँदै मधुवनसम्म | ५ कि.मि. |
| २ | मानराजादेखि काचन हुँदै वैरयाहीसम्म | ७ कि.मि. |
| ३ | कुशमहार चौक फुलकाही हुँदै वैरयाहीसम्म | ४ कि.मि. |
| ४ | बर्साईन टोलदेखि सिल्हटसम्म | १ कि.मि. |
| ५ | बर्साईन टोलदेखि विजुली अफिस हुँदै मलहनीयाँसम्म | १ कि.मि. |
| ६ | सारसर मुसलिम टोलदेखि धनगढिसम्म | १.२ कि.मि. |